# लेखापरीक्षण प्रतिवेदन
# सुर्खेत
## २०७२।७३




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. लोकसेवा आयोग क्षेत्रीय कार्यालय | ३ |
| | ३.२. पुनरावेदन सरकारी वकिल कार्यालय | ३ |
| | ३.३. उच्च मूल्य कृषि वस्तु विकास आयोजना | ३ |
| | ३.४. कर्णाली राजमार्ग | ५ |
| | ३.५. कारागार कार्यालय | ७ |
| | ३.६. कोष तथा लेखा नियन्त्रक कार्यालय | ८ |
| | ३.७. घरेलु तथा साना उद्योग विकास समिति | ८ |
| | ३.८. जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | ८ |
| | ३.९. जिल्ला कृषि विकास कार्यालय | १० |
| | ३.१०. जिल्ला पशु सेवा कार्यालय | ११ |
| | ३.११. जिल्ला प्रशासन कार्यालय | १३ |
| | ३.१२. जिल्ला प्रहरी कार्यालय | १४ |
| | ३.१३. जिल्ला प्राविधिक कार्यालय | १५ |
| | ३.१४. जिल्ला वन कार्यालय | १५ |
| | ३.१५. जिल्ला विकास समिति | १७ |
| | ३.१६. जिल्ला भू संरक्षण कार्यालय | २२ |
| | ३.१७. जिल्ला शिक्षा कार्यालय | २२ |
| | ३.१८. जिल्ला स्वास्थ्य कार्यालय | २४ |
| | ३.१९. डिभिजन सडक कार्यालय | २७ |
| | ३.२०. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ३९ |
| | ३.२१. म.प. विश्वविद्यालय, केन्द्रीय कार्यालय | ४१ |
| | ३.२२. म.प. विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय | ४२ |
| | ३.२३. म.प. विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय | ४२ |
| | ३.२४. म.प.विश्वविधालय मानविकी तथा सामाजिक शास्त्र संकाय | ४२ |
| | ३.२५. म.प. अस्पताल विकास समिति | ४३ |
| | ३.२६. म.प. क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र | ४३ |
| | ३.२७. म.प. क्षेत्रीय स्वास्थ्य निर्देशनालय | ४४ |
| | ३.२८. म. प. क्षेत्रीय प्रहरी कार्यालय | ४४ |
| | ३.२९. म. प. क्षेत्रीय सशस्त्र प्रहरी गण, मुख्यालय | ४४ |
| | ३.३०. म. प. क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, महेश्वरी बाहिनी | ४५ |
| | ३.३१. मालपोत कार्यालय, वीरेन्द्रनगर | ४५ |

| | | |
|---|---|---|
| ३.३२. | मालपोत कार्यालय, मेहलकुना | ४५ |
| ३.३३. | यातायात व्यवस्था सेवा कार्यालय | ४५ |
| ३.३४. | यान्त्रिक कार्यालय | ४६ |
| ३.३५. | व्यावसायिक कृषि तथा व्यापार आयोजना | ४६ |
| ३.३६. | शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय | ४७ |
| ३.३७. | शैक्षिक तालिम केन्द्र | ५० |
| ३.३८. | सशस्त्र प्रहरी बल, रक्तकाली गण | ५१ |
| ३.३९. | सिंचाइ विकास डिभिजन | ५१ |
| ३.४०. | उपत्यका नगर विकास समिति | ५३ |
| ३.४१. | स्थानीय विकास कोषको सचिवालय | ५४ |
| ३.४२. | क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय | ५४ |
| ४. | आन्तरिक लेखापरीक्षण | ५९ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ६१ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ६४ |
| अनुसूची ३ : | जिम्मेवार पदाधिकारीको नामावली | ६६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य :** सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- o विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- o स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- o राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- o सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- o नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- o आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- o स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरीने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ५४ कार्यलयको विस्तृत र ४३ कार्यलयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण:** यस जिल्ला स्थित ९७ सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.९ अर्ब ६१ करोड ९० लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यलय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरीएको छ ।

यस वर्ष ५७ कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा ६०३ र रु १ अर्ब ७ करोड ८८ लाख २१ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अवधिसम्म ४६ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका २६० दफा र रु १ करोड २९ लाख २९ हजार मिलान गरी ५७ कार्यालयको दफा ३४३ र रु.१ अर्ब ६ करोड ५८ लाख ९२ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकियावाट फछ्र्यौट एवं समायोजन गरी वाँकी दफा कायम गरिएको छ । लेखापरीक्षणको कममा रु ६ लाख ९१ हजार र प्रतिकियावाट रु ८ लाख ४० हजार समेत रु १५ लाख ३१ हजार असुल भएको छ ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु १ करोड ३ लाख २९ हजार, अनियमित रु २६ करोड ५० लाख ३१ हजार र पेश्की रु.७९ करोड ५ लाख ३२ हजार रहेको छ । यस सम्बन्धी विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव:** तोकिएको प्रक्रिया अपनाई समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारवाही सहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारवाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## लोकसेवा आयोग, क्षेत्रीय निर्देशनालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। खरिद योजना बनाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्य बमोजिम कार्यक्रम संचालन तथा खर्च नभएको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै लिलाम बिक्री तथा मर्मत सम्भार नगरेको, कतिपय सामानको मूल्य खुलाई नराखेको जस्ता व्यहोरा देखिएका छन्। ऐन, नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट, स्टाफ खर्च २.५ प्रतिशत र अन्य सानातिना खर्चको लागि २.५ प्रतिशत छुट्याउन सकिने व्यवस्था छ। कार्यायलबाट पूँजीगत खर्च रु.१ लाख ३१ हजारमा र अन्य सानातिना खर्चमा रु.१ लाख १७ हजार ८२१ रु.२ लाख ४८ हजार ८५२ खर्च गरेको देखियो। कन्टिन्जेन्सी खर्च गर्दा नियमावलीको पालना गर्नुपर्दछ।

३. **सोलार जडान खर्च** : कन्टिजेन्सी रकमबाट सोलार जडान वापत रु.१ लाख ३१ हजार एक आपूर्तकको बिल भुक्तानी गरेकोमा उक्त सामान शहरी विकास तथा भवन डिभिजन कार्यालय, लाई हस्तान्तरण गरेको जानकारी प्राप्त भएको छ। एक कार्यालयको लागि विनियोजन भएको रकमबाट अर्को कार्यालयको नाममा उपकरण जडान गर्नु नियमसम्मत नदेखिएकोले सम्बन्धित निकायको आवश्यकता अनुसार मात्र खरिद गर्नुपर्दछ।

## पुनरावेदन सरकारी वकिल कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। खरिद योजना बनाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्य बमोजिम कार्यक्रम संचालन तथा खर्च नभएको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै लिलाम बिक्री तथा मर्मत सम्भार नगरेको जस्ता व्यहोरा देखिएका छन्। ऐन, नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **कन्टिन्जेन्सी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट, स्टाफ खर्च २.५ प्रतिशत र अन्य सानातिना खर्चको लागि २.५ प्रतिशत छुट्याउन सकिने व्यवस्था छ। कार्यायलबाट पूँजीगत खर्च रु १ लाख ५० हजार, खर्च रु.७ लाख ६६ हजार र गत वर्षको रु ५ लाख ५८ हजार समेत गरी रु १३ लाख २४ हजार खर्च गरेको देखियो। कन्टिन्जेन्सी खर्च गर्दा नियमावलीको पालना गरेर तोकिए बमोजिम खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

३. **सोलार जडान खर्च** : कन्टिजेन्सी रकमबाट सोलार ब्याट्रि खर्च रु १ लाख ५० हजार एक प्रा.लि. लाई भुक्तानी गरी उक्त सामान शहरी विकास तथा भवन डिभिजन कार्यालय, लाई हस्तान्तरण गरेको जानकारी पाइयो। यसरी एक कार्यालयको लागि विनियोजन भएको रकमबाट अर्को कार्यालयको नाममा उपकरण जडान गर्नु नियमित नदेखिएकोले सम्वन्धित निकायको आवश्यकता अनुसार खरिद गर्ने व्यवस्था गर्नु पर्दछ।

## उच्च मूल्य कृषि वस्तु विकास आयोजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामान मध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद

गरीएको परिमाणको तुलनात्मक विवरणका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको र आयोजनाले कर्मचारीहरुलाई पेश्की प्रदान गर्ने गरेकोमा पहिलेको पेश्की फछ्यौंट नहुँदै पुनः उही व्यक्तिलाई पेश्की दिने गरेको, तलबी प्रतिवेदन पारित नगरी रु ३० लाख ६२ हजार तलब खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अन्य निकायको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा तोकिएको काममा मात्र खर्च गर्न पाइने व्यवस्था छ । आयोजनाले कृषि विकास मन्त्रालयको आवसीय गोष्ठी, क्षेत्रीय कृषि निर्देशनालय र क्षेत्रीय पशु निर्देशनालयमा भवन मर्मत गर्ने जस्ता कार्यमा रु.६ लाख १० हजार खर्च व्यहोरेको पाइयो । ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थानका लागि विनियोजित रकमबाट यसरी अन्य निकाय तथा असम्बन्धित कार्यमा खर्च लेखेको मनासिब देखिएन ।

३. **प्रतिस्पर्धा** : सार्वजनिक सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु.५ लाख र रु.३ लाखसम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सोभ्कै खरीद गर्न सकिने उल्लेख छ । आयोजनाले यो वर्ष पूँजीगत कार्यक्रमबाट फर्निचर लगायतका केही मालसामान प्रतिस्पर्धा नगराई मौजुदा सूचीमा रहेका आपूर्तिकर्ताबाट सोभ्कै खरिद विधिबाट खरिद गरी रु.६ लाख ६० हजार खर्च गरेको देखियो । अतः नियमावलीको व्यवस्था अनुसार मितव्ययी तथा प्रतिस्पर्धी खरिद विधि छनौट गरी खरिद कारवाही गर्नुपर्दछ ।

४ **विनियोजन तथा खर्च** : आयोजनाको लागि यो वर्ष चालु तर्फ रु ३७ करोड २६ लाख ८५ हजार बजेट व्यवस्था भएकोमा रु.३० करोड ९ लाख ३९ हजार खर्च भई रु.७ करोड १७ लाख ४६ हजार खर्च नगरी निष्क्रिय राखेको पाइयो । वैदेशिक ऋण र अनुदान सहयोगमा संचालित आयोजनाले उद्देश्य अनुसार कार्य नगरी बजेट निष्क्रिय बनाएको उपयुक्त देखिएन । अतः लक्ष्य अनुसार कार्य संचालन गरी बजेटको सदुपयोग गरीनु पर्दछ ।

५ **लेखापरीक्षण** : आयोजनाले नेदरल्याण्ड विकास नियोगको स्रोत तर्फको खर्च विवरणका आधारमा रु.४ करोड ३५ लाख १६ हजार सोभ्कै भुक्तानी रकम आर्थिक विवरणमा समावेश गरे तापनि सोको स्रेस्ता लेखापरीक्षणमा पेश हुन आएन । नेपाल सरकार, कृषि विकास मन्त्रालय र नेदरल्याण्ड विकास नियोग बीच भएको सम्झौता अनुसार उक्त रकमको लेखापरीक्षण नेदरल्याण्ड विकास नियोगबाट तोकिएको लेखापरीक्षकले गर्ने भएकाले स्रेस्ता पेश हुन नसकेको कार्यालयको भनाइ छ ।

६. **आयोजनाको खर्च स्थिति** : आयोजनाबाट हालसम्म रु.९० करोड २७ लाख ८२ हजार खर्च भएकोमा कृषि व्यवसाय संचालनमा रु.२९ करोड २७ लाख ८७ हजार (३२.४४) मात्र खर्च भएको छ । बाँकी रु.६० करोड ९९ लाख ९६ हजार र परामर्श सेवा सामाजिक परिचालन र आयोजना संचालन मा खर्च भएको देखिन्छ । इफाडसँग भएको वित्तीय सम्झौता अनुसार कुल आयोजना लागतको ४३ प्रतिशत कृषि व्यवसाय उप आयोजना (अनुदान) मा खर्च हुने उल्लेख छ। आयोजना अवधि ६ वर्ष रहेकोमा ५ बर्ष अवधि व्यतित हुँदा समेत ३२.४४ प्रतिशतमात्र खर्च भएकोले वैदेशिक अनुदान र ऋण सहयोगबाट संचालित यस आयोजनाबाट उदेश्य अनुसार उत्पादकत्वमा वृद्धि गरी आयस्तरमा अपेक्षाकृत प्रगति हासिल भएको छैन। आयोजनाको बाँकी १ वर्षको अवधिमा लक्ष्य अनुरुप उत्पादकत्व वृद्धि गराउने तर्फ पहल हुनु पर्दछ ।

७. **परामर्शदाता खर्च** : आयोजनाबाट सम्पादन गरिने क्रियाकलापमा परामर्शदातालाई सहायता सम्झौता अनुसार सम्झौता गरी आयोजना लागू भएका ७ जिल्लाको पारिश्रमिक र प्रशासनिक खर्चमा गत बर्ष रु.१५ करोड ८५ लाख ९९ हजार र यो बर्ष रु.७ करोड ७३ लाख ३२ हजार समेत हालसम्म रु.२३ करोड ५९ लाख ३१ हजार भुक्तानी भएको पाइयो । परामर्शदाता तथा गैर सरकारी संस्थाले भुक्तानी माग गर्दा शीर्षकगत खर्च रकममा खर्चका बिल भरपाईका प्रतिलिपी र

पारिश्रमिकको हकमा कर्मचारीहरुको हाजिरी अभिलेख समेत प्रमाणित गरी माग गर्नुपर्नेमा सो अनुसारका प्रमाण र कर्मचारीहरुको नाम नामेसी बेगर संख्या र खर्च मात्र देखाइ भुक्तानी दिने गरेको पाईयो । अतः संस्थाहरुसँग गरेको सम्झौता अनुसार खर्च वास्तविक भए, नभएको यकिन गरी भुक्तानी दिने व्यवस्था हुनुपर्दछ ।

८. **उप–आयोजना** : आयोजनाबाट प्राप्त विवरण अनुसार यस वर्ष भित्र सम्पन्न गर्ने गरी ४७७ उप-आयोजना सम्झौता भएकोमा ३१० सम्पन्न भई १६७ कार्य सम्झौता अनुसार सम्पन्न हुन सकेको देखिएन । प्रभावकारी अनुगमनद्वारा समयमै कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

९. **दाखिला :** एक कर्मचारीको नाममा रहेको अवलोकन भ्रमण वापतको पेश्की फछ्यौट गर्दा कट्टी गरेको कर रु.२३ हजार दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

१०. **बिल, भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा सरकारी रकम खर्च गर्दा बिल, भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला कृषि विकास कार्यालय, कालिकोटको नाममा बाँकी रहेको रु ३ लाख ९० हजार पेश्की फछ्र्यौट गरेकोमा बिल भरपाई संलग्न गरेको नपाइएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

११. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० मा तोकेको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आयोजनाबाट २ कर्मचारी र १८ कार्यालय तथा संस्था समेतलाई दिएको पेश्की रु.२३ लाख २७ हजार बाँकी रहेकोले नियमानुसार असुल, फछ्र्यौट हुनु पर्दछ ।

## कर्णाली राजमार्ग (–जुम्ला सडक योजना)

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरुयोजना र खरिद योजना नबनाएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरेको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएका छन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य, प्रगति** : वार्षिक लक्ष्यअनुसार प्रगति हासिल हुनुपर्दछ । वार्षिक प्रगति प्रतिवेदन अनुसार – खिडकीज्यूला खण्ड र खिडकिज्यूला–जुम्ला सडक खण्डमा कालोपत्रे ओटासिल गर्ने मुख्य लक्ष्य रहेकोमा उक्त कार्यमा ९८ प्रतिशत प्रगति हासिल भएको छ भने सडक तथा ट्राफिक सुरक्षा कार्यक्रम तर्फ समग्र वार्षिक प्रगति ११.६७ प्रतिशत मात्र रहेको पाइयो । सडक सुरक्षाको लागि स्टील ब्यारियर जडान गर्ने कार्य, इनस्योरेन्स र अनुगमन मूल्याङ्कन गर्ने कार्य हुन नसकी प्रगति शून्य रहेको देखियो । कार्यक्रम अनुसार प्रगति हासिल गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३. **योजना हस्तान्तरण** : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २०७३।६।१९ को निर्णयानुसार २०७३।७।४मा देखि दही खोला (दैलेख-कालीकोट सिमाना) सम्मको १३२ किलो मिटर डिभिजन सडक कार्यालय, लाई र कालीकोट–जुम्ला खण्डको १०४ किलोमिटर डिभिजन सडक कार्यालय, जुम्लालाई हस्तान्तरण भएको देखिन्छ । हस्तान्तरण पत्रमा योजना अन्तर्गतका सडक तथा पुलहरुको अवस्था सम्बन्धमा केही उल्लेख गरेको पाइएन । २०७३।१०।२६ मा योजनाको स्थलगत अवलोकन गर्दा २०७१।७२ मा नै सम्पन्न गर्ने गरी सम्झौता भएका ३ वटा पुलहरु अधुरै अवस्थामा रहेका तथा सडकका कतिपय खण्डहरुमा कालोपत्रे उप्किसकेको, केही खण्डमा ५०-६० मीटरसम्म कच्ची सडकमा परिणत भएको, कतिपय संरचना (रिटेनिङ्ग/ब्रेष्ट वाल, ग्याबियन वर्क्स) हरु भत्किसकेको पाइयो ।

४. **टेकिङ्ग ओभर सर्टिफिकेट** : निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा ४१ मा निर्माण कार्य सारभूत रुपमा सम्पन्न भएको अवस्थामा मात्र टेकिङ्ग ओभर सर्टिफिकेट जारी गर्नुपर्ने व्यवस्था रहेकोमा कतिपय ठेक्का प्याकेजका प्रमुख आइटमका कार्य ८० देखि ८५ प्रतिशतमात्र सम्पन्न भएको अवस्थामा समेत त्यस्तो सर्टिफिकेट जारी गरी त्रुटि सच्याउने अवधिको शुरुवात गरेको पाइयो ।

निर्माण व्यवसायीसंग भएको सम्झौताअनुसार टेकिङ्ग ओभर सर्टिफिकेट जारी भएपछि त्रुटि सच्याउने अवधि शुरुवात हुने र उक्त अवधिमा छुट भएका केही कार्य तथा सानातिना मर्मत सम्भारको भुक्तानी हुने व्यवस्था रहेको देखिन्छ। योजनाले एक निर्माण व्यवसायीलाई २ सेप्टेम्बर, २०१५ मा जारी टेकिङ्ग ओभर सर्टिफिकेट अनुसार १९ जून २०१५ मा कार्य सम्पन्न भई २०७२ आषाढ ५ देखि त्रुटि सच्याउने अवधि शुरु भएकोमा २०७२ भाद्रमा नियमित कार्य गरेवापतको आइ.पी.सी. १० तयार गरी रु.३२ लाख ९१ हजार भुक्तानी गरेको र त्यसपछि २०७२ चैत्रमा आइ.पी.सी. ११ वापतको रु २ लाख ८२ हजार भुक्तानी गरेको पाइयो। नियमित निर्माण कार्य नै बाँकी रहेको अवस्थामा टेकिङ्ग ओभर सर्टिफिकेट जारी गरेको र सो जारी पछि नियमित कार्यको भुक्तानी गरेको मनासिब नदेखिएकोले यस सम्बन्धमा आधार तथा पुष्ट्याइँ पेश हुनुपर्दछ ।

५. **भेरिएशन** : सार्वजनिक नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सिर्जना भई प्राविधिक कारणबाट त्यस्तो कार्यको ड्रईङ्ग, डिजाइन तथा स्पेसिफिकेशन आदि बदल्नु नपर्ने तर कामको परिमाण थपघट हुने अवस्थामा प्राविधिक पुष्ट्याइँ गरी विभागीय प्रमुखले भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

५.१ भेरिएशन भएका ५ ठेक्का प्याकेजको नमूना परीक्षण गर्दा ४ ठेक्कामा निर्माण व्यवसायीले शुरु सम्झौतामा लागत अनुमानको तुलनामा कबोल गरेको अंकमा घटेको प्रतिशतभन्दा भेरिएशन आदेश पश्चात् घटेको प्रतिशत न्यून रहेको पाइयो । यस तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

५.२ निर्माण व्यवसायीसंग भएको सम्झौतामा कुनै आइटमको परिमाणमा २५ प्रतिशतभन्दा बढी वृद्धि भएको अवस्थामा नया दर जारी गर्न सक्ने व्यवस्था छ । नमूना परीक्षण गरीएका ५ ठेक्का प्याकेजमा विभिन्न निर्माण कार्यका आइटममा शुरु सम्झौताभन्दा २५ प्रतिशतभन्दा बढीले वृद्धि भएकोमा उक्त कार्यमा नया दर कायम गरेको देखिएन। उक्त कार्यमा निर्माण व्यवसायीले स्वीकृत लागत अनुमानभन्दा बढी कबोल गरेको देखिन्छ। नयाँ दर कायम नगर्दा शुरुको स्वीकृत लागत अनुमानभन्दा रु.३६ लाख ३३ हजार बढी रकम व्ययभार पर्न गएको देखिएको छ ।

५.३ निर्माण व्यवसायीले स्वीकृत लागत भन्दा कम कोट गरेको रिटेनिङ्ग स्ट्रक्चर अन्तर्गत ढुंगाको गाह्रो लगाउने कार्यमा ठेक्काको म्याद थप हुँदा बढी आर्थिक दायित्व नपर्ने उल्लेख गरेको भए तापनि नयाँ दर स्वीकृत गरी भुक्तानी गर्दा ठेक्का हुदाँको स्वीकृत लागत अनुमान भन्दा रु.१ करोड ७० लाख ३९ हजार र शुरु सम्झौताभन्दा २ करोड ६८ लाख ११ हजार बढी खर्च लेखेको देखिन्छ।

६. **भेरिएशन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा पूर्वानुमान गर्न नसकिने कामको लागि प्राविधिक पुष्टयाइ सहित भेरिएसन गर्नुपर्ने व्यवस्था छ। कर्णाली राजमार्गमा सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न नभएका १० ठेक्का प्याकेजमा म्याद थप गर्दा आर्थिक दायित्व नपर्ने गरी म्याद थप भए तापनि जनरल आइटममा समावेस गरी कामको परीमाण निश्चित भएको र लमसममा राखेको आइटममा (बीमा र ल्याबको व्यवस्था) समेत रु १ करोड ४८ लाख ८९ हजार भेरियसन गरी हाल सम्म शुरु सम्झौताभन्दा रु १ करोड ३२ लाख ३२ हजार वढी भुक्तानी गरेको देखिन्छ । जनरल तथा लमसम आइटममा राखेको र कामको परिमाण निश्चित गरेको अवस्थामा भेरिएसन गरेको मनासिब देखिएन ।

७. **बिटुमिनको स्प्रे दर :** एक निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार स्याण्ड सिलको बिटुमिनको स्प्रे रेट ०.८० लि./व.मी. रहेको छ। योजनाले अन्य ठेक्का प्याकेजहरुमा पनि सोही अनुसार सम्झौता भई भुक्तानी भएको छ। तर योजनाले यस प्याकेजमा उक्त कार्यको भुक्तानी गर्दा बिटुमिनको स्प्रे रेट ०.८३ लि./व.मी. हुने गरी भुक्तानी गरेको पाइयो। जसको कारणबाट चौधौं रनिङ्ग बिलसम्म ७१ हजार ०३९ व.मी. क्षेत्रफलमा स्याण्ड सिलको कार्य हुँदा ५६ हजरा ८३१ लि. बिटुमिनको भुक्तानी गर्नु पर्नेमा ५८ हजार ८३१ लि.को भुक्तानी भई प्रति लिटर सम्झौता दर रु.१०५। का दरले २१३१ लि. को रु.१ लाख ९२ हजार बढी भुक्तानी रकम असुल हुनु पर्दछ।

८. **बढी भुक्तानी** :सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२३(१)(ख) अनुसार प्राविधिक नापजाँच गरी मेजरमेन्टबुकमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा रनिङ्गबिलको भुक्तानी गर्नुपर्दछ। एक निर्माण व्यवसायीलाई तेह्रौं रनिङ्ग बिलको भुक्तानी गर्दा आइटम नं. ५.०२ मा रहेको पि.सि.सी.को मेजरमेण्ट सीटमा उल्लेख भएभन्दा १.७ घ.मी.बढी कार्य परिमाणको रु.७ हजरा ५०० का दरले रु.१२ हजार ७५० बढी भुक्तानी रकम असुल हुनुपर्दछ।

९. **प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च लेख्दा बिल, भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। एक निर्माण व्यवसायीलाई तेह्रौं रनिङ्ग बिलको भुक्तानी गर्दा बीमा वापत रु.९ लाख ९८ हजार भुक्तानी गरेकोमा सो सम्बन्धी प्रमाण तथा बीमा पोलिसी पेश गरेको पाइएन। बीमा पोलीसी वेगर खर्च लेखेको रकम अनियमित देखिन्छ।

१०. **धरौटी फिर्ता :** सार्वजनिक खरीद नियमावली, २०६४ नियम १२४ अनुसार निर्माण व्यवसायीको सयुक्त उपक्रमको हकमा धरौटी रकम फिर्ता गर्दा कर चुक्ताका आधारमा फिर्ता दिनु पर्नेमा सो बेगर ३ निर्मााण व्यवसायीलाई रु.२ करोड २६ लाख ३८ हजार धरौटी फिर्ता गरेको पाइयो। कर चुक्ता बेगर फिर्ता गरेको नियम सम्मत देखिँदैन।

११. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन। कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु.१ लाख ४४ हजार, इन्धन सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु.२१ लाख ३५ हजार समेत रु.२२ लाख ७९ हजार कन्टिजेन्सी खर्च लेखेको छ। यस्तै प्रकृतिको खर्च चालु बजेटवाट पनि हुने गरेको छ। एकै प्रकृतिका खर्च पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ। कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ।

१२. **पेश्की बाँकी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। आयोजनाबाट २ निर्माणव्यवसायी र १ संस्थालाई दिएको पेश्कीमध्ये आर्थिक वर्षको अन्त सम्म बाँकी रहेको रु.१ करोड २५ लाख २२ हजार नियमानुसार फछ्र्यौट हुनु पर्दछ।

## कारागार कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नवनाएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार नगरेको, स्वीकृत ढाँचाको जिन्सी खाता नराखेको, वार्षिक प्रतिवेदन तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **अभिलेख :** कारागार नियमावली, २०२० को नियम ७ मा कार्यालयबाट कैदी, बन्दीहरुलाई दिइने सिदा, पोशाक, औषधोपचार लगायतका सेवा, सुविधाको अद्यावधिक अभिलेख राख्नुपर्नेमा

कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अद्यावधिक अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै लिलाम नगरेको, मर्मत सम्भार नगरको, कतिपय सामानको मूल्य खुलाई नराखेको, आन्तरिक लेखा परीक्षकलाई नियमित रुपमा लेखा परीक्षण सम्बन्धी तालिम प्रदान गरी क्षमता विकास गर्ने नगरेको, जिल्ला स्थित सबै निकायको लेखा परीक्षणको फायल खडा गरी व्यबस्थित रुपमा नराखेको, लेखा परीक्षण कार्यविधि अवलम्बन गरी परीक्षण गरीएका विषयमा पहिचान भएका विषय बस्तुलाई औंल्याई व्यवस्थापन पत्र दिने नगरेको, आन्तरिक लेखा परीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखा परीक्षण हुनु अगावै फछ्र्यौट गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कोष तथा लेखा नियन्त्रक कार्यालयले चौमासिक तथा वार्षिक रुपमा धरौटी विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यबस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले तयार गरेको धरौटी विवरणमा स्रेस्ताभन्दा बैकमा रु.३ लाख ७९ हजार ३४८ बढी देखिएको छ । यस सम्बन्धमा कार्यालयसँग छलफल गर्दा कार्यालयको नाम नखुल्ने, बढी रकम कुन कार्यालयको भनी यकिन गर्न नसकिने भएकोले फरक परेको जवाफ प्राप्त भएको छ ।

## घरेलु तथा साना उद्योग कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरेको प्रतिवेदनमा उल्लिखित सामान लिलाम बिक्री तथा मर्मत सम्भारको कार्य नगरेको, आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **भाडा :** भ्रमण खर्च नियमावली, २०७२ मा हवाइ जहाज चल्ने स्थानमा सडक मार्गबाट यात्रा गरेमा गाडी भाडा दोब्बर पाउने व्यवस्था रहेको देखिँदैन । कार्यालयका एक कर्मचारीले – काठमाडौंसम्म भ्रमण खर्च वापत भाडा खर्च रु.१ हजार ८०० दोब्बर लिएकोले नपाउने रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

३. **आयकर :** आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कर कट्टी गनुपर्नेमा पारिश्रमिक कर रु.४ हजार ९३९ कट्टी गरेको नदेखिँदा असुल गर्नुपर्ने देखिन्छ ।

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन

१. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले २ उप शीर्षकहरुमा कूल पूँजीगत खर्च रु २८ करोड ५१ हजार भएकोमा तेस्रो चौमासिकमा रु २३ करोड ३२ लाख ८४ हजार अर्थात ८३.३० प्रतिशत खर्च गरेको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाढमा मात्र रु १२ करोड १२ लाख ६४ हजार अर्थात् कूल खर्चको ४३.३० प्रतिशत खर्च भएको देखाएको छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद गुरु योजना तयार नगरेको, मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन नगरेको, जिन्सी

खातामा रहेको केही सामानको मूल्य नखुलेकोमा मूल्य खुलाइ नराखेको, ठेक्काको रनिङ्ग बिल नराखेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत् तटबन्ध निर्माणको कार्य गराउदा लोकेशन एवं चेनेज खुलाउने नगरेको  जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **योजना छनौट** : स्थलगत विशेष नदी नियन्त्रण कार्यक्रम तर्फ यस वर्ष रु.१ लाख २५ हजार देखि ५ लाखसम्मका ७७ वटा (जाजरकोटको लागि १९, को लागि ४१ र दैलेखको लागि १७) योजना स्वीकृत भएकोमा सोमध्ये कतिपय आयोजना कार्यालयबाट प्रस्ताव नभएका तथा योजना स्थल पहिचान गर्न समेत कठिनाइ भएको जानकारी प्राप्त हुन आयो । ३ वटा आयोजनामा कार्य हुन नसकी प्रगति शून्य रहेको पाइयो । नियमानुसार योजना छनौट गर्नु पर्दछ ।

४. **लक्ष्य प्रगति** : कार्यालयले तोकिएका कार्यकमहरु तोकिएको समय र वजेटको परिधिभित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । प्रगति विवरण अनुसार ३ कार्यकममा शून्य प्रगति भएको देखिन्छ । अपेक्षित प्रगति  हासिल गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

५. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु ६ लाख ४७ हजार  इन्धन सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु ६५ लाख ९१ हजार र सवारी साधन खरिद गर्न जल उन्पन्न विभागमा पठाएको रु २५ लाख समेत रु ९७ लाख ३८ हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटबाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्चहरु पूजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

६. **ठेक्का बन्दोबस्त** : आर्थिक कार्यवधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने उल्लेख छ । कार्यालयवाट यस वर्ष ठेक्का बन्दोबस्त भएका कूल ३८ करोड ५२ लाख १८ हजारको ५२ ठेक्कामध्ये दोस्रो चौमासिकमा १७ अर्थात् ३२.६९ प्रतिशत, तेस्रो चौमासिकमा ३५ अर्थात् ६७.३१ प्रतिशत र आषाढ महिनामा १९ अर्थात् ३६.५३ प्रतिशत ठेक्का सम्झौता भएको देखिन्छ । नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रथम चौमासिकमा कुनै ठेक्का सम्झौता भएको देखिएन । समयमै लागत अनुमान तयारी तथा ठेक्का बन्दोबस्तको कार्य गराई आर्थिक वर्षको अन्ततिर अधिक खर्चको दवाब पर्ने स्थितिलाई नियन्त्रण गर्नु पर्दछ ।

७. **न्यून प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्र रद्द हुने उल्लेख छ । कार्यालयवाट यस वर्ष बोलपत्रको माध्यमबाट भएका ५२ ठेक्कामध्ये ७ ठेक्का प्याकेजमा ०.०९२ देखि ०.४८ प्रतिशतसम्म प्रतिस्पधा भएको पाइयो भने बाकी ४५ ठेक्कामा ५.६८ देखि ४८.४४ प्रतिशतसम्म प्रतिस्पर्धा भएको देखियो ।

८. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्दछ । कार्यालयले नदी नियन्त्रण कार्यको लागि ग्याबियन बक्समा भर्ने ढुंगाको लागत दर निर्धारण गर्न सो कार्यको दर विश्लेषण गर्दा स्थानीय क्वारी साइट खोलाबाट संकलन गर्ने गरी गरेकोमा कतिपय आयोजनामा तुलनात्मक रुपले बढी दुरी राखेको पाइयो । नदी नियन्त्रण कार्य गर्दा सामान्यतया निर्माण स्थल नजिकै वा सम्बन्धित नदी वा खोलामा नै ढुंगा उपलब्ध हुने अवस्थामा कार्यालले केही

आयोजनामा १४० मीटरसम्मको दुरीबाट म्यानुअल ढुवानी गर्नु पर्ने गरी लागत अनुमान तयार गर्नाले विभिन्न ५ ठेक्का प्याकेजको लागत अनुमानमा रु.१६ लाख ६३ हजार ७९८ थप लागत समावेश हुन गएको छ ।

९ **डिजाइन तथा लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, नक्शा, डिजाइन तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । भेरी नदी नियन्त्रण कार्य, तातापानीको स्वीकृत डिजाइन/लागत अनुमान अनुसार भेरी नदीको बायाँ किनारामा १५० मीटर लम्बाइमा तटबन्ध बाँध्ने र सो अन्तर्गत १५ मीटर लम्बाइका ५ स्पर समेत निर्माण गर्ने उल्लेख भएकोमा रनिङ्ग बिल साथ संलग्न नापी शीट अनुसारका स्पर नराखी तटबन्ध निर्माण गरेको पाइयो । स्परको सट्टा रिभेटमेण्टको दायाँ बायाँ ५० से.मी. उचाइको टो वाल राखेको पाइयो । सम्झौता रकम रु.६३ लाख ३ हजार (मूल्य अभिवृद्धिकर सहित) रहेको सो ठेक्का प्याकेजमा उल्लिखित ५ स्पर निर्माण नभए तापनि शुरु डिजाइन/लागत अनुमानमा समावेश नभएका अन्य संरचना (टो वाल) को कार्य थप गरेकाले ग्याबियन वर्क्समा शुरु सम्झौताकै हाराहारी परिमाण को भुक्तानी भएको छ । स्थानीयको माग अनुसार तटबन्ध निर्माण स्थल केही माथि सारिएको र सो स्थानमा नदीको गहिराइको कारणबाट स्पर राख्न नसकिएको जवाफ प्राप्त भयो ।

१०. **बढी प्याकेज** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा रु ६० लाखसम्म लागत भएको निमार्ण कार्य सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । कार्यालयले एउटै खोला वा नदी र उही स्थान विशेषको नदी नियन्त्रण सम्बन्धी समान प्रकृतिको कार्यलाई पनि विभिन्न प्याकेज गराई उपभोक्ता समिति मार्फत् गराएको पाइयो । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

१२. **पेश्की बाँकी** : २४ निर्माण व्यवसायीलाई निर्माण कार्य सञ्चालनका लागि दिएको मोबिलाइजेशन पेश्कीमध्ये आर्थिक वर्षको अन्त्यसम्म रु ४ करोड ३६ लाख ९१ हजार बाँकी रहेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार उक्त पेश्की असुल, फछ्र्यौट हुनु पर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नवनाएको, कर्मचारीहरुको कार्यविवरण तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई प्रतिवेदन तयार नगरेको, कृषकहरुलाई उपलब्ध गराइएका मिनी किट, प्लाष्टिक टनेल आदि प्रभावकारी रुपमा उपलब्ध भए नभएको, कृषक समुदायलाई उपलब्ध गराइएको अनुदानको समुचित रुपमा सदुपयोग भए नभएको र सोको प्रभावकारिता सम्बन्धमा अनुगमन प्रतिवेदन तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **वर्षान्तमा खर्च** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले ८ उप शीर्षकमा कूल पूँजीगत तथा कार्यक्रम खर्च रु ३ करोड १७ लाख ३५ हजार गरेकोमा तेस्रो चौमासिकमा रु २ करोड २९ लाख २८ हजार अर्थात ७२.२४ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाढमा रु १ करोड ३१ लाख ७८ हजार अर्थात कुल खर्चको ४१.५२ प्रतिशत खर्च भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३. **लक्ष्य तथा प्रगति** : कार्यालयबाट यस वर्ष सञ्चालित विभिन्न कार्यक्रम अन्तर्गतका ८ क्रियाकलापको प्रगति शून्य र ९ वटाको प्रगति ७५ प्रतिशतभन्दा न्यून रहेको पाइयो । निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

४. **कृषि सामग्री वितरण** : कार्यालयबाट उपलब्ध गराउने मिनी किट, उन्नत बिउ, मूल बिउ लगायतका सामग्री वितरण गर्दा सेवा केन्द्र मार्फत वितरण गर्न सकेमा सबै क्षेत्रमा पहुँच र समानुपातिक तवरमा वितरण हुने देखिन्छ । कार्यालयले कतिपय त्यस्ता सामग्री सेवा केन्द्र मार्फत वितरण नगरी कार्यालयबाट वितरण गर्ने गरेको पाइयो । अतः सेवा केन्द्र मार्फत् वितरण र भरपाई संलग्न हुने व्यवस्था तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

५. **कृषि कार्यक्रम संचालन** : कृषि कार्यक्रम संचालन निर्देशिकामा धानको बिउ प्रति हेक्टर ५० के.जी., मकैको बिउ २५ देखि ३० के.जी., गहुँको बिउ १ रोपनीमा ६ के.जी सम्म लाग्ने उल्लेख छ । यस कार्यालयबाट वितरण भएको बिउ वितरणको भरपाई परीक्षण गर्दा एकै व्यक्तिलाई ८० के.जी. सम्म र समूहलाई ५१० के.जी.सम्म उपलब्ध गराएको देखियो । एकै व्यक्ति तथा संस्थालाई ठूलो परिमाणमा उपलब्ध गराउँदा कार्यक्रम प्रभावकारी नहुने तथा आन्तरिक नियन्त्रण पक्ष कमजोर समेत हुने देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

६. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ मा ठेक्का वा करार बमोजिमको भुक्तानी गर्दा अग्रिम आयकर कट्टी गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । कार्यालयले विभिन्न ५ फर्मलाई भुक्तानी खर्च लेख्दा नियमानुसार कर कट्टी नगरी भुक्तानी गरेकोले छुट रु.२८,३०१।- अग्रिम आयकर असुल गरी दाखिला गर्नु पर्दछ ।

७. **अनुगमन प्रतिवेदन** : कृषि तथा खाद्य सुरक्षा कार्यक्रमबाट २० कृषक समूहलाई बिउ, विजन उत्पादनका लागि आवश्यक पर्ने सामग्री खरिद गर्न ६० लाख अनुदान उपलब्ध गराएको देखिन्छ । अनुदान उपलब्ध गराएकोमा निर्दिष्ट लक्ष्य हासिल भए नभएको सम्बन्धमा अनुगमन गरी सो को प्रतिवेदन तयार गरेको देखिएन । यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

८. **कार्यक्रम सञ्चालन** : कृषि तथा खाद्य सुरक्षा कार्यक्रम-पूँजीगत तर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार १५ लाख बजेटबाट प्रति योजना औसत रु.१ लाख ५० हजारका दरले १० साना सिंचाइ योजना निर्माण तथा मर्मत सम्भार गर्ने कार्यक्रम रहेकोमा प्रति योजना औसत ९४ हजारका दरले १६ वटा योजना छनौट गरी सम्बन्धित उपभोक्ता समूहलाई भुक्तानी गरेको पाइयो । यस्तै सहकारी खेती, साना सिंचाइ कार्यक्रम स्वीकृत कार्यक्रम अनुसार रु ३० लाख बजेटबाट प्रति योजना रु.१ लाख ५० हजारका दरले २० साना सिंचाइ योजना निर्माण तथा मर्मत सम्भार गर्ने कार्यक्रम रहेकोमा प्रति योजना ७० हजार देखि १ लाख सम्मका ३७ योजना छनौट गरी सम्बन्धित उपभोक्ता समूहलाई भुक्तानी गरेको पाइयो । लगानीको अपेक्षित प्रतिफल प्राप्ति तर्फ आवश्यक ध्यान जानु पर्ने देखिन्छ ।

९. **छनौटको मापदण्ड** : दीर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत महिला कृषक कार्यक्रमको लागि २५ महिला कृषक छनौट गरी रु.९ लाख ६० हजार खर्च लेखेकोमा छनौट गर्ने मापदण्ड तथा आधार तर्जुमा भएको देखिएन । मापदण्ड तर्जुमा गरी सो को आधारमा लाभग्राही कृषक छनौट गर्ने व्यवस्था हुनुपर्दछ ।

१०. **पुराना धरौटी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६६(२) र नियम ६७ बमोजिम गत विगत बर्ष देखिको २८ फर्मको साना तिना धरौटी रकम रु.२२ हजार सदरस्याहा गरी आम्दानी गर्नु पर्ने देखिएको छ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद

योजना नबनाएको, कर्मचारीहरुको कार्यविवरण तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत खर्च अभिलेख नराखेको, मूल्य नखुलेका सामानको मूल्य खुलाई नराखेको, कार्यालयका कर्मचारीहरुको माग फारामको आधारमा खर्च लेखी माग फारमबाट औषधी बुझेर वितरण गरेको अभिलेख तथा भरपाई संलग्न नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले १२ उप शीर्षकहरुमा कूल पूँजीगत तथा कार्यक्रम खर्च र अन्य रु.४ करोड ९५ लाख ५५ हजार भएकोमा तेस्रो चौमासिकमा रु २ करोड ६७ लाख १८ हजार अर्थात ५३.९१ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाढमा मात्र रु १ करोड ६८ लाख ९६ हजार अर्थात कुल खर्चको ३४ प्रतिशत खर्च भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३. **स्वास्थ्य परीक्षण :** कृषि तथा खाद्य सुरक्षा आयोजना, कार्यक्रम सञ्चालन निर्देशिका, २०७१ को परिच्छेद ६ अन्तर्गत खरिद गरीएका बाखा, बोका लगायतका पशुहरुको प्रजनन् क्षमता र स्वास्थ्य स्थिति परीक्षण गराएको हुनु पर्ने उल्लेख छ । कार्यालयले विभिन्न कार्यक्रमबाट त्यस्ता पशु खरिद गरी कृषकहरुलाई वितरण गर्ने गरेकोमा सो अनुरुप परीक्षण गरेको प्रमाण संलग्न गरेको पाइएन । अतः खरिद गरीएका बोका तथा बाखाको परीक्षण गरेर मात्र वितरण गर्ने प्रबन्ध हुनु पर्दछ ।

४. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम संचालन गरी खर्च लेख्नु पर्दछ । वार्षिक कार्यक्रममा च्याप कटर खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गर्न रु २ लाख ४० हजार बजेट व्यवस्था भएको देखिन्छ । च्याप कटर एक स्टोरबाट प्रतिगोटा रु.१० हजार का दरले रु ३० हजार र अर्को एक फर्माबाट ३७ वटाको रु.१० हजार ५०० का दरले रु.३ लाख ८८ हजार ५०० मा खरिद भएको र ढुवानीमा रु १२ हजार ५०० खर्च भएको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार खरिद रकम रु ४ लाख १८ हजार ५०० को ५० प्रतिशत २ लाख ०९ हजार २५० र ढुवानी भाडा रु १२ हजार ५०० सहित रु.२ लाख २१ हजार ७५० खर्च लेख्नु पर्नेमा रु २ लाख ४० हजार खर्च लेखी रु.१८ हजार २५० बढी खर्च लेखेको पाइएकोले बढी खर्च रकम असुल हुनुपर्ने देखिएको छ ।

५. **कार्यक्रम खर्च :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । एक कर्मचारीको नाममा बाँकी रहेको रु १ लाख ६८ हजार फछ्र्यौट गरेकोमा कार्यक्रम संख्या ४.७ मा मिल्क क्यान ३० वटा खरिद गरी ५० प्रतिशत अनुदान वितरण गर्न रु ४० हजार बजेट व्यवस्था भएकोमा ३० वटा क्यान रु.२९ हजार ४९३ मा खरिद गरेको अवस्थामा रु १४ हजार ७४६ खर्च लेख्नु पर्नेमा बाँकी रकमको प्रिण्टर खरिद गरी रु.४० हजार खर्च लेखेको देखियो । अतः कार्यक्रम अनुसार खर्च लेख्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

६. **अस्वाभाविक खर्च :** एक कर्मचारी जिल्ला पशुसेवा कार्यालय, डोल्पाबाट यस कार्यालयमा सरुवा भई आउँदा ६ जना परिवार दुनै बाट चौरजहारीसम्म १३ दिन हिँडेर आएको देखाई ६ जनाको ९३ हजार ६०० सहित रु १ लाख १४ हजार २०० दाबी गरेकोमा डोल्पाबाट रु.३५ हजार स्वीकृत भएको देखिन्छ । साविकको कार्यालयबाट रु ३५ हजार स्वीकृत गरे पश्च्यात् पुनः रु.७९ हजार २०० जिल्ला पशु सेवा कार्यालय, बाट उपलब्ध गराउन पत्राचार भए अनुसार रु ६७ हजार २८५ खर्च लेखेको देखियो । डोल्पाबाट चौरजहारी करिब ४ दिनमा आउन सकिनेमा १३ दिन हिँडेको

देखाउँदा रु ६४ हजार ८०० थप व्ययभार पारेको छ । उक्त खर्च जिल्ला पशुसेवा कार्यालय, डोल्पाबाटै खर्च लेख्नु पर्नेमा यस कार्यालयबाट खर्च लेखेको नियमसम्मत देखिएन ।

७. **अनुदान** : उन्नत बिउ बोका ५० प्रतिशत अनुदानमा वितरण गर्न ६ गोटाको लागि रु १ लाख २० हजार बजेट व्यवस्था भएकोमा बजेट अनुरुपको उन्नत जातको खरिद गर्नु पर्नेमा रु १५ हजार ९००।- दरका २ वटा र २० हजार दरका ४ वटा तथा ढुवानी वापत रु.८ हजार २००।- खर्च भएको उल्लेख गरी रु १ लाख २० हजार खर्च लेखेकोमा ५० प्रतिशत अनुदान लिई ६० हजार खर्च लेख्नुपर्नेमा रु १ लाख २० हजार खर्च लेखेको देखियो । यस सम्बन्धमा छलफल गर्दा छनौट गरीएको समूहका सदस्य न्यून आय भएका हुँदा कृषकबाट व्यहोर्नुपर्ने रकम उठाउन नसकेको हुँदा कार्यालयबाटै उन्नत जातको खरिद गरी वितरण गरीएको भन्ने भनाइ रहेको छ। यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८. **अनुगमन** : कृषि तथा खाद्य सुरक्षा आयोजना, कार्यक्रम सञ्चालन निर्देशिका, २०७१ मा समयवद्ध कार्यतालिका क्यालेण्डर तयार गर्नु पर्ने र सो अनुसार कार्य भए, नभएको कार्यालयले अनुगमन गरी आफ्नो वार्षिक कार्यक्रम तर्जुमा गर्नु पर्ने व्यवस्था छ। यो वर्ष साना अनुदान कार्यक्रम तर्फ विभिन्न २० समूहलाई ३ किस्ता गरी रु.३ लाखका दरले रु.६० लाख खर्च लेखेकोमा कार्यक्रम सञ्चालन निर्देशिकाको उल्लिखित प्रावधान अनुरुप अनुगमन एवम् प्रतिवेदन तयार गरेको पाइएन । अतः यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

९. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६(२)मा धरौटी रकम म्याद भित्र फिर्ता लिन नआएमा राजस्व आम्दानी बाँध्नुपर्ने उल्लेख छ । एक निर्माण व्यवसायीको नाममा २०६६।१२।२३ मा राखेको धरौटी रु.६४९८।- फिर्ता लिने म्याद सकिएकोले राजस्वमा आम्दानी बाँध्ने तर्फ कारवाही हुनु पर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नवनाएको, कर्मचारीहरुको कार्यविवरण तयार नगरेको, मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, रसिद नियन्त्रण खाता नराखेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **बढी ग्रेड भुक्तानी** : निजामती सेवा ऐन, २०४९ को दफा ७ख अनुसार तलबी प्रतिवेदन पारित गरी तलब भुक्तानी गर्नु पर्दछ। कार्यालयबाट २ कर्मचारीको तलब भुक्तानी गर्दा पारित तलबी प्रतिवेदनमा उल्लेख भएभन्दा बढी दरले ग्रेड वापतको रकम भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु.६ हजार ८४०।- असुल हुनुपर्दछ।

४. **भरपाई बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल, भरपाई सहितको लेखा राख्नु पर्दछ । कार्यालयले विभिन्न बैठक भत्ता खर्च लेखेकोमा ४ कर्मचारीहरुले रु ४ हजार २५०।- भत्ता र बजार अनुगमन वापत ८ कर्मचारीहरुलाई रु.१५ हजार ४५०।- समेत रु १९ हजार ७००।- भत्ता खर्च लेखेकोमा भरपाई संलग्न गरेको पाइएन । अतः उक्त रकम असुल हुनु पर्दछ ।

५ **भवन निर्माण** : कार्यालयको गोदाम भवन निर्माण गर्न २०६८।६९ मा एक निर्माण व्यवसायीसँग २०७०।६।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०६८।१२।३० मा रु.२,९८,०५,४३३।– को सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई पटक पटक ताकेता गर्दा समेत निजले कार्य सम्पन्न नगरेको उल्लेख गरी २०७२।८।४ को निर्णयबाट ठेक्का तोड्ने निर्णय गरी उक्त निर्माण

व्यवसायीलाई कालोसूचीमा राख्न २०७२।९।५ को निर्णयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार भएको पाइयो । निर्माण व्यवसायीले सम्झौताका बखत राखेको कार्य सम्पादन जमानत वापतको रु.१६ लाख ८४ हजार र २०७२।७।३० मा पेश्की जमानत वापतको रकम रु.४२ लाख ४४ हजार ९००।- चालु आर्थिक वर्षमा निजबाट असुल गरेकोछ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च वापत निज निर्माण व्यवसायीले व्यहोर्नु पर्ने दायित्व यकिन गरी उक्त रकम निजबाट सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ । भवन निर्माणको प्रगति ४५ प्रतिशत मात्र रहेको र बाँकी कार्यको लागि भबन डिभिजनको २०७३।८।०९ को पत्रानुसार मूल्य अभिवृदि कर सहित रु.४ करोड १२ लाख ५२ हजार ८२६ को लागत अनुमान प्राप्त भएको देखिएकोले सोही अनुसार सरकारी बाँकीको लगत कायम गरी उक्त निर्माण व्यवसायीबाट असुल उपर गर्नु पर्ने देखिन्छ ।

६. **सापटी फिर्ता** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६६ मा धरौटी रकम फिर्ता सम्बन्धी व्यवस्था छ । कार्यालयको धरौटी बिवरणमा स्रेस्ता र बैंक मौज्दातमा रु ५३ हजार २४१ फरक परेको हुँदा धरौटी स्रेस्ता अद्यावधिक गर्नु पर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

७. **राजस्व दाखिला** : गोदाम घर निर्माण गर्ने एक निर्माण व्यवसायीबाट जफत गरेको कार्यसम्पादन जमानत वापतको रकम रु.१६ लाख ८४ हजार धरौटी खातामा राखेको पाइयो । यसरी जफत भएको रकम आर्थिक कार्यविधि ऐन, नियमावली अनुसार सदरस्याहा गर्नु पर्ने देखिन्छ ।

## जिल्ला प्रहरी कार्यालय

१. **रासन खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात राख्नुपर्ने उल्लेख छ । रासन वापतको भूक्तानी खर्च लेख्दा प्रशासन शाखावाट दरबन्दी र काजमा रहेका कर्मचारीहरुको विवरण प्रमाणित गरेर मात्र राशन खर्च लेख्नुपर्नेमा कार्यालयले सो अभिलेख नराखी खर्च लेखेको देखिन्छ । अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२. **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १२१ (क) मा सम्झौतामा तोकिएको म्याद अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ । इलाका प्रहरी कार्यालय, गुमीको भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६९।११।०६ मा उक्त कार्य ९ महिना (२०७०।८।५ भित्र सम्पन्न गर्ने गरी रु.७१ हजार ७४ हजारको संझौता भएकोमा २०७१।११।१८ को निर्णयानुसार उक्त ठेक्का सम्झौताको म्याद २०७१ चैत्र मसान्तसम्म थप भएको देखिन्छ । कार्यालयले उक्त भवन निर्माण कार्य २०७२।१०।०६ मा सम्पन्न भएको उल्लेख गरी यो वर्ष २०७२।१२।०८ मा अन्तिम बिल वापत निर्माण व्यवसायीलाई रु.१६ लाख ७८ हजार भुक्तानी गरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति कट्टा गरेको पाइएन । अतः नियमावलीको व्यवस्था अनुसार पूर्व निर्धारित क्षतिपूर्ति वापत सम्झौता रकम रु.७१ लाख ७४ हजार को १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम रु ७ लाख १७ हजार असुल हुनु पर्दछ ।

३. **कार्यसम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित २ वटा भवन निर्माण गर्ने निर्माण व्यवसायीबाट पेश भएको रु.२१ लाख ५१६ को कार्यसम्पादन जमानतको अवधि त्रुटि सच्याउने दायित्वको अवधि र थप एक महिनासम्म मान्य रहेको नपाइएकोले सो अवधिसम्म मान्य अवधि भएको कार्यसम्पादन जमानतको प्रमाण पेश हुनु पर्दछ ।

४. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्यमा त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ। कार्यालय अन्तर्गत निर्माणाधीन अवस्थामा रहेका २ वटा भवन निर्माण गर्ने निर्माण व्यवसायीबाट पेश भएको बीमाको अवधि त्रुटि सच्याउने अवधिसम्म कभर भएको पाइएन । अतः त्रुटि सच्याउने अवधिसम्म कभर भएको बीमा पोलिसी पेश हुनु पर्दछ ।

५. **गत वर्षको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० (७) मा भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गराएर मात्र गत आर्थिक वर्षको को भुक्तानी दिनु पर्नेमा कार्यालयले त्यस्तो प्रमाणित विवरण बेगर गत आ.व. को रु.८४ हजार भुक्तानी दिएको देखिएकोले उक्त खर्च नियम सम्मत देखिएन ।

६. **पेश्की** : भवन निर्माण गर्ने एक निर्माण व्यवसायीलाई व्यारेक भवन निर्माणको लागि प्रदान गरीएको मोबिलाइजेशन पेश्की मध्ये रु ४४ लाख ४३ हजार ४७३।– फछ्र्यौट हुन बाँकी देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट हुनु पर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। खरिद योजना बनाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्यक्रम संचालन नगरेको तथा खर्च नभएको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कर समायोजन** : आयकर ऐन, २०५८ को दफा ९.६ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ दफा १८ अनुसार आय विवरण पेश गरी कर फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । नियमित रुपमा कार्यरत परामर्शदाता ईन्जिनियर २ र अन्य २ लाई मूल्य अभिवृद्धि कर सहितको पारिश्रमिक रु ३५ लाख ९९ हजार भुक्तानी गरेकोमा उक्त परामर्शदाताको अग्रिम कर र मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गरेको छैन ।

३. **सर्भेक्षण/विस्तृत सर्भेक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा कार्यक्षेत्रगत शर्तका आधारमा कार्यक्रम लागू भएका ग्रामीण सडकको विस्तृत सर्भेक्षण, डिटेल ड्रईङ्ग र डिजाईन गराउने व्यवस्था अनुरुप दरभाउपत्रको माध्यमबाट ६ वटा पुल र ६ वटा सडक आयोजनाको लागि रु.१ करोड १० लाख ६७ हजारको खरिद सम्झौता भई परामर्शदाताबाट प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी गरेको छ । उक्त खर्चको लगत राखी आयोजनाको कुल लागत खर्चमा समावेश गरी कार्यसम्पन्न गर्नु पर्दछ ।

४. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ६ निर्माण व्यवसायीलाई रु १ करोड ७५ लाख ४० हजार र ब.उ.शी.न ३४९८०३४ बाट १ विद्यालयलाई रु.२८ हजार ५००।- गरी जम्मा रु.१ करोड ७५ लाख ६८ हजार ५०० विभिन्न कार्यक्रमको लागि दिएको पेश्की बाँकीको नदेखिएकोले फछ्र्यौट गरी प्रमाण पेश गर्नुपर्दछ ।

## जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, अनुसूची १४ तयार नगरेका, कार्यालयले

कुनै पनि राजस्वको खाता नराखी २०७३।३।३१ मा रु.२ करोड १७ लाख ९८ हजार आम्दानी भएको गोश्वरा भौचर उठाई आम्दानी देखाएको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **घटी उत्पादन :** राष्ट्रिय वन विकास कार्यक्रम तर्फ यो वर्ष विभिन्न वन सेक्टरमा गोलिया काठ, दाउरा कटान मुछान ढुवानी तथा घाट गट्टी गर्ने कार्य गरेवापत खर्च गरेको देखिन्छ । विभिन्न स्थानमा रुख छपान गर्ने कार्य र उत्पादित गोलिया बनाउने लागत अनुमान गरेकोमा उक्त लागत अनुमानको कार्य गराउँदा उक्त अनुमानभन्दा ४५.४५ प्रतिशत सम्म घटी गोलिया काठ तथा दाउरा तयार भएको देखियो । यस सम्बन्धमा छलफल गर्दा रुख भित्र धोद्रो पसेको हुने हुदाँ लागत अनुमानभन्दा घटी भएको हो भन्ने भनाइ रहेको छ ।

३. **अमानतबाट कार्य :** वन पैदावार संकलन, बिक्री वितरण निर्देशिका, २०५७ को दफा ५(२) मा विशेष परिस्थितिबाट अमानतमा कार्य गर्नु परेमा क्षेत्रीय वन निर्देशकको स्वीकृति लिई स्वीकृत लागत अनुमान बमोजिम कटान मुछान कार्य गर्न सकिने उल्लेख छ । अमानतबाट कार्य गर्न क्षेत्रीय निर्देशकबाट २०७२।१०।१४ मा अमानतबाट कार्य गर्न स्वीकृत भए अनुसार यो वर्ष रु ५२ लाख २१ हजार ६१६ को कार्य भएको देखिन्छ । यस सम्बन्धमा निम्न व्यहोरा देखियो :

३.१ प्रतिस्पर्धा बेगर अमानतबाट कार्य गराउँदा लागत अनुमानको दरमा कार्य भई मितव्ययी रुपमा कार्य हुन सकेको देखिएन ।

३.२ भूकम्प पीडितको लागि समयमा काठ बजारमा पुर्‍याउनु पर्ने उल्लेख गरी अमानतबाट कार्य गर्न स्वीकृत माग गरेको भए तापनि उत्पादित काठ लेखापरीक्षण अवधी सम्म उपभोक्तालाई बितरण गरेको प्रमाण पेशहुन आएन ।

४. **अग्रिम कर :** आयकर ऐन, २०५८ अनुसार बहाल कर (भाडा) रु २ लाख ३६ हजारमा अग्रीम आयकर रु ४४ हजार ४४५।- समेत रु २ लाख ८० हजार ४४५ कट्टी गरेको नदेखिँदा असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

५. **बढी भुक्तानी :** खर्चको भौचर साथ संलग्न फाँटवारी तथा कार्य सम्पादन प्रतिवेदन अनुसार रुख कटान छपान वापत खर्च लेख्नुपर्ने भन्दा ३ कर्मचारीलाई रु ६३ हजार ९७१ बढी खर्च लेखेको हुँदा बढी खर्च लेखेको रकम असुल हुनुपर्दछ । गोश्वारा भौचर साथ संलग्न बिल भरपाई अनुसार रु १ लाख ३ हजार ४२८।- मात्र खर्च लेख्नु पर्नेमा रु.१ लाख ९ हजार ४२८।- खर्च लेखेको पाइएकोले बिल भरपाई भन्दा बढी खर्च लेखेको रु ६ हजार असुल हुनु पर्दछ ।

६. **दाखिला प्रमाण :** आयकर ऐन, २०५८ को दफा ९३ अनुसार कट्टी गरेको रकम राजस्व दाखिला हुनु पर्दछ । विभिन्न गो.भौ.नं र मिति बाट विभिन्न कर्मचारीलाई कार्यक्रम संचालन गरेबापत खर्च लेखेकोमा विभिन्न फर्म तथा व्यक्तिबाट कट्टी गरेको कर रु.३७ हजार ३०० दाखिला गरेको प्रमाण पेश नभएको हुँदा असुल गरी दाखिला हुनु पर्दछ ।

७. **बढी खर्च :** एक कर्मचारीको नाममा कार्यक्रम संचालन वापत रु २ लाख ५० हजार पेश्की फछ्र्यौट गरी रु १ लाख ५० हजार भुक्तानी गरेकोमा सामान खरिदमा रु ५८ हजार ७१६ को १.५ प्रतिशत अग्रिम कर कट्टी नगरेको रु ८८०।-, माटो बालुवा ढुवानी भाडा खर्च रु २८ हजार को बहाल कर रु २ हजार ८००।- कट्टी नगरेको तथा बिल, भरपाई नपुग रु १७ हजार ७४ समेत जम्मा रु २० हजार ७५४।- र अर्का एक कर्मचारीको नाममा रहेको पेश्की फछ्र्यौट गर्दा रु.५ हजार ६३० को बिल भपाई संलग्न नभएको तथा अग्रिम कर वापतको रु २ हजार २८६ दाखिला नभएको हुँदा उक्त रकम असुल हुनु पर्दछ ।

८. **बिल बेगर भुक्तानी :** भुक्तानी गर्दा बिल अनुसारको रकम भुक्तानी गर्नु पर्छ । कार्यालयले २ फर्मलाई कार्य सम्पादन प्रतिवेदनको आधारमा रु ६ लाख १४ हजार २८६।- भुक्तानी गरी बिल

बेगर भुक्तानी गरेको पाईयो । बिल बेगर खर्च लेखेको अनियमित देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

९. **नर्म्सको व्यवस्था :** यो बर्ष विभिन्न ६ गोटा सामुदायिक वन उपभोक्ता समूहहरुमा वैज्ञानिक वन व्यवस्थापना कार्ययोजना तयारी तथा कार्यान्वयनको लागि रु ३० लाख बजेट व्यवस्था भए अनुसार परार्मशदाता छनौट गर्न २०७२।८।१ मा सूचना प्रकाशन भए अनुसार एक संस्था छनौट गरी रु २९ लाख ९८ हजार ९७० खर्च गरेको देखिन्छ । उक्त कार्यको लागि लागत अनुमान गर्नको लागि नर्म्सको व्यवस्था भएको देखिएन ।

१०. **छुट रकम :** छुट भएको प्रमाण संलग्न गरी भुक्तानी खर्च लेख्नु पर्दछ । एक निर्माण सेवालाई मूल्य अभिवृद्धि कर छुट भएको भनी रु ४२ हजार ५२४ भुक्तानी खर्च लेखेकोमा मूल्य अभिवृदि कर छुट भएको प्रमाण र कर बीजक वेगर खर्च लेखेको देखियो । यसरी खर्च लेखेको रकम अनियमित देखिन्छ ।

११. **धरौटी लेखा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) मा धरौटी रकमको छुटै बैंक नगदी किताब खडा गरी राख्नु पर्ने व्यवस्था छ । सो अनुरुप धरौटीको यथार्थ अभिलेख देखिने गरी बैंक नगदी किताव खडा गरी नराखेकोले राख्नु पर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **वित्तीय विवरण :** सार्वजनिक निकायले नियममा तोकेको ढाँचा बमोजिम लेखा राखी तयार गरेको वित्तीय विवरणले कारोबारको वास्तविक र यथार्थ चित्रण गर्नुपर्दछ । कार्यालयको समपूरक कोषका लागि उपलब्ध गराएको रकमलाई समेत आम्दानी देखाउने गरेको, कर तथा धरौटी कट्टा गरेको रकम तत्काल दाखिला नगरी पछि जोडेर एकमुष्ट दाखिला गर्ने गरेको, बैंक अनुसार मौज्दात र स्रेस्ता अनुसारको मौज्दात रकम फरक देखिएको र सो को समायोजन विवरण तयार नगरेको, चालू वर्षको पेश्की बाँकीलाई फछ्र्यौट गर्ने मिति उल्लेख गरी सो आधारमा म्याद नाघे ननाघेको उल्लेख नगरी सबै पेश्कीलाई म्याद ननाघेकोमा वर्गीकरण गरेको जस्ता कारणले प्रस्तुत एकीकृत आय-व्यय विवरणले आर्थिक कारोवारको सही र यथार्थ चित्रण गरेको छैन । अतः तोकेको ढांचा बमोजिम लेखा राखी वित्तीय विवरण तयार गर्नु पर्दछ ।

कार्यालयले पेश गरेको वित्तीय विवरणमा आय, व्यय र मौज्दात रकम समेत मिलान गरेको नदेखिदा यथार्तमा आधारीत भई वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२. **बैंक समायोजन :** लेखा (श्रेस्ता) ले देखाउने मौज्दात र बैंक स्टेटमेन्टले देखाएको मौज्दात फरक पर्न गएमा म.ले.प.फा.नं. १५ (बैंक समायोजनको विवरण) तयार गरी हिसाव मिलान गर्नु पर्दछ । बैंक स्टेटमेन्ट अनुसार रु.२ करोड ४८ लाख ५१ हजार मौज्दात देखिएकोमा श्रेस्ता अनुसार रु.२ करोड २५ लाख ७९ हजार मौज्दात देखाएकोले मौज्दातमा रु.२२ लाख ७३ हजार फरक देखिएको छ । सो फरकको समायोजन विवरण तयार गरेको छैन । श्रेस्ताले देखाएको रकम र बैंकले देखाएको मौज्दातमा फरक पर्न गएको सम्वन्धमा आवश्यक छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, योजना हस्तान्तरण हुने नगरेको, कारोबारको निरीक्षण हुने नगरेको, लगानी विवरण अभिलेख व्यबस्थित नगरेको, जिन्सी निरीक्षण नगरेको, बैंक र श्रेस्ता बीच मौज्दात फरक भएकोमा समायोजन हिसाब तयार नगरेको, पुराना सामान तथा अन्यत्रवाट हस्तान्तरण भई आएका सामानको मूल्य नखुलेको, कार्यालयको स्वामित्वमा रहेका सम्पत्ति अन्य पक्षले उपभोग गरेको, मर्मत अभिलेख नरहेको, मातहत कार्यालयहरुको निरीक्षण गर्ने गरेको भनेतापनि निरीक्षण गर्दा देखिएको व्यहोरा र दिइएको निर्देशनको अभिलेख नरहेको, सार्वजनिक परीक्षण हुने नगरेको, गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण प्रतिवेदनको लगत राख्ने

नगरेको, आन्तरिक लेखापरीक्षण समयमा सम्पन्न गरी औंल्याइएका बेरुजू र तत्सम्बन्धमा भएका कारबाही टुङ्गो नलगाएको जस्ता व्यहोरा देखिएका छन् । कानुनको परिपालना गरी आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउनु पर्दछ ।

४. **आषाढको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ४५ मा वार्षिक कार्यक्रमको चौमासीक लक्ष्य तोकी वार्षिक कार्यक्रम बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले कुल ७ आयोजना/कार्यक्रममा रु.११ करोड ४ लाख ८५ हजार ५५० खर्च गरेकोमध्ये ०७३ आषाढ महिनामा मात्र रु ६ करोड १५ लाख ४३ हजार ६९४ (५५.७० प्रतिशत) र तेस्रो चौमासिकमा रु ९ करोड १८ लाख २७ हजार ८०६ (८३.११ प्रतिशत) खर्च गरेको पाइयो । खर्चलाई मासिक अनुपातमा खर्च गर्ने व्यवस्था मिलाउन चौमासिक लक्ष्य तोकी सोही अनुसार खर्च गर्नु पर्दछ । योजनावद्ध रुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

५. **ठेक्का बन्दोबस्त** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५(२) र दफा २१८ बमोजिम जिल्ला विकास समितिले आफ्नो क्षेत्र भित्रको खोला, नदी, नालाहरुबाट ढुंगा, गिट्टी, बालुवा, ग्राभेल जस्ता निर्माण सामग्री बिक्री गर्न २०७२।०४।१५ मा बोलपत्र माग गर्दा परेका १४ बोलपत्रहरु मध्ये सबैभन्दा बढी रु.५३ लाख कबोल गर्ने एक व्यवसायीको बोलपत्र स्वीकृत भएको तर निजले सम्झौता नगरेकोले निजको धरौटी जफत गरी दोश्रो बढी रु ४१ लाख ५१ हजार ५०० कबोल गर्ने अर्का एक निर्माण ब्यवसायीसंग २०७२।०६।०१ मा सम्झौता गरको पाइयो । यस सम्बन्धका निम्नानुसारका व्यहोरा देखिएका छन् :-

५.१ जिल्ला परिषद्को २०७१।११।१ को निर्णयानुसार प्रति टिप ट्रक रु २५०।-, प्रति ट्याक्टर रु १५०।- प्रति पावर टेलर रु.५०।-, प्रति रांगा बयलगाडाको रु.२०, घोडा खच्चर प्रति खेप रु ५।- भट्टामा प्रयोग गरीने माटो रु २५।- बांस प्रति घना रु ३०।, माटो प्रति ट्याक्टर रु ७५ को दरले ठेकेदारले रकम उठाउन पाउने मा सोही अनुसार गरे गराएको यकिन गरेर रकम आम्दानी गर्नु पर्दछ । तर ठेकेदारले उठाएको रकम अनुगमन गरेको प्रतिवेदन एवं प्रमाण पेश हुन आएन । यसबाट परिषदले स्वीकृत गरे अनुसार नै ठेकेदारले रकम असुल गरेको भनी सुनिश्चित हुन सकिएन । अतः परिषदले स्वीकृत गरे अनुसार ठेकेदारले रकम असुल गरेको यकिन गर्न जिल्ला विकास समितिबाट अनुगमन गर्ने व्यवस्था गरीनु पर्दछ ।

५.३ ठेकेदारसंग शुरू कबोल अनुसार रू ४१ लाख ५१ हजार ५०० को सम्झौता गर्नुपर्नेमा रू ४१ लाख ५० हजार ५०० को सम्भौता गरेर जिल्ला विकास समितिलाई बुझाउनु पर्ने र आम्दानी गर्नुपर्नेमा सम्झौताको बखत रू २० लाख ७५ हजार २५० बुझाएको एवं आम्दानी गरेकोमा बांकी रू २० लाख ७५ लाख २५० लेखा परीक्षण अवधि सम्म बुझाएको एवं आम्दानी गरेको नपाइएकोले ठेकेदारबाट मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्दछ ।

६. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय निकायले वस्तु वा सेवा बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष गाउँ विकास समिति र कार्यालयबाट रु २० लाख ७५ हजार असुल गरेकोमा मूल्य अभिवृद्धि कर रु २ लाख ६९ हजार ७५० असुल गरेको नपाइएकोले असुल हुनु पर्दछ ।

७. **आयकर** : आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कर कट्टी गर्नु पर्नेमा पारिश्रमिक कर रु.५ हजार ४७५  बहाल कर रु ३ हजार अग्रिम कर रु ४४ हजार ४१९ कट्टी गरेको नदेखिँदा असुल गर्नुपर्ने देखिन्छ ।

८. **भाडा असुली** : कार्यालयमा रहेको ब्रेकर भाडामा लगाउंदा भाडामाा लिई जानेबाट प्रति दिन २ हजार ४०० दरले भाडा उठाउन बांकी रु ९ लाख २६ हजार ४०० असुल गरी  उक्त उपकरण फिर्ता ल्याउनु पर्दछ ।

९. **बैंक प्रमाण** : यस कार्यालयले आर्थिक वर्षको अन्त्यमा पूँजीगत अनुदान रकम आय अभिवृद्धिमूलक बजेट शीर्षकबाट विभिन्न गाउँ विकास समितिहरुका लक्षित समूह, उपभोक्ता समितिहरुलाई रु ८ लाख ४५ हजार उपलव्ध गराएको छ। उक्त रकम सम्बन्धित निकायको बैंक खातामा जम्मा भएको प्रमाण पेश भएको छैन ।

१०. **म्याद थप** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८(१) मा सम्झौता अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवशायीले कारण खुलाई सम्झौताको म्याद सकिन कम्तीमा ७ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ। खोर्केखोला पुल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसंग २०७०।४।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०६९।०२।०३ मा सम्झौता भएकोमा उक्त अवधिमा कार्य सम्पन्न नगरी पटक पटक गरी शुरूमा ६ महिना, त्यसपछि ९ महिना र पुनः ३ महिना गरी २०७२।०३।१५ सम्म अन्तिम पटकको लागि म्याद थप गरेकोमा नियममा भएको व्यवस्था बमोजिम ६ महिना भन्दा बढिको म्याद समेत सम्बन्धित जिल्ला विकास समितिको सचिवबाट नै थप भएकोछ । विभागीय प्रमुखबाट स्वीकृत गराउनुपर्नेमा १ वर्ष १० महिना १५ दिन सम्मको म्याद थप अनियमित देखिएकोले नियम १२१ बमोजिमको सम्झौता मुल्य (रू.१ करोड ०५ लाख १३ हजार ३२६) को प्रति दिन ०.०५ प्रतिशतका दरले हर्जाना असुल नगरेको र तोकिएको समयमा लक्ष्य अनुसारको प्रगति हुन सकेको छैन ।

११. **पूर्व निर्धारित क्षतिपूर्ति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को १२९ मा निर्माण व्यवसायीको ढिलाइका कारण खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा पूर्व निधारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। कार्यालयबाट माथि उल्लिखित कार्यको लागि म्याद थप गर्दा २०७२।०३।१५ सम्म पुर्‍याएकोमा सो अवधि भित्र समेत कार्य सम्पन्न नगरी २०७३।०३।१७ मा मात्र सम्पन्न भएको जानकारी दिएको देखिएकोले ढिला गरेको दिन १ को सम्झौता रकम रू.१०५१३३२६। को ०.०५ प्रतिशतले हुने रकम रू ५२५७ असुल गरेको देखिएन। नियमावली अनुसार उक्त रकम असुल गर्नु पर्दछ ।

१२. **कन्टिन्जेन्सी रकम** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को नियम १४(१) मा कन्टिन्जेन्सी वापत ४ प्रतिशत छुट्टयाई खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयबाट स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमको लागि खर्च भएको रु ३,१८,७४,५८२।- को ४ प्रतिशतले हुने रकम रु १२,७४,९८३। मात्र छुट्याई खर्च गर्नुपर्नेमा कुल बजेटकै रु १३,४०,०००। छुट्याइएको नियमावलीमा भएको व्यवस्था भन्दा बढी खर्च गर्न नमिल्ने रु १,४७,८०५।- कन्टिन्जेन्सीमा बढी खर्च गरेको छ ।

१३. **कार्यक्रम संशोधन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३१ मा स्थानीय निकायको परिषदबाट कार्यक्रम र बजेट स्वीकृत नगराई अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्ने आदेश दिन नपाउने व्यवस्था छ । कार्यालयबाट विभिन्न बजेट शीर्षकबाट कार्यक्रम संचालन गर्दा बजेट तथा कार्यक्रम संशोधन वेगर नै रू २२,७७,१६६/- खर्च गरेको देखियो । कार्यक्रम संशोधन गरेर मात्र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ

१४ **कार्यविधि** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९को नियम ३(ग) बमोजिम लक्षित समुह अन्तर्गत ६० वर्ष उमेर पुरा भएका एकल महिलालाई सामाजिक सुरक्षा भत्ता वापत प्रति महिना रू ५०० को दरले चौमासिक रूपमा सम्बन्धित गा.वि.स.बाट भुक्तानी दिने व्यवस्था रहेको छ। तर यस जिल्लाको दुई गाउँ विकास समितिको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा ६० वर्ष उमेर पुरा नभएका एकल महिलालाई पनि सो भत्ता उपलव्ध गराएको पाईयो। कार्यविधिमा भएको व्यवस्था विपरीत भुक्तानी भएको रू ९,१२,०००। सम्बन्धितबाट असुल उपर हुनुपर्दछ ।

१५ **उपभोक्ता समिति** : जिल्ला विकास समितिद्धारा संचालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (१) मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ। नियमावलीको नियम २०५ (३) मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष २०९ वटा योजना उपभोक्ता समिति मार्फत गराए तापनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । नियमावलीमा उल्लेख भए अनुसार गराउन सम्बन्धित निकायको ध्यान पुग्नु जरुरी छ ।

१६ **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ मा कर योग्य भुक्तानीमा वहाल कर तथा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत संचालित योजनाको सम्वन्धमा उपभोक्ता समितिबाट कार्यालयमा बिल भरपाई बेगर प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी हुने गरेको छ । कार्यालयद्धारा सम्झौता गरी चालु रहेका तथा आगामी सम्झौता हुने यस्ता योजनाहरुमा खपत हुने सामान तथा भाडामा लिई प्रयोग हुने मेशिन तथा उपकरणमा दर विश्लेषण वमोजिम हुने रकममा वहाल कर एवं अग्रिम कर कट्टी र दाखिला हुने व्यवस्था तर्फ कार्यालय तथा सम्वन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ।

१७. **पाइपको मौज्दात** : स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ४६ मा खर्चको विस्तृत विवरण र खर्च प्रमाणित गर्ने प्रमाण सहितको स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण वमोजिम विविध योजनाका लागि खरिद गरीएका रु.८,१२,०६६।- को पाइप मौज्दात रहेकोमा रु.२०,९४,५६०।- थप खरिद गरी रु २९,०६,६२६।- वराबरको मौज्दात रहेकोमा यो वर्ष २१,७०,०८९।- बरावरको प्रयोग गरी रु.७,३६,५३७- वरावरको पाइप मौज्दात रहेको देखिन्छ। यो वर्ष ९३०० मीटर पाइप प्रयोग नभै मौज्दातमा रहेको स्थिति छ। आवश्यकता, औचित्य र उपयोग स्थितिलाई विचार नगरी खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१८ **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही कार्यालयले कर दस्तुर सेवा शुल्क र भाडावापत जम्मा भएको ५० लाख देखि रु.१ करोड सम्म जम्मा भएमा ३० प्रतिशत प्रशासनिक कार्यमा खर्च गर्न पाउने व्यवस्था छ। कार्यालयले यो वर्ष रु ६९ लाख ५५ हजार ८५५ आय गरेकोमा सो बमोजिम ३० प्रतिशतले हुने रु.२० लाख ८६ हजार ७५६ मात्र खर्च गर्न पाउनेमा रु.३३ लाख ४७ हजार १९० खर्च गरी रु.१२ लाख ६० हजार ४३४ बढी खर्च गरेको पाइयो । यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ भनी विगत प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत रहेकोले पदाधिकारीहरुलाई सचेत गराउने तर्फ तालुक निकायको ध्यानाकृष्ट हुनुपर्दछ।

१९. **अनुमोदन** : खुला दिसामुक्त क्षेत्र घोषणा कार्यक्रम संचालन गर्न रू २ लाख को कार्यक्रम तथा बजेट स्वीकृत भएकोमा जिल्ला विकास समितिबाट पछि अनुमोदन हुने गरी एक समितिलाई रू १ लाख थप गरी रू ३ लाख भुक्तानी दिएको पाइयो । यसरी कार्यक्रम तथा बजेट भन्दा रू १ लाख बढी भुक्तानी भएको छ ।

२०. **कार्यक्रम संशोधन** : राजश्व बांडफांड तर्फको २०७२।७३ को कोष पूंजीगत बजेट तथा कार्यक्रम अन्तर्गतको लागि रू ७५ लाख बजेट स्वीकृत गरेकोमा रू.६१ लाख ८ हजार ३७० खर्च भएको छ । २०७३।०२।३२ मा भएको जिल्ला विकास समितिको कार्यालय र एक संस्थासंग समन्वय गरी क्षमता विकास तालिम कार्यक्रम संचालन भएको देखिन्छ । सो कार्यक्रमको खर्च रू.३ लाख ५८ हजार भएकोमा जिल्ला विकास समितिले एकमुष्ट रू २ लाख ७५ हजार भुक्तानी गरेको पाइयो

तर यस आ.व.मा स्वीकृत बजेट तथा कार्यक्रममा सो कार्यक्रम नपरेकोले यसरी गरेको भुक्तानीलाई नियमित मान्न सकिएन ।

२१. **खर्चको आधार** : एक संस्थालाई हिंसा पिडीत महिला वालवालीकाका लागि गृह संचालन गर्न रु २२ लाख भुक्तानी दिएकोमा सो कार्यालयले पेश गरेको खर्च विवरणमा एक व्यक्तिलाई चैत्रदेखि आषाढसम्म प्रतिमहिना रु २५ हजार का दरले रु १ लाख भुक्तानी दिएको देखिएकोले कार्यक्रम संचालकालागि खर्च गर्न दिएको रकम तलव शीर्षकमा खर्च लेखेको अनियमित भएको देखियो ।

२२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,,२०६४ को नियम १८२ मा काम खुलाई पेश्की लिने र म्यादभित्र फछ्र्यौट गराउनु पर्ने व्यवस्था छ। कार्यालयले पेश्की दिदा काम नखुलाउने, पद र प्रयोजन नखुलाएको र स्थायी र अस्थायी ठेगाना सहित ३ पुस्ते नखुलाई दिएको पेश्की समयमा फछ्र्यौट हुने गरेको पाइएन । नियमको व्यवस्था अनुरुप ताकेता गरी समयमा काम गराई पेश्की रु.९ करोड ५६ लाख ८७ हजार फछ्र्यौट हुनु पर्दछ ।

२३. **लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ बमोजिम ४० गाउँ विकास समितिको लेखापरीक्षण गर्न ९ जना लेखापरीक्षक नियुक्ति गरेकोमा हालसम्म १४ गाविसको मात्र लेखापरीक्षण भएको र सोमध्ये पनि ६ गाविसको मात्र लेखापरीक्षण प्रतिवेदन पेश गरेको विवरण प्राप्त भएको छ । बाँकी गाविसको तोकिए बमोजिम लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ । तग वर्षको कारोवारको ४० वटै गाउँ विकास समितिहरुको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेको पाइयो ।

२४. **स्थलगत निरीक्षण** : समितिले यस वर्ष सम्पादन गरेका कार्यहरुमध्ये निर्वाचन क्षेत्र विकास कार्यक्रमको कार्यसम्पादन स्थिति मूल्याङ्कन गर्नको लागि लेखापरीक्षण डोर र जिल्ला विकास समितिका एक सब इन्जिनियर सहितको टोलीबाट २०७२/१०/२० मा निम्न योजनाहरुको स्थलगत निरीक्षण गरीएकोमा निम्न अवस्था देखियो :

२४.१. गणेशमान स्मृति भवनको लागि रु २० लाख को सम्झौता भई २०७३ आषाढ मसान्तमा अन्तिम बिल भुक्तानी भएकोमा भवनको संरचनाको कार्य सम्पन्न भए तापनि झ्याल ढोकाको खापा हालेको नपाइएको, बिजुली वायरिङ्ग आधा मात्र भएको, भवनको रंगरोगनको कार्य समेत अधुरो रहेको देखियो । फर्निचरमा १३ वटा प्लाष्टिक कुर्सी, एक स्टीलको दराज र एक काठको टेबुल रहेको छ । कार्य सम्पन्नको वखत भवन रंगरोगन नै नभएकोले सो वापतको रकम कट्टा गरेको एक सब इन्जिनियरबाट जानकारी प्राप्त भयो । तर बाँकी कार्य समेत भएको नपाइएकोले सम्झौता अनुसार कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

२४.२. विद्यापुर जनता बहुमुखी क्याम्पसको लागि रु १० लाख ७३ हजार ७६३ को लागत अनुमान तयार गरी रु.९ लाख ८५ हजारको सम्झौता भएको र २०७३/३/१५ मा कार्य सम्पन्न गर्ने भनेकोमा एकतले १८ कोठे भवन बनेको छ । सो भवन निर्माण गर्दा सांसद विकास कोष, जिल्ला प्राविधिक कार्यालय, विश्वविद्यालय अनुदान आयोग, विद्यापुर गा.वि.स. स्थानीय जनश्रमदान र चन्दा समेतबाट बनेको जवाफ पाइयो । करिब रु.८० लाख खर्च भएको भनिएको भवनको सम्पन्न भई कक्षा संचालन भई सकेको छ । अनुदान तथा सहयोग दिने संस्थाबाट भएको काम छुट्टा छुट्टै देखिने अवस्था पाइएन ।

२४.३. राप्ती नदीमा घाट निर्माणको लागि रु ७ लाख खर्च भएकोमा नदी किनारामा सिमेन्ट ढलान र इँटा सोलिङ्ग गरेर २ वटा शव जलाउने घाट निर्माण गरेकोमा एउटा घाटमा इँटा सोलिङ्ग गरेको पाइएन । स्थानीय आवश्यकता र चाहना अनुसार योजना छनौट भए पनि घाट छानो सहितको नभएकोले व्यवस्थित पाइएन । साथै नदी किनारामा पानीले बगाउने सम्भावना समेत देखिएकोले इँटा सोलिङ्ग गर्दै पानीले नबगाउने व्यवस्थाको लगि ध्यान दिनुपर्ने देखिन्छ ।

२४.४. बाबियाचौर सभाहल निर्माणको लागि निर्माण उपभोक्ता समितिका सचिव समेतसंग जानकारी लिइयो । करिब २५ मीटर लम्बाई र १४ मीटर चौडाईको सभाहल निर्माणको लागि रु ४२ लाख ८ हजार को लागत अनुमान तयार गरी यो वर्ष फाउन्डेशन फ्लोरिङ्ग, ग्राह्रो र चौकोस निर्माण गर्ने गरी रु २०,६८,५००/- को सम्झौता भएकोमा सो काम सकिएको पाइयो । तर छानो, झ्याल

ढोकाको खापा र प्लाष्टर लगायतको कार्यको लागि २०७३/०७४ मा रकम विनियोजन नभएकोले सो सभाहल अधुरो अवस्थामा रहेको छ ॥ अतः निर्माण कार्य सम्पन्न गर्न पर्दछ ।

२५. **सम्परीक्षणबाट कायम व्यहोरा:** सामाजिक सुरक्षा भत्ता वितरण निर्देशिका, २०६९ को नियम ३(ग) मा लक्षित समूह अन्तर्गत ६० वर्ष पुरा भएमा विवाह नगरी बसेका एकल महिला र सम्बन्ध बिच्छेद भएका एकल महिलालाई भत्ता दिने र विधवा सबैलाई दिने व्यबस्था भएकोमा सम्परीक्षणको लागि पेश भएका मध्ये ५०५ जना २०६९/७० का लाई रु.१० लाख १० हजार र २०७१/७२ मा ६५३ जनालाई रु.२६ लाख १२ हजार गरी जम्मा रु.३६ लाख २२ हजार एकल महिला ६० वर्ष भन्दा कमका भनी भत्ता वितरण गरेकोमा उक्त महिला एकल नै भन्ने स्पष्ट नभएकोले स्पष्ट गरेर मात्र भत्ता वितरण गर्ने व्यवस्था गर्नु पर्ने देखिएको छ ।

## जिल्ला भू–संरक्षण कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको,एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन नगरेको, जिन्सी खातामा रहेको केही सामानको मूल्य नखुलेकोमा मूल्य खुलाइ नराखेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भू संरक्षण कार्यक्रम र राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अर्न्तगत संचालित आयोजनाहरुको अनुगमन गरी अनुगमन प्रतिवेदन तयार नगरेको तथा अध्यावधिक रुपमा सामाजिक लेखापरीक्षण नभएको, संचालीत कार्यक्रमको उपभोक्ता समितिलाई विधिवत रुपमा हस्तान्तरण नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **खर्च संरचना** : स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले ३ उपशीर्षकहरुमा कूल पूँजीगत तथा कार्यक्रम खर्च र अन्य रु २ करोड ४८ लाख ७२ हजार भएकोमा तेस्रो चौमासिकमा रु १ करोड ७२ लाख ८४ हजार अर्थात ६९.४९ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाढमा मात्र रु १ करोड ४ लाख १२ हजार अर्थात कुल खर्चको ४१.८६ प्रतिशत खर्च भएको देखिन्छ। यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।

३. **फरक खर्च शीर्षक** : खर्च शीर्षक अनुरुप खरिद कार्य गरी खर्च लेख्नु पर्दछ। आर्थिक संकेत तथा बर्गीकरण अनुसार २२२१२ खर्च संकेत नं. मर्मत संभार शीर्षकबाट खर्च लेखांकन गर्नु पर्ने रु २ लाख ८ हजार ४७४ को मोटर ग्यारेज मर्मत २२४११ खर्च संकेत नं. परामर्श सेवा शीर्षकबाट खर्च लेखेको देखियो । खर्च शिर्षक फरक पारी खर्च लेखेको नियम सम्मत देखिएन ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। खरिद योजना बनाई बजेट तथा कार्यक्रमसँग आवद्ध गरी चौमासिक लक्ष्य बमोजिम कार्यक्रम संचालन तथा खर्च नभएको, शिक्षकको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च गरेको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, कार्यालय निरीक्षणबाट देखिएका व्यहोरा र तत्पश्चात गरीएका सुधारहरुको अभिलेख नराखेको, केही कार्यक्रममा लक्ष्य अनुरुपको प्रगति हासिल गर्न नसकेको, निकासा अभिलेख नराखेको, रसिद नियन्त्रण खाता नराखेको कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२ **छात्रवृत्ति** : शिक्षा विभागले प्रकाशित गरेको २०७२।७३ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको कम्पोनेन्ट नं. ८.२.१३ मा नाम नामेसी सहित छात्रवृत्ति रकम विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष १५५ विद्यालयका ८७३ छात्र, छात्रालाई १४ लाख ४ हजार १०० उपलब्ध गराएकोमा निर्देशिकामा भएको उक्त व्यवस्था अनुसार नामनामेसी वेगर विद्यालयको खातामा जम्मा गरेकोले निर्देशिका अनुसार वितरण भएको यकिन गर्न सकिएन । विद्यार्थीको बैंक खातामा दाखिला भएको प्रमाण पेश गर्नु पर्दछ ।

विद्यालयको खातामा रकम जम्मा गरेको भए पनि १०७ जनाको द्वन्द्व पीडित छात्रवृत्ति एक विकास बैंकको नाममा पठाएको मध्ये ८४ जनाको बैंक खाता नम्बर उल्लेख नगरी रु ९ लाख १५ हजार पठाएको पाइयो । यसबाट भुक्तानी अवस्था यकिन हुन सकेन । अतः सम्बन्धितको खातामा जम्मा भएको प्रमाण पेश हुनु पर्दछ ।

३. **बढी खर्च** : रकम खर्च गर्दा तोकिएको कार्यविधि र नर्म्स अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट एस.एल.सी. नियमित परीक्षा २०७२ को केन्द्र संचालन गरी ३० वटा परीक्षा केन्द्रका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक तथा परिचरहरुले पाएको रकमको पेश्की फछ्यौट गर्दा एक केन्द्र संचालकका लागि रकम भुक्तानी दिँदा स्वीकृत नर्म्स भन्दा रु.२ हजार ३८० बढी भुक्तानी गरेको देखिएकोले असुल गर्नु पर्दछ ।

४ **कर बीजक** : सार्वजनिक खरिद नियमावली, २०६४ को १९ (१) अनुसार रु.५ हजार भन्दा बढीको खरिद कार्य गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका बिक्रेतासंग खरिद गर्नुपर्ने व्यबस्था छ । कार्यालयबाट विभिन्न बिक्रेतालाई विविध खर्च वापत कर विजक बेगर रु ५४ हजार भुक्तानी गरेको देखिएकोले कर विजक पेश हुनु पर्दछ ।

५ **नपाउने भत्ता** : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ५ अनुसार फिल्ड भत्ता पाइरहेका कर्मचारीहरुले आफु कार्यरत जिल्लाभित्र भ्रमणमा रहंदा यस नियमावली, वमोजिम दैनिक भत्ता नपाउने व्यवस्था छ । कार्यालयबाट स्रोत व्यक्तिले तोकिएको फिल्डमा नै **"निरन्तर शिक्षा कक्षा कार्यक्रम"** अवलोकन गर्दा नियमावली, अनुसार भुक्तानी दिन नमिल्ने रकम भुक्तानी गरेको पाईएकोले उक्त अवधिको दैनिक रु.९०।- का दरले हुने ५ दिनको फिल्ड भत्ता रु.६ हजार ३०० कट्टी गरेको नदेखिएकोले सम्वन्धित व्यक्तिहरुवाट असुल गर्नुपर्ने देखिएको छ ।

६. **बढी रकम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(९) मा कार्यालय प्रमुखले आर्थिक कारोबार गर्दा सरकारी नगद जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध गर्नुपर्ने उल्लेख छ। कार्यालयबाट पाठ्यपुस्तकको रकम निकासा गर्दा विभिन्न छ वटा विद्यालयलाई दोहोरो पर्ने गरी रु ८४ हजार बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नु पर्दछ ।

७. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च भएका बिल भरपाई सहित लेखा राख्नुपर्नेमा सम्वन्धित व्यक्तिले रकम बुझेको भरपाई बेगर रु.८ हजार ९२५ भुक्तानी गरेको छ । उक्त रकम बुझेको भपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

८. **बढी निकासा**: शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता निकासा गर्दा दरवन्दी तथा कार्यरत कर्मचारीको तलब भत्ताको आधारमा खर्च लेख्नुपर्नेमा प्रथम चौमासिकको तलब भत्ता निकासा गर्दा एक उ.मा.वि.लाई रु.८ लाख ६० हजार ८९६ निकासा गर्नुपर्नेमा रु.१७ लाख २१ हजार ७९२ निकासा गरेकोले बढी निकासा दिएको रकम रु.८ लाख ६० हजार ८९६ सम्बन्धित विद्यालयबाट असुल हुनुपर्दछ ।

९. **भौतिक सुविधा**: स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न शिक्षा विभागवाट प्रकाशित कार्यक्रम कार्यान्वयन निर्देशिकाको २.३.(च) अनुसार आर्थिक वर्षको जेष्ठ मसान्तसम्म निर्माण कार्य सम्पन्न गरी सक्नुपर्ने र सोही निर्देशिकाको २.३. मा सम्झौता भएका विद्यालयहरुलाई काम सम्पन्न भै नापी किताव अद्यावधिक गरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार भएपछि दिने र कार्य सम्पन्न

नगर्ने विद्यालयलाई अन्तिम किस्ता नदिने उल्लेख छ । कार्यालयले २०७२/०७३ को विद्यालय क्षेत्र सुधारको (भौतिक सुधार) अर्न्तगत कार्यक्रम संचालनको लागि विद्यालय भवन, शौचालय र फर्निचर निर्माण एवं खरिदका लागि १८९ विद्यालयलाई निकासा दिएको रु.१० करोड ८६ लाख ५० हजारको कार्य सम्पन्न भएको पाइएन ।

१०. **भौतिक सुधार** : विद्यालय भौतिक सुधार कार्यक्रमको लागि रु.५९ लाख बजेट स्वीकृत गरी निकासा भई आएकोमा उक्त रकमबाट विभिन्न १० विद्यालयको लागि भवन निर्माण, मेशिनरी उपकरण खरिद, कम्प्युटर ल्याव निर्माण तथा सोलार जडान गर्नका लागि रु.५९ लाख भुक्तानी गरेकोमा उक्त कार्य सम्पन्न गरेको प्रतिवेदन पेश भएको छैन ।

११. **पेश्की बाँकी :** कार्यक्रम संचालन गर्न २ कर्मचारीलाई रु ५९ हजार २२० उपलब्ध गराएको पेश्की लेखापरीक्षणको अवधी सम्म बाँकी रहेको पाइएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९(१) बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

१२. **दाखिला प्रमाण** : सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम अर्न्तगत विभिन्न ३ बिद्यालयलाई ल्याव सामग्री खरिदको लागि रु २२ लाख ५० हजार निकासा दिईएकोमा खरिद, दाखिला, बिल भपाई तथा अनुगमन प्रतिवेदन र प्रगति विवरण प्रतिवेदन पेश भएको छैन ।

१३. **असुलीः** नियमानुसार पाउने दैनिक भ्रमण भत्ता भन्दा बढी भुक्तानी भएको रु.१ हजार १५० व्यावसायिक कर रु.२ हजार ८२१ र बहाल कर रु ३ हजार ३५५ गरी जम्मा रु ७ हजार ३२६ र १.५ प्रतिशत अग्रिमकर कट्टी नगरेको रु ५ हजार १७० असुल गर्नु पर्दछ ।

१४. **दर्ता प्रमाणः** ल्यापटप खरिद वापत रु.४६ हजार २०० भुक्तानी भएकोमा फर्म दर्ता तथा नवीकरण प्रमाण पेश नभएकोले पश हुनु पर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **कारोबारको लेखाः** आर्थिक कार्यविधि नियमावली बमोजिम स्वीकृत ढाँचामा लेखा राख्दा उक्त लेखासँग भिड्ने आवश्यक प्रमाणित कागजातहरु व्यवस्थित तरिकाले राख्नुपर्नेमा लेखासँग भिड्ने आवश्यक प्रमाणित कागजात एबं कार्यक्रमगत खाता समेत राखेको छैन । कार्यक्रमगत खर्च र वाँकी तथा एक कार्यक्रमको खर्च अर्को कार्यक्रमबाट लेखे नलेखेको यकिन गर्न सक्ने अवस्था नरहेकोले सबै कार्यक्रमको अद्यावधिक कार्यक्रमगत खाता राखी खर्च गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणालीः** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुरुप स्पेसिफिकेशन तयार नगरेको, बजेट तथा कार्यक्रम बीच समन्वय हुने गरी निर्धारण गरेको चौमासिक समयभित्र कार्य सम्पादन नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित ब्यहोरालाई कार्यान्बयन नगरेको, जिन्सी खातामा रहेका कतिपय सामानहरुको मुल्य नखुलाई आम्दानी बाँधेको, भ्रमण अभिलेख खाता नराखेको, वार्षिक खरिद योजना तयार नगरेको,औषधिमा तोकिए बमोजिम निःशुल्क वितरण भन्ने छाप नलगाएको, मसान्तमा औषधीको मौज्दात बढि मात्रमा देखिएको, तोकिएको अवधि भित्र ठेक्कासम्झौता गर्ने नगरेको, औषधी खरिद गर्दा गत वर्षको खर्च परिमाण मात्रलाई ध्यान दिई खरिद गरेको तथा मातहतका स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गर्दा सम्बन्धित स्वास्थ्य संस्थाहरुबाट प्राप्त माग फारम संलग्न नराखी वितरण गरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

३. **लक्ष्य प्रगतिः** कार्यालयले तोकिएका कार्यक्रमहरु तोकिएको समय र वजेटको परिधिभित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्ने तथा भौतिक प्रगति र वित्तीय प्रगति बीच तालमेल हुनुपर्नेमा भएको छैन । प्राप्त विवरण अनुसार ६ कार्यक्रममा शून्य र ४ कार्यक्रमा ५० प्रतिशत वा सो भन्दा कम प्रगति हासिल भएको देखिन्छ । बैदेशिक श्रोत तर्फको बजेटको फुकुवा ढिलो भएकोले लक्ष्य प्राप्त

गर्न नसकिएको कार्यालयले उल्लेख गरेपनि तालुक निकाय संग समन्वय गरेर लक्षित कार्य समयमा नै सम्पादन गर्नुपर्दछ ।

४. **चौमासिक खर्च :** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्ने व्यवस्था भएपनि सो अनुसार कार्यक्रम सञ्चालन गरी खर्च गर्न सकेको देखिएन । कार्यालयबाट पेश भएको विवरण अनुसार पूँजीगत खर्च तर्फ पहिलो चौमासिकमा कूल खर्चको शून्य प्रतिशत, दोश्रो चौमासिकमा कुल खर्चको ११ प्रतिशत र तेश्रो चौमासिकमा ८९ प्रतिशत खर्च भएको छ र आषाढमा मात्र ३४ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नु पर्दछ ।

५. **आमा सुरक्षा कार्यक्रम** : आमासुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ अनुसार आमा सुरक्षा सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थालाई सामान्य पसुतिको प्रति सुत्केरी इकाई मूल्य रु.१ हजार र जटिलतायुक्त पसुति इकाई मूल्य रु.३ हजारका दरले र सुत्केरी महिलालाई यातायात खर्च वापत रु.१ हजार र तोकिएको समयमा गर्भ जांच गरे अनुसार ४ पटक गर्भवती सेवा लिई स्वास्थ्य संस्थामा प्रशुति गराए वापत प्रति सुत्केरी रु.४००।- का दरले यातायात खर्च उपलब्ध गराउने उल्लेख छ । यो कार्यालय अन्तर्गत ५० वटा स्वास्थ्य संस्थाहरुलाई निःशुल्क गर्भवती सेवा उपलब्ध गराए वापत रु.८७ लाख खर्च लेखेको देखिन्छ । यो वर्ष सामान्य प्रसुति, जटिल प्रसुति र ४ पटक गर्भवती जाँच गराए वापत रु.७९ लाख १४ हजार ४००।- मात्र उपलब्ध गराउनु पर्नेमा ८७ लाख उपलब्ध गराएको हुँदा बढी निकासा रु.७ लाख ८५ हजार ६०० सो स्वास्थ्य संस्थाबाट असुल गरी दाखिला गर्नुपर्ने देखिएको छ ।

६. **अग्रिम कर :** कार्यक्रम संचालन खर्च भुक्तानीमा बहाल कर रु.८१०।- र पारिश्रमिक कर रु.२ हजार ३ समेत जम्मा रु.२ हजार ८१३ राजश्व दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्दछ ।

७. **कार्यक्रम संशोधन** : प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीबाट २४ सै घण्टा प्रसुति सेवा संचालन गर्न यो वर्ष ३१ जना अ.न.मि.को लागि रु.५९ लाख ५२ हजारको बजेट व्यवस्था भएको देखिन्छ । जस अनुसार प्रति अ. न. मी. मासिक पारिश्रमिक रु.१७ हजार ९८० को व्यवस्था गरेको देखिन्छ । परिवार स्वास्थ्य महाशाखा कार्यक्रम संचालन निर्देशिका, २०७१।७२ मा अ.न.मि. नियुक्ति गर्दा सार्वजनिक खरीद ऐन, २०६३ अनुसार नियुक्ति गरी कार्य गराउनुपर्ने उल्लेख छ । कार्यालयले विगतका वर्षहरुमा कार्यरत अ.न.मि.हरुलाई निरन्तरता दिई कार्य गराएको र मासिक रु.१२ हजार १०० का दरले पारिश्रमिक दिई यो वर्ष ५१ जना अ.न.मि.हरुलाई रु.५८ लाख १७ हजार १७८ खर्च गरेको देखिन्छ । स्वीकृत कार्यक्रममा ३१ जना अ.न.मी. करार सेवाबाट खरिद गर्ने व्यवस्था भएकोमा कार्यक्रम संशोधन बेगर २० जना बढी नियुक्ति गरी तिनीहरुको लागि रु २४ लाख २० हजार खर्च लेखेको पाइयो । स्वीकृत दरबन्दीभन्दा बढी खर्च लेखेको एवं कार्यक्रम संशोधन बेगर खर्च गरेकोले अनियमित देखिएको छ ।

८. **बिल, भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्नेमा बील भरपाई भन्दा बढी भुक्तानी गरेको रु.२० हजार ६०० सम्बन्धितबाट असुल गर्नु पर्दछ ।

८.१ स्वास्थ्य संस्थामा प्रसुति गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था छ । यो वर्ष न्यानो झोला १३०० परिमाणको लागि रु.११ लाख ७० हजार, दोस्रो चौमासिकमा १३०० परिमाणको लागि रु.११ लाख ७० हजार र तेस्रो चौमासिकमा ११०० परिमाणको लागि रु.९ लाख ९० हजार गरी जम्मा ३७०० परिमाणको लागि रु.३१ लाख ५० हजारको बजेट व्यवस्था भएकोमा बोलपत्र प्रक्रियाबाट चैत्र महिनामा १४४० थानको रु.१४ लाख ३२ हजार ६८१ र आषाढ महिनामा २२६० थानको रु.१४ लाख ३२ हजार ६१८ गरी जम्मा रु.२८ लाख ६५ हजार २३६ को ३७०० थान खरिद

गरे पश्चात् आषाढ २३ गते थप २२६० थान खरीद गरी अर्को वर्षलाई समेत पुग्ने गरी मौज्दातमा राखेको पाइयो ।

८.२ कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षबाट जिम्मेवारी सारेको १११७ सेट र यस बर्ष खरिद गरेको ३८०० सेट गरी जम्मा ४८१७ सेट विभिन्न वर्थिङ्ग सेन्टरहरुमा पठाएको उल्लेख छ तर ४८ वटा वर्थिङ्ग सेण्टरहरुबाट प्राप्त विवरणमा ३३२४ जना मात्र सुत्केरी भएको र १११७ सेट मात्र वितरण गरेको देखिन्छ। यस प्रकार ३३२४ सुत्केरी भएको अवस्थामा न्यानो झोला सो भन्दा बढी पठाई खर्च लेखेकोमा कहाँ कति मौज्दात छ, यकिन हुन सकेन। अतः कार्यालयबाट मातहतका वर्थिङ्ग सेन्टरहरु मार्फत् सम्बन्धित सेवाग्राहीलाई वितरण गरेको प्रमाण पेश हुनु पर्दछ ।

८ **बोलपत्र बाहिरबाट खरिद** : कार्यालयले विभिन्न २९ किसिमका औषधी खरिद गर्नको लागि रु.४६ लाखको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा घटी कबोल गर्ने एक आपूर्तकसंग आईटम वाईज सम्झौता गरी सोही बमोजिम खरिद गर्ने गरेकोमा केही औषधी उक्त आपूर्तकसंग खरिद नगरी अर्को दरभाउ पत्र लिई खरिद गरेको पाईयो। टेण्डर गर्दा नै ३९ किसिमका औषधीको माग गर्नु पर्नेमा थोरै आईटम मात्रै माग गरी तोकिए बमोजिमको औषधी माग गरेको देखिएन । तोकिए भन्दा घटी माग गरी दरभाउ पत्रबाट खरिद गर्दा प्रतिस्पर्धा सिमित भई बढी व्ययभार पर्न जाने भएकाले प्रतिस्पर्धा हुने किसिमले खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ

९. **बढी दरमा खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १२३ मा खरिद सम्झौता अनुसार विजकको भुक्तानी गर्दा करारका शर्तनामा अनुसार भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट औषधी खरिदका लागि घटी दररेट पेश गर्ने आपूर्तकसंग खरिद गर्ने सम्झौता गरेकोमा डक्सोलिन, जीवनजल, मेट्रो सिरप, एमोक्स सीरप, सिप्रो भ्याक्सीलन जस्ता औषधी निजसंग खरिद नगरी अर्को सप्लायर्सबाट खरिद गर्दा रु १२ हजार ९५१ बढी व्ययभार परेको छ ।

१०. **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च लेख्दा बिल, भरपाई समेतको श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । जिल्लास्तर संस्था प्रमुखहरुको योजना तर्जुमा कार्यक्रममा सहभागीहरुलाई दैनिक भ्रमण भत्ता तथा यातायात खर्च रु.१ लाख ६ हजारको बील भरपाई संलग्न गरी रु.१ लाख १२ हजार खर्च लेखेको छ । यसरी बिल भरपाई भन्दा बढी खर्च लेखेको रु ६ हजार असुल गर्नुपर्दछ ।

११. **स्थलगत निरीक्षण** : लेखापरीक्षणको सिलसिलामा जिल्ला स्वास्थ्य कार्यालय मातहत स्वास्थ्य संस्थाहरुले प्रवाह गरेको सेवा स्थलगत रुपमा परीक्षण गर्न विद्यापुर स्वास्थ्य चौकीको निरीक्षण गरीयो । निरीक्षणका क्रममा स्वास्थ्य चौकीका प्रमुख लगायत कर्मचारीको उपस्थितिमा निरीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार छ :

१२.१ नेपाल सरकारको निर्णय अनुसार सरकारी स्वास्थ्य संस्थाबाट वितरण हुने औषधीमा "निःशुल्क वितरणको लागि" भन्ने छाप लागेको हुनुपर्दछ। यो स्वास्थ्य संस्थामा मौज्दातमा रहेका औषधिहरुमा नमूना परीक्षण गर्दा प्यारासिटामोल, सिप्रोफ्लोक्लासिन, रेक्टीजीन, रेडिटीन, जींक, मिसोपिस्टोन जस्ता औषधीहरुमा निःशुल्क वितरणको लागि भन्ने छाप लगाएको पाइएन । अतः स्वास्थ्य संस्थाले सरकारी नीति कार्यान्वयन गरेको सुनिश्चित गर्न निःशुल्क वितरणको लागि भन्ने छाप लगाई सेवा दिने व्यवस्था गरी नियमको पालना गर्नुपर्दछ ।

१२.२ कार्यालयको मौज्दात एवं हस्तान्तरण फाराम परीक्षण गर्दा एमोक्सीलिन ५०० एम.जी., भिटामिन बी कम्प्लेक्स लगायतका औषधीहरु विद्यापुर स्वास्थ्य चौकिमा पठाएको देखिएकोमा उक्त संस्थाले जिन्सी खातामा आम्दानी बाँधेको एवं वितरण गरेको नदेखिएकोले बुझि लिई जाने जिम्मेवार कर्मचारीलाई कारवाही गर्नुपर्दछ । आगामी दिनमा संस्थाबाट लिनुपर्ने मौज्दात विवरण लिने, अनुगमन गरी प्रतिवेदन दिने र प्रतिवेदन अनुसार सुधार गर्नुपर्दछ । साथै केही औषधी जिल्ला

स्वास्थ्य कार्यालयबाट बुझिलिएको र सम्बन्धित स्वास्थ्य संस्थामा नपुगेको सम्वन्धमा कार्यालयले छानबिन गरी सम्बन्धितलाई कारवाही गर्नुपर्दछ ।

१२.३ औलोको उच्च तथा मध्यम जोखिम क्षेत्रहरुमा बसोवास गर्ने गर्भवती महिलाहरुलाई गर्भ परीक्षणका समयमा किटनाशक युक्त झुल उपलब्ध गराउने व्यवस्था छ । तर भाद्र ४ गतेसम्म स्टक रहेको र तत् पश्चात निरीक्षण अवधिसम्म परीक्षण गराएका गर्भवतीले झुल पाएको अवस्था देखिएन । यस सम्बन्धमा सोधनी गर्दा जिल्ला स्वास्थ्य कार्यालयले पठाएको झुल भाद्र ४ गतेसम्म वितरण गर्न पुगेको र तत्पश्चात झुल नै प्राप्त नभएको जनाएको छ । आगामी दिनमा झुल उपलब्ध गराउने व्यवस्थाको लागि मन्त्रालयको समेत ध्यानाकर्षण हुनुपर्दछ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद गुरु योजना तयार नगरेको, खरिद योजना तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार तयार नगरेको, जिन्सी खातामा रहेको केही सामानको मूल्य नखुलेकोमा मूल्य खुलाइ नराखेको, म.ले.फा.नं. १७१ अनुसार ढाँचामा ठेक्काको रनिङ्ग बिल नराखेको, बिड डकुमेण्ट्सको अभिलेख नराखेको, डोर हाजिर नियन्त्रण खाता नराखेको, डिभिजनले आफनो क्षेत्रभित्र निर्माणाधिन र निर्माण सम्पन्न सडक, पुल, कल्भर्ट रिटेनिङ्ग वाल लगायतका संरचनाको लगत अद्यावधिक गरी नराखेको, डीएलपीमा रहेका ठेक्काहरुको अभिलेख नराखेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेका, सञ्चालित सडक निर्माण, सुधार सम्बन्धी ठेक्का सम्झौता गर्दा उल्लिखित व्यवस्था अनुसार गुणस्तर आश्वस्तता योजना र कार्यतालिका पेश गर्न लगाउने नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **चौमासिक खर्च :** स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले १२ उपशीर्षकहरुमा कूल पूँजीगत खर्च रु ७३ करोड ४४ लाख १८ हजार भएकोमा तेस्रो चौमासिकमा रु ५१ करोड ४८ लाख ९ हजार अर्थात ७०.१० प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाढमा मात्र रु१८ करोड ७३ लाख ८ हजार अर्थात कुल खर्चको २५.५० प्रतिशत खर्च भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३. **लक्ष्य/प्रगति स्थिति :** कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार ८वटा वजेट उपशीर्षकवाट संचालित १०९ योजना मध्ये ११ वटा योजनामा कार्यक्रम संचालन नभई शून्य प्रगति भएको र २४ वटा योजनामा ७५ प्रतिशतभन्दा न्यून प्रगति हासिल भएको देखियो । निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।

४. **अधुरा ठेक्का :** कार्यालयबाट प्राप्त विवरण अनुसार २०६८।६९ देखि २०७१।७२ सम्मका ११८ ठेक्का सरी आएको र यो वर्ष ठेक्का भएका १०४ सहित २२२ रहेकोमा ११५ ठेक्का सम्पन्न भइ १०७ वटा ठेक्का अधुरो रहेको विवरण पेश भएकोमा देहाय अनुसार देखियो ।

४.१ कार्यालयबाट २०७१।११।६ मा विभिन्न ५९ ठेक्का कार्यका लागी सार्वजनिक खरिद ऐन, २०६३ अनुसार खरिद सम्झौताको अन्त्य गरी दफा ६३(१) अनुसार कालो सूचीमा राख्ने प्रक्रिया अघि बढाउने व्यहोराको लागि सूचना प्रकाशन भएको देखिन्छ । उक्त सूचना अनुसार ३१ वटा फर्मले सम्पर्क राखेको तर कार्य सम्पन्न नभएको, बाँकी २८ वटा फर्म सम्पर्कमा नआएकोमा २ वटा फर्मलाई कालो सूचीमा राख्ने प्रकृयाको थालनी भएको जानकारी गराएको र बाँकी अन्यको हकमा थप कारवाही भएको देखिएन ।

४.२ सार्वजनीक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्र दाताको आचरण सम्बन्धी व्यवस्था र दफा ६३ मा आचरण पालना नगरेमा निजलाई कालो सूचीमा राख्न सकिने व्यवस्था छ। ऐनमा उल्लेख भएको दायित्व पालना नगरेको अवस्थामा समेत आचरण उल्लंघन गरेको मानिने उक्त कानूनी व्यवस्था अनुसार ती बोलपत्रदातालाई कालो सूचीमा राख्न सिफारीश गरेको पाइएन ।

५. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु.५१ लाख ३३ हजार, इन्धन सूचना प्रकाशन, भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु.१ लाख ५१ लाख ३३ हजार र सवारी साधन खरिद गर्न सडक विभागमा पठाएको रु १ करोड २० लाख समेत रु.३ करोड २६ लाख २५ हजार कन्टिजेन्सी खर्च लेखेको छ। यस्तै प्रकृतिको खर्च चालु बजेटबाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्चहरु पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

६. **ठेक्का व्यवस्था** : आार्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरीसक्नु पर्ने व्यवस्था भएकोमा डिभिजन कार्यालयबाट यो वर्ष १०४ वटा ठेक्का व्यवस्था भएकोमा प्रथम चौमासिकमा २५ वटा मात्र, दोस्रो चौमासिकमा ४० वटा, तेस्रो चौमासिकमा ३९ वटा अर्थात ३७.५ प्रतिशत र आषाढ महिनामा मात्र रु १७ करोड २२ लाख ३० हजार रकमको ७ (६.७३ प्रतिशत) ठेक्का व्यवस्था गरेको पाइयो । यो वर्ष भएका कूल १०४ ठेक्का सम्झौतामध्ये ६५ वटा मात्र यसै आर्थिक वर्षभित्र सम्मन्न हुन सकेको देखियो । अतः नियममा उल्लिखित अवधिमा ठेक्का व्यवस्था गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

७. **एज बिल्ट ड्रइङ्ग** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले एज बिल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख छ । सम्झौताको दफा ५७.१ र ५७.२ मा निर्माण व्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्रइङ्ग पेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा रु १ लाख रकम रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ । यस वर्ष परीक्षण गरीएकामध्ये अन्तिम बिल भुक्तानी भएका विभिन्न १९ सडक, पुल योजनाको एज बिल्ट ड्रइङ्ग पेश नभएकोमा रु.१९ लाख रोक्का राख्नुपर्नेमा रोक्का नराखी भुक्तानी खर्च लेखेको नियम सम्मत देखिएन ।

८. **थप व्ययभार** : सार्वजनिक खरिद ऐन, २०६३ मा बोलपत्र स्वीकृत भई सम्झौताको लागि आह्वान गरीएका बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रजमानत जफत गरी लगतै पछिको अर्को न्यूनतम मूल्यांकित बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी सम्झौता गर्नु पर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रथम घटीवाला बोलपत्रदाता सम्झौता गर्न नआएको कारण २९ ठेक्कामा दोस्रो घटीवाला बोलपत्रदाता संग सम्झौता गर्नु परेको कारण बोलपत्र जमानत वापतको रकम रु ६ लाख २४ हजार ५०० दाखिला गर्दा समेत नेपाल सरकार लाई रु.३३ लाख ७० हजार थप व्ययभार पर्न गएको देखिएको छ ।

९. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको कामसम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई म्याद थप गर्न सक्ने व्यवस्था छ । म्याद थप सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवस्था भएअनुसार कतिपय ठेक्का प्याकेजहरुमा पटक पटक गरी शुरु सम्झौता अवधिको ३७५ प्रतिशतसम्म म्याद थप भएर पनि उक्त ठेक्का कार्यहरु अधुरै अवस्थामा रहेको देखिएका छन् ।

९.२ निर्माण व्यवसायीबाट म्याद थपका लागि प्राप्त निवेदन उपर यथासमयमै आवश्यक कारवाही गरी समयमै कार्य सम्पन्न गर्न, गराउन पहल गरीनु पर्दछ । डिभिजन कार्यालय अन्तर्गत सञ्चालित कतिपय सडक तथा पुल निर्माण कार्यको ठेक्काहरुमा म्याद थपको निर्णय हुन २९ महिनासम्म लगाएको अवस्था देखियो । अतः निर्माण व्यवसायीबाट म्याद थपका लागि प्राप्त निवेदन उपर यथासमयमै आवश्यक कारवाही गरी समयमै कार्य सम्पन्न गर्न, गराउनु पर्दछ ।

१०. **पेश्की कट्टी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल, बिजकबाट कट्टा गर्नु पर्ने व्यवस्था छ । यस वर्ष नमूना छनौट गरी परीक्षण गरीएका ठेक्का प्याकजेजमा सम्झौता रकमको ७६ प्रतिशतसम्म भुक्तानी भइसकेको अवस्थामा पनि सम्झौता अनुसार मोबिलाइजेशन पेश्की क्टटा नगरी भुक्तानी भएको वा पेश्की कट्टी गरेकोमा पनि ३० प्रतिशतभन्दा न्यून हुने गरी कट्टी गर्ने गरेको पाइयो । नियमावली तथा सम्झौताको प्रावधान अनुसार मोबिलाइजेशन पेश्की क्टटा गरेर मात्र भुक्तानी गर्ने व्यवस्था तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

११. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । कार्यालयले विभिन्न सडक योजना तथा मार्गमा स्थानीयको माग अनुसार तत्काल कार्य गराउन आवश्यक देखिएको उल्लेख गरी रु ५ लाखसम्मका टुक्रा लागत अनुमान तयार गरी विभिन्न ३ निर्माण व्यवसायीहरुबाट सोझै कार्य गराई लागत अनुमानकै हाराहारीमा सम्झौता गरी रु ४१,१२,०१५।- को निर्माण कार्य गराएको नियमसम्मत देखिएन ।

१२. **पुलहरुको कार्य प्रगति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्थामा म्याद सकिनु कम्तिमा ७ दिन अगावै अवधि थपका लागि निवेदन दिनुपर्ने व्यवस्था छ ।

डिभिजन कार्यालय अन्तर्गत सञ्चालित १३ वटा पुल निर्माणको ठेक्कामा शुरु सम्झौता अवधिको ४७५ प्रतिशतसम्म म्याद थप भएको पाइयो । पुल योजनाहरु पटक पटक म्याद थप भएर पनि कार्य अधुरै रहेका, कतिपयमा केही कार्य शुरु गरी बीचैमा छाडिएका, म्याद थप नभएका योजनामा पनि व्यतित समयावधिको आधारमा प्रगति अत्यन्त न्यून (उदाहरणका लागि बोटखोला र कुमाले खोलाको सम्झौता अवधिको आधारमा २०३ समय व्यतित भए तापनि प्रगति क्रमशः ०.६६ र १७.५५ प्रतिशत मात्र) रहेको देखिन्छ ।

१३. **कार्यमा ढिलाइ** : छिन्चु–जाजरकोट सडक अन्तर्गत भेरी नदीमा पुल निर्माणको लागि शुरु सम्झौता अवधि १२ महिना रहेकोमा २ पटक गरी ४५ महिना थप गरी कार्य सम्पन्न गर्ने अन्तिम म्याद २०७२।१२।३० कायम भएको देखिन्छ । निर्माण व्यवसायीले २०७३ आषाढ मसान्त सम्म पनि निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको नदेखिएको तथा म्याद थप पनि भएको नदेखिएकोले नियमानुसार आवश्यक कारवाही चाल्नुपर्ने देखिन्छ ।

१४. **अवरुद्ध कार्य** : जुम्ला सडक अन्तर्गत जाक्सी खोलामा पुल निर्माण कार्यको लागि २०६९।७० मा एक निर्माण व्यवसायी संग रु २ करोड ४ लाख २१ हजारमा उक्त कार्य १८ महिना भित्र सम्पन्न गर्ने गरी २०७०।४।३ मा सम्झौता भएकोमा २०७१।१०।१२ को निर्णयबाट १५४ दिन अर्थात् २०७२।३।१२ सम्म म्याद थप भएको देखिन्छ । स्वीकृत कार्यक्रम तथा अख्तियारी अनुसार उक्त पुल

योजनाको लागि यस वर्ष रु ३ करोड बजेट व्यवस्था भए तापनि कुनै कार्य नभई प्रगति शुन्य रहेको पाइयो ।

कार्यालयले निर्माण व्यवसायीलाई निर्माण कार्य सुचारु गर्न २ पटक पत्राचार गरेको तथा मिति २०७२।३।६मा एक राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरे तापनि हालसम्म निर्माण व्यवसायी सम्पर्कमा आई कार्य सुचारु गरेको पाइएन । कार्यालयले व्यवसायीलाई प्रदान गरेको पेश्कीमध्ये बाँकी रहेको रु.१६ लाख ६८ हजार कृषि विकास बैंक मार्फत् निजको नाममा जारी भएको पेश्की जमानतबाट असुल गरेको देखियो । अतः यस सम्बन्धमा सार्वजनिक खरिद ऐनको दफा ५९ अनुसार आवश्यक कारवाही हुनु पर्दछ ।

१५. **ठेक्का स्थिति :** साविकमा–जुम्ला सडक योजनाबाट आ. व. २०६९।७० मा ठेक्का व्यवस्था भएका वोट खोला पुल, कुमाले खोला पुल र ज्याक्सी खोला पुल योजनाको ठेक्का फाइल तथा सम्झौता लगायतका डकुमेण्ट्स मिति २०७१।१०।१९ मा यस डिभिजन कार्यालयमा हस्तान्तरण भई आएकोमा निम्न व्यहोरा देखियो :

१५.१ सार्वजनिक खरिद नियममावली, २०६४ को नियम ११३(६) मा सम्झौतामा उल्लिखित समयावधि भित्र कार्य सम्पादन नगरेको कारणले पेश्की फछर्यौट हुन नसकेमा बैंक जमानतको रकम सम्बधित बैंकबाट प्राप्त गरी पेश्की फछर्यौट गर्नुपर्ने र पेश्की रकमको दश प्रतिशत व्याज समेत असुल उपर गर्नु पर्ने उल्लेख छ । त्यस्तै सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ ।

बोट खोला पुल र कुमाले खोला दुवै पुल निर्माणको लागि छनौट भएका एक निर्माण व्यवसायीले बोट खोला पुलको काम शुरु नै नगरेको तथा कुमाले खोला पुलको कार्य पनि फाउण्डेशन र सब-स्ट्रक्चरको केही कार्य गरी २०७१।७२ मा दोस्रो रनिङ्ग बिलसम्मको भुक्तानी लिए पछि निर्माण स्थल छाडेको र लामो समयसम्म कार्य सुचारु नगरेपछि डिभिजन कार्यालयले कार्य सम्पादन जमानत र पेश्की जमानगत जारी गर्ने बैंकसँग उक्त जमानतहरु जफत गर्नको लागि पत्राचार गरेकोमा उक्त निर्माण व्यवसायीको नाममा कुनै जमानत जारी नभएको जवाफ प्राप्त भएको देखिन्छ । तत् पश्चात् डिभिजन कार्यालयले ०७२।९।२१ मा उक्त २ ठेक्का कार्यका निर्माण व्यवसायीका नाममा जिल्ला प्रहरी कार्यालय, मा सरकारी कागजात कीर्ते सम्बन्धी जाहेरी दिएको देखिन्छ । कार्यालयको सिफारिशको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले २०७२।११।६ मा निजलाई ३ वर्षसम्म कालो सूचीमा राख्ने निर्णय गरी २०७२।११।९ मा सो सम्बन्धी सार्वजनिक सूचना जारी गरेकोमा २०७३।१०।२१ को निर्णयबाट ठेक्का तोड्ने निर्णय गरेको पाइयो । उक्त २ ठेक्काका निर्माण व्यवसायीबाट पेश्की जमानत र कार्य सम्पादन जमानत वापतको रु.७३ लाख ६५ हजार तथा बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकम समेतको लगत कायम गरी सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ थप  कारवाही हुनु पर्ने देखिन्छ ।

१६. **प्रगति स्थिति** : दैलेख – अछाम सडक अन्तर्गत कर्णाली नदीमा स्टील ट्रस बृज निर्माण कार्यको लागि २०६७।६८ मा रु १४ करोड ८४ लाख ६५ हजार कबोल गर्ने एक निर्माण व्यवसायी संग ४२ महिना अर्थात् २०७१।९।२८ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०६८।३।२८ मा सम्झौता भएको देखिन्छ । सडक विभागको २०७३।३।२४ को निर्णयबाट ठेक्का सम्झौताको म्याद २०७४।३।२८ सम्म थप भएको देखियो । आर्थिक वर्ष २०७१ सम्म निर्माण व्यवसायीलाई पाँचौ रनिङ् बिलसम्म रु ३ करोड २५ लाख ५१ हजार भुक्तानी भएको देखिन्छ । स्वीकृत कार्यक्रम तथा अख्तियारी अनुसार उक्त पुल योजनाको लागि यस वर्ष रु २० लाख बजेट व्यवस्था भए तापनि कुनै कार्य नभई प्रगति शुन्य रहेको पाइयो । पुल निर्माणको लागि भएको सम्झौताको अवधि ४२ महिना व्यतित भई थप २५ महिना समेत व्यतित भइसकेकोमा समग्र प्रगति २४ प्रतिशत मात्र देखिएको छ ।

१७. **अवरुद्ध कार्य :** तेलपानी–भुरीगाउँ सडक अन्तर्गत भेरी नदीमा स्टील ट्रस पुल निर्माण कार्यको लागि २०६९।३।२९ मा ४२ महिना अथांत् २०७२।९।२८ मा निर्माण कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग रु १६ करोड १५ लाख ७८ हजार मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार कार्य सम्पन्न गर्नु पर्ने म्याद समाप्त भएको १३ महिना व्यतित भइसकेको भए तापनि कार्य सम्पन्न पनि नभएको तथा म्याद थप पनि नभएको अवस्था देखियो । आ.व. २०७१ सम्म निर्माण व्यवसायीलाई पाचौं रनिँङ बिलसम्म रु ३ करोड ७१ हजार १३ हजार (२३ प्रतिशत) भुक्तानी भएको देखिन्छ । स्वीकृत कार्यक्रम तथा अख्तियारी अनुसार उक्त पुल योजनाको लागि यस वर्ष रु २ करोड ५० लाख बजेट व्यवस्था भए तापनि कुनै कार्य नभई प्रगति शुन्य रहेको पाइयो ।

१८. **पेश्की जमानत** : सार्वजनिक खरिद नियममावली, २०६४ को नियम ११३(४) मा बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने र पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सम्बधित बैंकबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्ने र पेश्की रकमको दश प्रतिशत व्याज समेत असुल उपर गर्नु पर्ने उल्लेख छ । कार्यालयबाट भेरी नदी (रामघाट) पुल कर्णाली पुल र राकम, दैलेख, पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई ३ करोड १४ लाख ५० हजार पेश्की प्रदान गरेकोमा ठेक्का कार्यमा सम्झौता अनुसार कार्य नभएको कारणबाट पेश्की फछ्र्यौट हुन नसकेको र पेश्की जमानतको म्याद समेत समाप्त भइसकेको देखिएकोले निजहरुलाई गएको पेश्की जोखिममा रहेको पाइयो । यस सम्बन्धमा नियमानुसार आवश्यक कारवाही गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

१९. **कर बीजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका हरेक फर्मले अनुसूची ५ बमोजिमको ढाँचामा सिलसिलेवार नंबर र मिति सहितको बीजक जारी गर्नुपर्ने व्यवस्था छ ।एक निर्माण व्यवसायी लाई रु.७ लाख ८३ हजार भुक्तानी गरेकोमा निजले पेश गरेको मूल्य अभिवृद्धि कर बीजकमा नम्बर उल्लेख नभएको साथै भुक्तानी मितिभन्दा ५ दिनपछि बिजक जारी गरेको पाइयो । मूल्य अभिवृद्धि कर रु.९० हजार समायोजन भएको प्रमाण पेश हुनु पर्दछ ।

२०. **उद्घाटन खर्च** : छिन्चु–जाजरकोट सडक खण्डमा पर्ने भेरी नदीमा निर्माणाधीन पुल उद्घाटनको लागि माननीय भौतिक पूर्वाधार तथा यायातात मन्त्री तथा अन्य पदाधिकारी समेतको लागि नेपाली सेनाको एम.आई. १७ हेलिकप्टर भाडामा लिए वापतको रकम उल्लेख गरी नेपाली सेनालाई रु.१७ लाख १८ हजार भुक्तानी खर्च लेखेको पाइयो । २०७२ आषाढ मसान्तसम्म उक्त पुलको अन्तिम बिल तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको अवस्थामा २०७३ ज्येष्ठ १० गते नै उद्घाटन गराई भाडा वापत उक्त खर्च लेखेको मनासिब देखिँदैन ।

२१. **न्यून प्रगति** : स्वीकृत कार्यक्रम अनुसार खर्च गरी सो को आधारमा तोकिएको लक्ष्य हासिल गर्नु पर्नेमा स्थानीय सडक, पुल कार्यक्रम अन्तर्गत सञ्चालित डोटे झिंगानी पुल र गोछे खोला पुल योजनामा यस वर्ष क्रमशः वार्षिक विनियोजनको तुलनामा ९५ प्रतिशत र १६५ प्रतिशत खर्च भएकोमा भौतिक प्रगति प्रतिशत क्रमश ५२.१७ र ५७.७ मात्र प्रगति देखिएको छ । यस सम्बन्धमा यकिन हुनु पर्दछ ।

२२. **बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा कार्यालय प्रमुखले नियम ३२ बमोजिम निकासा लिई बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गोछेखोला पुल, छिन्चु खोला पुल र ज्यामिरेखोला पुल योजना ३ को लागि स्वीकृत वार्षिक वजेट रु ६ करोड २० लाख भएकोमा ३वटा पुलमा विनियोजन भन्दा रु २ करोड ३२ लाख ९१ हजार वढी खर्च लेखेको पाइएकोले यसरी बजेटको सीमा नाघी गरेको खर्च नियमसम्मत देखिँदैन ।

२३. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । यस डिभिजन अन्तर्गत सञ्चालित ठेक्का प्याकेजका निर्माण व्यवसायीहरुमध्ये कतिपयले सम्झौता अवधि तथा डिफेक्ट लियाबलिटिज पिरियडसम्मको हानि नोक्सानी कभर हुने गरी बीमा नगराएका तथा तथा सम्झौता भएको लामो समयपछि मात्र रनिङ बिलको भुक्तानी लिने बेलामा बीमा गराएको समेत पाइयो । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

२४. **कार्यक्रम/बजेट व्यवस्था** : शान्ति कोष सचिवालयबाट स्रोत व्यहोर्ने गरी धुलियाबिट–भेडाबारी सडक खण्ड अन्तर्गत चिंगाड खोलामा ट्रस बृज निर्माण गर्न एक निर्माण व्यवसायीसँग उक्त कार्य २०६९।२।१७ भित्र सम्पन्न गर्ने गरी २०६७।६।१८मा रु ३ करोड ७५ लाख ६८ हजारको सम्झौता भएको देखिन्छ । उक्त ठेक्का सम्झौताको म्याद २०६९।८।१६ सम्म थप भएकोमा त्यस पछि म्याद थप पनि नभएको तथा कुनै कार्य प्रगति पनि भएको छैन । कार्यालयले यस आर्थिक वर्षमा उक्त पुल योजनाको लागि कुनै कार्यक्रम तथा बजेट प्रस्ताव गरी स्वीकृत गराएको पाइएन । निर्माण व्यवसायीलाई गएको पेश्कीमध्ये रु.२१ लाख ६० हजार बाँकी भएकोमा पेश्की जमानतको म्याद १५ जनवरी २०१७ सम्म थप गराएको पाइयो । कार्यालयले २०७३।२।२१ मा कार्य प्रगति सन्तोषजनक नभएको भनी निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न निर्देशन गरेकोमा निर्माण व्यवसायीले २०७३ पौष मसान्तभित्र कार्य सम्पन्न गरीसक्ने प्रतिबद्धता व्यक्त गरेको भए तापनि लेखापरीक्षण अवधि (२०७३ माघ २०) सम्म कार्य कार्य सुचारु गरेको पाइएन । कार्यावधि २० महिना भएकोमा ४.५ वर्ष व्यतित भइसक्दा पनि निर्माण कार्य अलपत्र अवस्थामा रहनु, कार्यालयबाट पनि कार्य सम्पन्न गर्ने, गराउने तथा सार्वजनिक खरिद ऐन, नियमानुसार आवश्यका कारवाही अघि बढाउने तर्फ प्रभावकारी कदम नचाल्नु तथा कार्यक्रम प्रस्ताव र बजेट व्यवस्था समेत नगर्नु मनासिब देखिएन ।

२५. **मूल्य समायोजन :** सार्वजनिक खरिद निमायवली, २०६४ को नियम ११९ मा खरिद सम्झौतामा मूल्य समायोजनको प्रावधान राख्न सकिने व्यवस्था छ । लोहोरे खोला पुलका निर्माण व्यवसायीलाई यो वर्ष मूल्य समायोजन वापत रु.२२ लाख ८३ हजार भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो :

२५.१ निर्माण व्यवसायीसँग भएको सम्झौताको जी.सी.सी. ५०.३ मा मोबिलाइजेशन पेश्कीको क्ट्टी दर सम्बन्धमा स्पष्ट उल्लेख गरेको पाइएन । यस्तै प्रकृतिको अन्य ठेक्काको सम्झौतामा भुक्तानी रकम २० प्रतिशत नाघेपछि हरेक रनिङ्ग बिलबाट ३० प्रतिशतका दरले मोबिलाइजेशन पेश्की क्टटी गर्नु पर्ने उल्लेख छ । यस भौचरबाट आठौं र नवौं रनिङ्ग बिलको मूल्य समायोजन वापत रु १५ लाख २६ हजार भुक्तानी दिएको छ । उक्त २ वटा बिलबाट मूल्य अभिवृद्धिकर बाहेक रु १०८,२७,३१४। भुक्तानी दिएकोमा सो को ३० प्रतिशतले हुने रु ३२ लाख ४८ हजार मोबिलाइजेशन पेश्की क्टटी गर्नु पर्नेमा सो अनुसार नगरी घटी कट्टी गरेको र मूल्य समायोजन रकम गणना शीटमा रु.२१ लाख ६५ हजार४६३ मात्र घटाएको कारणबाट मूल्य समायोजन योग्य रकम रु.१० लाख ८२ हजार ५३७ ले बढी हुन गई मूल्य समायोजन गुणक फ्याक्टर ०.१३७ को भएको आधारमा रु.१ लाख ४८ हजार ३०८ थप व्ययभार परेको रकम असुल गर्नुपर्दछ ।

२५.२ दशौं रनिङ्ग बिलको भुक्तानी गर्दा मोबिलाइजेशन पेश्की रु.१५ लाख कट्टा गरी भुक्तानी भएको छ । तर यस भौचरबाट उक्त बिलको मूल्य समायोजन गणना शीटमा रु.१० लाख ९४ हजार ४७७ मात्र घटाएको कारणबाट मूल्य समायोजन योग्य रकम रु.४ लाख ५ हजार ५२३ ले बढी हुन गई मूल्य समायोजन गुणक फ्याक्टर ०.१५३ को भएको आधारमा रु.६२ हजार थप व्ययभार परेको देखिएको छ । उक्त रकम असुल हुनु पर्दछ ।

२६. **कर बीजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका हरेक फर्मले अनुसूची ५ बमोजिमको ढाचामा सिलसिलेवार नंबर र मिति सहितको बिजक जारी गर्नुपर्ने व्यवस्था छ । झिंगनी खोला पुलका निर्माण व्यवसायीले प्रथम रनिङ्ग बिलको भुक्तानी माग गर्न २०७२ पौषमा जारी गरेको मूल्य अभिवृदि कर बिजकको नम्बर ००८ रहेकोमा दोस्रो रनिङ्ग बिलको भुक्तानी माग गर्न २०७२ चैत्रमा जारी गरेको बिजकको नम्बर ००५ रहेको पाइयो । यसरी ऐनको उल्लिखित व्यवस्था अनुसार सिलसिलेवार नम्बर सहितको कर बिजक जारी गरेको नपाइएकोले दोस्रो रनिङ बिलको लागि भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु ३ लाख २५ हजार समायोजन गराएको प्रमाण पेश हुनु पर्दछ ।

२७. **नर्म्सको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

२७.१ धुलियाबिट–बाङ्गे सिमल सडक विस्तार कार्यको दोस्रो प्याकेज अन्तर्गत कालोपत्रे कार्यमा प्रयोग हुने राउण्ड एग्रिगेट्स (चिप्स) को लागत अुनमान दर तय गर्नको लागि दर विश्लेषण गर्दा उक्त सामग्री २२० कि.मी. टाढा रहेको भालुबाङ्ग देखि ढुवानी गर्ने गरी सो दुरी अनुसार लाग्ने ढुवानी लागत थप गरी लागत अनुमान तयार गरेको पाइयो । यही सडक विस्तार अन्तर्गतको पहिलो प्याकेजमा उक्त सामग्री ५ कि.मी. वरिपरिको क्वारी साइट/प्लाण्टबाट संकलन गर्ने गरी गत वर्ष लागत अनुमान तयार गरी ठेक्का व्यवस्था भइसकेकोमा यस वर्ष लागत अनुमान तथा ठेक्का व्यवस्था गरीएको यस प्याकेजनको लागि २२० कि.मी.टाढाको क्वारी साइट छनौट गरेको कारणबाट उक्त आइटमको लागत अनुमानमा रु.१९ लाख २१ हजार थप व्ययभार परेको छ ।

२७.२ सार्वजनिक खरिद ऐन, नियमानुसार विस्तृत सर्वेक्षण तथा डिजाइनको आधारमा आइटमवाइज परिमाण तथा दर निर्धारण गर्नु पर्नेमा सोही सडक विस्तार कार्य अन्तर्गत पर्ने फर्मेशन अफ इम्ब्यांकमेण्ट, स्टोन म्यासनरी लगायतका अन्य कतिपय आइटमको विस्तृत नाप (लम्बाइ, चौडाइ तथा उचाइ वा मोटाई) नराखी एकमुष्ट परिमाण राखेको पाइयो । अतः यस सम्बन्धमा विस्तृत नाप, जाँच गरी विओक्यू को कार्य परिमाण यकिन गर्नु पर्ने देखिएको छ ।

२८. **भुक्तानी स्थिति :** धुलियाबिट–बाङ्गे सिमल सडक विस्तार (४ लेन सडक) पहिलो प्याकेज) को लागि गत वर्ष एक निर्माण व्यवसायीसंग उक्त कार्य २ वर्ष भित्र सम्पन्न गर्ने गरी २०७२।३।२७ मा रु.१४ करोड ३५ लाख ६४ हजारको सम्झौता भई यस वर्ष पहिलो र दोस्रो रनिङ्ग बिलको लागि रु ३ करोड ३६ लाख ११ हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

२८.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चका बिल, भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालयले यस प्याकेज अन्तर्गतका विद्युत् पोलहरु रिलोकेशनको लागि नेपाल विद्युत प्राधिकरणबाट प्राप्त लागत अनुमानको आधारमा रु.१५ लाख १२ हजार खर्च लेखी भुक्तानी दिएकोमा प्राधिकरणबाट पेश भएको बिल तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा उक्त कार्यको लागि रु.१४ लाख ८६ हजार मात्र खर्च भएको देखिएकोले बढी भुक्तानी भएको रु.२७ हजार असुल हुनु पर्दछ ।

२८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तथा ड्रइङ र डिजाइन स्वीकृत गरी सोही अनुसार निर्माण कार्य गर्नु पर्दछ । स्वीकृत डिजाइन/लागत अनुमान अनुसार ढुंगाको गाह्रो को फाउण्डेशन तथा टपमा गरीने पि.सी.सी. को मोटाइ १० से.मी. रहेकोमा नापी सीटमा १५ से.मी. राखी उक्त कार्यको परिमाण गणना गरेको पाइयो । जसको कारणबाट दोस्रो रनिङ्ग बिलसम्म भएको कार्यमा रु.१लाख २८ हजार ७८१ थप व्ययभार पर्न गएको रकम असुल गर्नुपर्दछ ।

२९. **डिजाइनको पालना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तथा ड्इङ र डिजाइन स्वीकृत गरी सोही अनुसार निर्माण कार्य गर्नु पर्दछ ।

२९.१ स्वीकृत डिजाइन/लागत अनुमान अनुसार राताचौर–रामघाट–समैजीघाट सडकको क्यारिज वे ५.५ मीटर तथा दायाँ बायाँ दुवै तर्फ ०.५/०.५ मीटर गरी १ चौडाइको शोल्जर राख्ने उल्लेख छ । तर कार्यालयले उक्त कार्यका निर्माण व्यवसायीलाई चौथो तथा अन्तिम बिल वापत रु.२८ लाख २४ ८२०। भुक्तानी गरेकोमा सब बेसको परिमाण गणना गर्दा शोल्जरको चौडाइ दुवै तर्फ २.२ मी/२.२ मीटर राखेको पाइयो । जसले गर्दा ३२१ मीटरको सब बेस कार्यमा १०९.१४ घ.मी. थप परिमाणको प्रति घ.मी. रु.१ हजारका दरले रु.१ लाख ९ हजार थप लागत पर्न गएको देखिएको छ ।

२९.२ स्वीकृत डिजाइन/लागत अनुमानमा उक्त सडक खण्डमा ९०० एम. एम. साइजको ह्यूम पाइप राखी २० मीटर लम्बाइको एक कल्भर्ट निर्माण गर्ने उल्लेख भएकोमा उक्त कल्भर्ट निर्माण नगरी ठेक्का फरफारक गरेको पाइयो । यसरी स्वीकृत डिजाइन/लागत अनुमान अनुसार कार्य नगरी ठेक्का फरफारक गरेको मनासिब देखिएन ।

२९.३ स्वीकृत डिजाइन/लागत अनुमान अनुसार जामुने बजार चौर–ज्यामिरे चौर– सिमलाला बहुमुखी क्याम्पस-राकम पुल बजार सडकको सब बेसको मोटाइ १० से.मी. रहेको र १०८५ मीटर लेन्थमा सब बेस बिछ्याइने उल्लेख भएकोमा ८०० मीटरमा मात्र उक्त कार्य भएको र मोटाइ १२ देखि १४ से.मी. राखी उक्त कार्यको परिमाण गणना गरेको पाइयो । जसको कारणबाट २८५ मीटर घटी लेन्थमा कार्य भएको भए तापनि सब बेस कार्यको भोलुम लागत अनुमानकै हाराहारी अर्थात् लागत अनुमानमा ४३४ घ.मी. रहेकोमा ४३०.६३ घ.मी. को भुक्तानी भएको छ । स्वीकृत डिजाइन/लागत अनुमान अनुसार कार्य नहुँदा उक्त कार्यमा थप ७०.४ घ.मी. थप परिमाणको प्रति घ.मी. रु.१ हजार ९०५ का दरले रु.१ लाख ३४ हजार थप व्ययभार पर्न गएको देखियो ।

३०. **बढी व्ययभार :** स्वीकृत डिजाइन/लागत अनुमान अनुसार दीपमाला–देउती बज्यै–त्रिपुरेशवर-धारापानी सडकको सब बेसको मोटाइ १५ से.मी. रहेकोमा २३ से.मी. राखी उक्त कार्यको परिमाण गणना गरेको पाइयो । जसको कारणबाट उक्त कार्यमा थप ७४.५४ घ.मी. थप परिमाणको प्रति घ.मी. रु.८८८।- का दरले रु.६६ हजार थप व्ययभार पर्न गएको देखियो ।

३१. **स-साना योजना :** अन्य शहरी सडक कार्यक्रमबाट विभिन्न ३८ वटा सडक योजनाको लागि रु.२ करोड ९८ लाख ६९ हजार बजेट व्यवस्था भई रु २ करोड ९२ लाख ७८ हजार खर्च भएको देखिन्छ । संचालित ३८ योजनामध्ये ३३ वटा योजनाको वार्षिक विनियोजन रु ६ लाख मात्र रहेको पाइयो । संचालित अधिकांश योजनामा १०० मिटर नाली निर्माण गर्ने, ३०० –४०० मिटर ग्राभेलिङ गर्ने, १२००–१५०० मिटर माटो खनी अपग्रेड गर्ने जस्ता कार्य गरेको देखियो । धेरै ससाना योजना संचालन गर्दा अनुगमन, नियन्त्रण कमी भई गुणस्तरमा ह्रास आउन सक्ने हुँदा यस तर्फ सम्बद्ध कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३२. **लागत अनुमानको पालना :** निर्वाचन क्षेत्र सडक कार्यक्रम अन्तर्गत गुटु - बिजौरा लगाम - बेतना सडक खण्डको कार्य २०७३।३।३० भित्र सम्पन्न गर्ने गरी २०७२।३।- मा एक निर्माणव्यवसायी सँग रु २ करोड ५६ लाख ७९ हजारको सम्झौता भएकोमा तोकिएको अवधिमा १ करोड ८४ लाख ६८ हजारको मात्र कार्य भई ७१.९१प्रतिशत प्रगति हासिल भएकोमा हाल सम्म म्याद थप भएको तथा निर्माण कार्य सम्पन्न भएको देखिएन । स्वीकृत लागत अनुमानमा ग्राभेलिङ गर्ने कार्य ०.१५ से.मी मोटाईमा गर्ने उल्लेख भएकोमा कतिपय स्थानमा ०.२० से.मी मोटाई सम्ममा कार्य गराएको देखिन्छ । त्यस्तै साइड ड्रेन कार्य स्वीकृत लागत अनुमानमा १७००० मिटर लेन्थमा कार्य गराउन ४५९० घ.मी व्यवस्था भएकोमा स्वीकृत लागत अनुमान भन्दा चौडाई र उचाई बढाई कार्य

गराउदा ६००० मिटरमा नै ४५०० घ.मि. कार्य भएको देखिन्छ। स्वीकृत लागत अनुमान अनुशार कार्य नहुँदा ग्राभेलिङमा ९२ हजार १६४ र माटो खन्ने कार्यमा रु ५२ हजार ८०० समेत रु.१ लाख ४४ हजार ९६४ बढी खर्च हुन गएको हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३३. **न्यून प्रगति** : दैलेख बजार - महाबु लेक सडक, दैलेखमा माटो खन्ने तथा संरचना निर्माण २०७३।२।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७२।३।२५ मा एक निर्माण व्यवसायीसंग रु २ करोड ९९ लाख ३२ हजार ७५९ को सम्झौता भएकोमा २०७३ आषाढ मसान्त सम्म मूल्य अभिवृद्धिकर बाहेकको रु.१ करोड ३२ लाख ८१ हजार ४६९ को मात्र कार्य भई ४४.३७ प्रतिशत मात्र प्रगति भएकोमा देहाय अनुसार देखियो :

(क) स्वीकृत लागत अनुमानमा व्याक कटिङ कार्य चेनेज नं ०+००० देखि ३०+००० सम्म ४५००० घ.मी. हुने उल्लेख भएकोमा चेनेज नं. ०+२६०देखि ७+८६०सम्म काम गर्दा नै ३२५०० घ.मी. कार्य भएको उल्लेख छ। फरक पर्नाको कारण स्पष्ट हुनुपर्दछ। शुरु सेक्शनमा नै बढी काम भएको कार्यालयको भनाइ रहेको छ।

(ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने उल्लेख छ। उक्त निर्माण व्यवसायी सँग २०७३।२।३० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७३।३।२१ मात्र काम सम्पन्न भएको उल्लेख भएकोले भुक्तानी गर्दा नियमानुसार लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति समेत कट्टी नगरी भूक्तानी गरेको तथा म्याद समाप्त भएकोमा म्याद थप नै नगरी रु ४५ लाख ३० हजार ८०६ भुक्तानी गरेको नियमसम्मत देखिएन।

३४. **नाप, जाँच** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी गर्नु पर्ने उल्लेख छ। सडकमा माटो खन्ने काम गर्दा प्रत्येक २०।२० मिटरमा नापी लिई भूक्तानी गर्ने गरेको देखिन्छ। जमुने बजार बजेडी चौर देउली काफलकोटमा सडक विस्तार र संरचना निर्माण गर्ने एक निर्माण व्यवसायी लाई माटो खन्ने कार्य चेनेज नं १३+०००मा २००० मिटर लम्बाईमा छ मिटर औषत क्षेत्र गरेको उल्लेख गरी एक मुष्ट १०००० घ.मि.को रु ७६.७७ को दरले विस्तृत नापजाँच बेगर रु.७ लाख ६७ हजार ७०० भुक्तानी गरेको देखियो।

३५. **बढी भुक्तानी** : एक निर्माण व्यवसायीलाई ह्युम पाईप कलभर्ट तथा अन्य कार्य गरेवापत भूक्तानी खर्च लेख्दा ह्युम पाईप कल्भर्ट ३ ठाँउमा बनाएकोमा स्टोन म्यासनरीको काममा ह्युम पाइपको भोलुम कटाई भूक्तानी गर्नु पर्नेमा ह्युम पाइपको भोलुम नकटाउँदा ३.८१ घ.मि.को रु ३८००।- का दरले रु.१४ हजार ४१८ बढी भुक्तानी भएको हुँदा उक्त रकम असुल हुनु पर्दछ।

३६. **गत वर्षको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० को उपनियम (७) मा भुक्तानी दिन बाँकीको कच्चावारी म.ले.प.फा.नं १८ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराउनु पर्ने उल्लेख भएकोमा विभिन्न रणनैतिक सडक पुन स्थापना कार्यक्रम तर्फका २ निर्माण व्यवसायीलाई गत बर्षको रु.२० लाख ११ हजार ४८६ भुक्तानी दिएकोमा प्रमाणित म.ले.प.फा.नं. १८ संलग्न नगरेको हुँदा उक्त खर्च अनियमित देखिन्छ।

३७. **बढी भुक्तानी** : गुटु – विजौरा –बेतान – लगाम सडकमा विभिन्न निर्माण कार्य गरे वापत अन्तिम बिल सम्म एक निर्माण व्यवसायीलाई रु ४६ लाख ४५ हजार ५४५ खर्च लेखेकोमा देहाय अनुसार देखियो :

(क) ग्राभेलिङ वर्क कार्य गर्न सवग्रेड कार्य २२५० घ.मि. र ग्राभेलिङ कार्य १५०० घ.मि. गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले ग्राभेलिङ गर्ने दर ३८।५० कोट गरेको र सब ग्रेडको दर बढी कोट भएकोमा सब ग्रेड २७०० घ.मी.मा हुँदा ग्राभेलिङ कार्य सम्झौता भन्दा घटी

हुने गरी १४४६.३८ घ.मी. मात्र भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

(ख) सब ग्रेड तयारी कार्य सामान्यतया वर्ग मिटरमा हुनेमा यस ठेक्कामा ठेक्का व्यवस्था हुँदा घ.मी. मा परिमाण उल्लेख भएको देखिन्छ । नापी लिदाँ चेनेज नं. ३+२४०सम्म वर्ग मीटरमा नापी लिई ११८६८ व.मी. उल्लेख गरेकोमा कुनै आधार, पुष्ट्याइँ बेगर २७०० व.मी. को भुक्तानी गरेको देखिन्छ । उक्त कार्यको विवरणमा प्रीपेरेसन अफ सवग्रेड फर रीहावीलेसन अर अदर सिमिलर वर्क्स ( फिलिङ फर कटिङ डेफ्थ अफ १० देखि २० से.मी ) भनी उल्लेख भएकोमा खन्ने कार्य १० देखि २० से.मी. को औषत नै कार्य भएको भए तापनि ११८६८ व.मी. को १७८०.२० घ.मी. हुनेमा नापचाँच वेगर २७०० व.मी. को भुक्तानी गर्दा ९१९.८० व.मी. को रु.५,०५,८९०।- बढी भूक्तानी भएको देखियो । उक्त  रकम असुल हुनु पर्दछ ।

३८. **लागत अनुमानको पालना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, नक्शा, डिजाइन तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । तल्लो डुंगेश्वर सातखम्वा सडकका एक निर्माण व्यवसायीलाई ग्राभेलिङ वर्क र अन्य कार्य गरे वापत भूक्तानी गरेकोमा ग्राभेलिङ कार्य १५ से.मी. मोटाईमा गराउने उल्लेख भएकोमा १९८७९ व.मी. सब ग्रेड भएकोमा सबै ठाँउमा लागत अनुमान अनुरुपकै मोटाईमा कार्य गराएको भए तापनि २९८१.८५ घ.मी. ग्राभेल वर्क हुनेमा मोटाइ बढी कार्य गराउँदा ३२४४.८९ घ.मी. कार्य भई लागत अनुमान भन्दा २६३.०४ घ.मी. कार्य बढी भई रु २ लाख १८ हजार ३२३ बढी खर्च हुन गएको गएको हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३९. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०५६ को नियम १२३ मा भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी दिनु पर्ने उल्लेख छ । एक निर्माण व्यवसायीलाई सब-ग्रेड वापतको भूक्तानी गर्दा नापी किताब अनुसार ४५६५ व.मी. को भुक्तानी गर्नु पर्नेमा ५८०६.८० व.मी. को भूक्तानी भएको हुँदा १२४१.८० व.मी. को बढी भूक्तानी भएको देखिएकोले प्रति व.मी. रु.२५।- का दरले रु.३१ हजार असुल गर्नु पर्दछ ।

४०. **बढी भुक्तानी :** एक निर्माण व्यवसायीलाई चेनेज नं. ५५+२००देखि ५६+७००सम्म माटो खन्ने कार्य गरेवापत भूक्तानी गर्दा चेनेज नं. ५५+६८०मा क्रस सेक्सन अनुसार कटिङ एरीया  ९ व.मी. भएकोमा नापी किताबमा ९० व.मी. राखी कार्य रोड वे एक्साभेशन कार्यको परिमाण गणना गरेकोले देहाय अनुसार १६२० घ.मी. को बढी भूक्तानी हुन गएको देखिन्छ । अतः प्रति घ.मी. रु १५६।- का दरले बढी भुक्तानी भएको रु.२ लाख ५२ हजार ७२० असुल हुनु पर्दछ ।

४१. **खर्चको सदुपयोग :** तुल्सीपुर–पुरन्धारा–बोटेचौर सडक योजनामा  सडक खण्डको स्तरोन्नति कार्यको लागि गत वर्ष (आर्थिक वर्ष ०७०।७१ मा) एक निर्माण व्यवसायी बाट चेनेज नं. २+२०१देखि ११+३९०सम्म २०७२।४।१० मा ग्राभेलिङ कार्य सम्पन्न गरेको उल्लेख गरी रु२८१७०१४।४१ र २०७१।७२ मा ठेक्का व्यवस्था भएको एक निर्माण व्यवसायी बाट चेनेज नं. ११+८००देखि १४+५४५ सम्म ग्राभेलिङ कार्य वापत भनी रु.१३,११,८७७।२५ समेत उक्त कार्यमा जम्मा रु४१,२८,८९१।६६ खर्च भएको देखिन्छ । उक्त ठेक्काहरुको डिफेक्ट ल्याबिलिटी पिरियड समाप्त नहुदै चेनेज ०+२६०देखि १४+३४५ सम्म यो बर्ष एक अर्को ठेक्का व्यवस्था गरी सडक विस्तारको लागि रोड वे एक्साभेसन कार्य भएको देखिन्छ । यसरी पहिले भएको ग्राभेल कार्यको कुनै औचित्य र सदुपयोग भएको देखिएन । यसमा सम्बन्धितलाई जिम्मेबार बनाउनुपर्दछ ।

४२. **एकै स्थानमा २ ठेक्का :** निर्माण कार्य गराँउदा संरचना निर्माण गर्नु पर्ने स्थान समेत उल्लेख गरी लागत अनुमान तयार गरी दोहोरो नपर्ने गरी निर्माण कार्य गराउनु पर्दछ । ठेक्का लगाउदा पनि कार्य क्षेत्र नतोकी एकै स्थानमा दुईवटा ठेक्का बाट कार्य गर्ने गरी कार्य गराएमा आन्तरीक नियन्त्रण

नहुनेमा २ ठेक्का बाट एकै स्थानमा ग्याबियन वर्क गरेको उल्लेख गरी भूक्तानी गरेको देखिन्छ । यसरी एउटै चेनेजमा २ वटा निर्माण व्यवसायीबाट कार्य गराई ६६.५ घ.मी. को रु.१ लाख ५९ हजार ६०० भुक्तानी भएको सम्बन्धमा यकिन हुनु पर्दछ ।

४३. **भेरिएशन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ् बिल वा अन्य कुनै बिजकको भूक्तानी गर्दा करारका शर्त बमोजिम गर्नु पर्ने उल्लेख छ । निर्माण व्यवसायीसँग भएको सम्झौताको ३७.१ मा सम्झौता भएको परीमाण भन्दा २५ प्रतिशत बढी परीमाण बृद्धि भएमा दर समायोजन गर्नु पर्ने उल्लेख भएको भएतापनि आईटम वाईज परीमाणमा २५ प्रतिशत वृद्धि भएकोमा अध्यावधिक रुपमा दर समायोजन गरी भूक्तानी गरेको देखिएन । निर्माण कामको भेरियशन आदेश जारी लागत अनुमान भन्दा वढी कोट गरेको आइटममा सम्झौता परीमाणको २५ प्रतिशत भन्दा बढी बृद्धि हुँदा पनि नयाँ दर कायम नहुने र निर्माण व्यवसायीले कम दर कोट गरेको आईटममा नया दर निर्धारण गरी भेरियशन हुने गरेको देखियो । यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४४. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ् बिल वा अन्य कुनै बिजकको भूक्तानी गर्दा करारका शर्त बमोजिम गर्नु पर्ने उल्लेख छ । गुमी पातीहाल्ना सडक एक  निर्माण व्यवसायीलाई क्रस ड्रेनेज वर्क कार्य गर्दा माटो पुर्ने कार्य माटो खनेको कार्यको ३० प्रतिशत फिलिङ हुने उल्लेख भए अनुसार ५७७.०३ घ.मी. माटो खन्ने कार्य हुँदा माटो पुर्ने कार्यको परिमाण १७३.१० घ.मी. मात्र हुनु पर्नेमा  २४६.१४ घ.मी. को भूक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको ७३.०४ घ.मी. को रु ९५।४० का दरले रु.६ हजार ९४६ असुल गर्नु पर्ने देखिन्छ ।

४५. **लेन्थवर्कर खर्च** : सडक किनाराको मर्मत सम्भार, सडकमा उम्रेका घाँस सफा गर्ने, सडक किनाराको ढलको सफाई, कल्भर्ट सफाई, ढललाई सामान्य रुपमा फेरबदल गर्ने, पुलको सफाई, सडक बढार्ने, सामान्य खालको पहिरो वा भूस्खलन हटाउने, सडकमा रहेका रोड फर्निचर सफाई गर्ने उद्देश्यले वर्षायाम र सुख्खा यामको लागि निम्नअनुसार जनशक्ति लाग्ने नर्म्स निर्धारण भएको देखिन्छ ।

४५.१ सडक लेन्थवर्कर सम्बन्धी हाते पुस्तिकाको सुपरभाइजरले गर्नुपर्ने नियमित सडक मर्मत सम्भारको काम उल्लेख गरीएको छ । सुपरभाइजरले लेन्थवर्करको हाजिरी रेकर्ड राख्ने, औजारको स्थिति चेक गर्ने कामको सुपरभिजन गरी नापी लिने,सडक खण्डको निरीक्षण गरी गर्नुपर्ने मर्मत कार्यहरुको रेकर्ड गरी ओभरसियरलाई जानकारी गराई निर्देशन अनुसार साप्ताहिक कार्यक्रम तयार पार्ने र उक्त कार्यक्रमको बारेमा लेन्थ वर्करलाई जानकारी गराउने र साप्ताहिक कार्यक्रम अनुसार के कति काम भयो तत्सम्बन्धी रेकर्ड तयार गरी सब इञ्जिनियरलाई सप्ताहको अन्तमा बुझाउनुपर्ने, फाराम नं २.०४ बमोजिम नियमित मर्मत सम्भार सम्बन्धी साप्ताहिक योजना र अनुगमन फाराम प्रयोग गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

४५.२ सडक विभाग सम्भार महाशाखाको प.स.२०६८।६९ च.न.१७४,२०६८।६।४ को बुदा नं ३ मा लेन्थ वर्कर र सुपरभाइजरको उमेर १६ देखि ४० वर्षसम्म हुनुपर्ने उल्लेख छ । डिभिजनले सो अनुरुप उमेर खुल्ने अभिलेख तयार गरेको नपाइएकोले विश्लेषण गर्न सकिएन ।

४५.३ कार्यालयले विभिन्न साइटमा काम गर्ने सबै लेन्थवर्कर र सुपरभाइजरको पारिश्रमिक भुक्तानी गर्दा साइट अनुसार छुट्टाछुट्टै हाजिरी अभिलेख पेश गरेको हुनुपर्नेमा एउटै पानामा एकमुष्ट हाजिर गरेको आधारमा भुक्तानी गर्ने गरेको देखिन्छ ।

४५.४ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ बमोजिम आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको सहमती लिनुपर्ने व्यवस्था छ । तर लेन्थवर्कर र सुपरभाइजरलाई दिइने पारिश्रमिक भुक्तानी गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिए नलिएको स्पष्ट भएन । उपरोक्त व्यहोराको आधारमा लेन्थ वर्कर सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने देखिएको छ ।

४६. **पेश्की बाँकी**: विभिन्न २० निर्माण व्यवसायी एवं कम्पनीहरुलाई निर्माण कार्य सञ्चालनका लागि पेश्की दिएकोमारु ७,१५,७७,५००।०० फछ्र्यौट गर्न बाँकी देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट हुनु पर्दछ ।

४७. **स्थलगत भ्रमण** : लेखापरीक्षणको क्रममा केही सडक, पुल योजनाहरुको स्थलगत अवलोकन गरीएकोमा देहाय अनुसार देखियो :

४७.१ एक निर्माण व्यवसायीसँग २०७०।३।३० मा भएको सम्झौता अनुसार २०७१।९।२९ भित्र सम्पन्न गरीसक्नु पर्ने बोटखोला तथा कुमाले खोला पुल मध्ये बोटखोला पुलको लागि खोलाको देब्रे किनारामा थोरै जग खन्ने काम बाहेक अरु केही कार्य भएको छैन । कुमाले खोला पुलको लागि खोलाको दायाँ तर्फको एबुटमेण्टको रिभर बेड लेभलसम्मको राफ्ट ढलान भएको र त्यसमाथि बाँकी रहेको फलामे डण्डी खिया लागेको अवस्थामा देखियो । सो एबुटमेण्टको अप स्ट्रिम र डाउन स्ट्रिम दुवै तर्फको विङ्ग वाल निर्माण भएको देखिएकोमा डाउन स्ट्रिम तर्फको वालमा वर्षात्को पानीबाट स्कोरिङ्ग भई वालमा क्षति पुगिसकेको छ । उल्लिखित २ पुल निर्माणको जिम्मा लिने निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन तथा पेश्की जमानत समेत नक्कली पेश गरेको प्रमाणित भई निजलाई कालो सूचीमा राखी ठेक्का समेत तोडिएको जानकारी प्राप्त भएको छ ।

४७.२ एक निर्माण व्यवसायीसँग २०७०।४।०३ मा भएको सम्झौता अनुसार २०७१।१०।०२ भित्र सम्पन्न गरीसक्नु पर्ने जाक्सी खोला पुलको लागि यस वर्ष रु.३ करोड बजेट व्यवस्था भएको भए तापनि कुनै कार्य भएको देखिएन । पुलको स्थलगत निरीक्षण गर्दा दुवै तर्फका एबुटमेण्टको क्याप लेभलसम्मको कार्य भएको तर सुपर स्ट्रक्चरको कार्य नभएको, दुवै तर्फका विङ्ग वाल निर्माण भएको तर क्याप लेभलसम्म हुनु पर्नेमा सोभन्दा मुनिसम्म मात्र निर्माण भएको पाइयो । केही तटबन्धको कार्य पनि भएको देखिएकोमा अहिलेसम्म पनि निर्माण व्यवसायी साइटमा परिचालित भई कार्य पुनः शुरु गरेको देखिएन । निर्माण स्थलमा केही डण्डी खसालेको पाइएको तर अन्य निर्माण सामग्री देखिएन ।

४७.३ घट्टे खोला पुलको बायाँ तर्फको एबुटमेण्टको कार्य भएकोमा त्यसपछि कुनै निर्माण कार्य भएको पाइएन । भ्रमण टोलीमा संलग्न साइट इन्जिनियरको भनाइ अनुसार दायाँतर्फको एबुटमेण्ट रहने स्थानमा जग खन्ने क्रममा डिजाइन तथा लागत अनुमानमा उल्लेख भए भन्दा फरक प्रकृतिको अवस्था भेटिएको जस अनुसार ग्राभेल मिसीएको माटोमा मा वेल फाउण्डेशन जग खन्ने गरी डिजाइन भएकोमा कडा माटो भेटिएकोले पुलको डिजाइन नै परिवर्तन गर्नु पर्ने (वेल फाउण्डेशबाट माइक्रो पाइलिङ्ग विधिमा जानुपर्ने अवस्था रहेको जानकारी प्राप्त भयो ।

४७.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २०७३।६।१९ को निर्णयानुसार २०७३।७।४ मा विश्व बैंकको सहयोगमा ओटासिल प्रविधिबाट निर्मित –जुम्ला सडक योजना अन्तर्गत देखि दही खोला (दैलेख-कालीकोट सिमाना) सम्मको १३२ कि.मी. र कालीकोट–जुम्ला खण्ड (चेनेज १३२+०००देखि२३६+६४०) डिभिजन सडक कार्यालय, जुम्लालाई हस्तान्तरण भएको देखिन्छ । हस्तान्तरण पत्रमा योजना अन्तर्गतका सडक तथा पुलहरुको अवस्था सम्बन्धमा केही उल्लेख गरेको पाइएन । २०७३।१०।२६ मा योजनाको स्थलगत अवलोकन गर्दा सडकको कतिपय खण्डहरुमा कालोपत्रे (ओटासिल) उप्किएर अवस्था जीर्ण बनिसकेको, कतिपय स्थानमा ५०-६० मीटरसम्म कच्ची सडकमा परिणत भइसकेको, कतिपय सडक संरचना (रिटेनिङ्ग/ब्रेष्ट वाल, ग्याबियन वर्क्स) हरु समेत भत्किसकेको, कतिपय स्थानमा बाढी, पहिरोबाट पनि क्षति पुगेको अवस्था देखियो ।

४७.५ तल्लो डुंगेश्वर–सियाकोट–दैलेख सडक २०७३।७।४ मा डिभिजन सडक कार्यालय, लाई हस्तान्तरण भई भएको देखिन्छ । हस्तान्तरण पत्रमा योजना अन्तर्गतका सडक तथा पुलहरुको अवस्था सम्बन्धमा केही उल्लेख गरेको पाइएन । मिति २०७३।१०।२६ मा योजनाको स्थलगत अवलोकन

गर्दा सडकका कतिपय खण्डहरुमा कालोपत्रे (ओटासिल) उप्किसकेको, कतिपय स्थानमा ५०-६० मीटर खण्ड कच्ची सडकमा परिणत भइसकेको देखियो ।

४७.६ सब इञ्जिनियरको उपस्थितिमा लेखापरीक्षण टोलीबाट सडक योजनाको स्थलगत अवलोकन गर्दा चेनेज नं. १०+९०० मा भएको ग्याबियन वर्क्सको कार्य ठे.नं.५३।०७१।७२ र ठे.नं.१२६।०७०।७१ बाट भएको जानकारी हुन आयो । उक्त स्थानमा पहिरो आई कतिपय ग्याबियन वाल पुरिएको र ठे.नं. १२६।०७०।७१ बाट गराइएको ग्याबियन वालको साइज नमिलेको र ढुंगा भराइ पनि लूज रहेको पाइयो । यस तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

## भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद गुरु योजना तयार नगरेको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, मूल्य अभिवृदि करको जानकारी नदिएको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्च संरचना** : स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले १ उप शीर्षकहरुमा कूल  पूँजीगत खर्च रु ७९ करोड २३ लाख ६८ हजार भएकोमा तेस्रो चौमासिकमा रु ७१ करोड ५३ लाख २१ हजार अर्थात ९०.२७  प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये  आषाढमा मात्र रु ६८ करोड ३३ लाख २८ हजार (८६.२३ प्रतिशत) खर्च भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३. **ठेक्का बन्दोबस्त** : आर्थिक कार्यवधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने उल्लेख छ । कार्यालयवाट प्राप्त विवरण अनुसार यस वर्ष ठेक्का बन्दोबस्त भएका कूल ३८ करोड ५२ लाख १८ हजारको ५२ ठेक्का बन्दोबस्त भएको मध्ये दोस्रो चौमासिकमा १७ (३२.६९ प्रतिशत), तेस्रो चौमासिकमा ३५ (६७.३१ प्रतिशत) र आषाढ महिनामा मात्र १९ (३६.५३ प्रतिशत) ठेक्का सम्झौता भएको देखिन्छ । नियमावलीको व्यवस्था अनुसार समयमै ठेक्का बन्दोबस्तको कार्य गरी, गराई आर्थिक वर्षको अन्ततिर अधिक खर्चको दवाब पर्ने स्थितिलाई नियन्त्रण गर्नु पर्दछ ।

४. **लक्ष्य/प्रगति स्थिति** : आयोजना अन्तर्गतको मुख्य संरचना १२ कि.मी. लामो हेड रेस टनेल निर्माण को लागि अन्तराष्ट्रिय स्तरको छनौट विधिको माध्यमबाट छनौट भएका एक निर्माण व्यवसायी संग टनेल निर्माण कार्य २८ मार्च २०२० (१७६०) दिन भित्र सम्पन्न गर्ने गरी २९ जनवरी २०१५ मा रु.१० अरब ५६ करोड ९७ लाखको सम्झौता भएको देखिन्छ। यस वर्षको आषाढ मसान्तसम्म काम शुरु गर्नु पर्ने मिति ४ जुन २०१५ बाट ४०८ दिन अर्थात् २३.१८ प्रतिशत समय व्यतित भइसकेको भए तापनि २०७३ आषाढ मसान्तसम्म टनेल निर्माण कार्य प्रारम्भ भएको देखिएन । यस सम्बन्धमा छलफल हुँदा टनेल बोरिङ्ग मेशिन प्रविधिबाट टनेल निर्माण गर्ने गरी सम्झौता भएको र उक्त मेशिन चीनको शांघाईमा जडान कार्य भइरहेको तथा २०७४ आषाढ मसान्तसम्म निर्माण व्यवसायीबाट उक्त मेशिनको आपूर्ति भई टनेल निर्माण कार्य प्रारम्भ हुने जानकारी प्राप्त भएको छ । आयोजनाबाट पेश भएको वार्षिक प्रगति विवरण अनुसार आयोजनाको वार्षिक प्रगति ९७.२८ प्रतिशत रहेको छ । जग्गा खरिद तथा मुआब्जा वितरण तर्फ रु.४ लाख विनियोजन भएकोमा यसमा कुनै कार्य भएको पाइएन ।

५. **भुक्तानी स्थिति** : आयोजना अन्तर्गतको मुख्य संरचना १२ कि.मी. लामो हेड रेस टनेल निर्माण गर्ने एक निर्माण व्यवसायीसँग भएको सम्झौताको अनुसार ८०० मीटर एक्सेस रोड, क्याम्प फ्यासिलिटिज अन्तर्गतका अस्थायी आवासीय भवनहरु, प्रयोगशाला, कारखाना तथा क्रशर प्लाण्टहरु निर्माण समेतको लागि यस वर्ष प्रथम रनिङ्गको लागि वैदेशिक मुद्रा तर्फ (८० प्रतिशत) को लागि ने. रु.१५ करोड ५३ लाख ९२ हजार तथा स्थानीय मुद्रातर्फ (२० प्रतिशत) रु.३ करोड ८८ लाख ४८ हजार समेत गरी जम्मा रु.१९ करोड ४२ लाख ४० हजार भुक्तानी भएको छ ।

६. **परामर्शदाता** : आयोजना कार्यान्वयनको लागि परामर्श सेवा प्रदान गर्न ९ जुलाई २०२१ सम्म (७१ महिना) सम्झौता अवधि रहने गरी एक परामर्शदातासंग १० अगष्ट २०१५ मा सम्झौता भएको देखिन्छ । सम्झौता रकम स्थानीय मुद्रा तर्फ रु.१७ करोड ९८ लाख ८४ हजार र वैदशिक मुद्रा तर्फ अमेरिकी डलर ३२ लाख ४६ हजार रहेको छ । सोमध्ये २०७३ आषाढ मसान्तसम्म स्थानीय मुद्रा तर्फ रु.१ करोड ९२ लाख ४२ हजार र वैदशिक मुद्रा तर्फ अमेरिकी डलर १ लाख ४८ हजार भुक्तानी भएको छ ।

७. **अभिलेख** : एक परामर्शदातासंग भएको सम्झौता अनुसार खरिद भएको मेशिन उपकरण आयोजनाको हुने र कार्य समाप्ति भएपछि परामर्शदाताले आयोजनालाई फिर्ता गर्नु पर्ने उल्लेख छ । परामर्शदातासँग भएको सम्झौता अनुसार अफिस इक्वीपमेण्ट बापत रु २७ लाख ४० हजार भुक्तानी खर्च लेखेको देखिन्छ । प्रोभिजनल सममा रकम व्यवस्था भए तापनि सामान खरिद गरेको बिल भरपाई संलग्न गर्नु पर्दछ ।

८. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र नियमावली २०६४ को नियम ७० मा सार्वजनिक निकायले दश लाख रुपैया भन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न सूचना प्रकाशन गरी आशयपत्र माग गर्न पर्ने उल्लेख छ । सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी अनुसन्धान तथा परार्मशको लागि रु ९० लाख २८ हजार बजेट व्यवस्था भएकोमा ३ वटा सँग दर भाउपत्र लिई घटीवाला सँग पटक पटक परामर्श लिई रु ५२ लाख ७५ हजार ९२० खर्च लेखेकोमा देहाय अनुसार देखियो :

८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयको आफ्नै जनशक्तिबाट हुने कामका लागि परामर्श सेवा लिन नमिल्ने उल्लेख छ । यस कार्यालयबाट कार्यालयकै जनशक्तिबाट हुन सक्ने काममा समेत परामर्श सेवा लिई खर्च गरेको देखिन्छ । कार्यालयको जनशक्तिको मुख्य काम सुरुङ निर्माण सम्बन्धी रहेको हुँदा कार्यक्रम अनुसार परामर्श सेवा लिनु परेको कार्यालयको भनाइ रहेको छ ।

८.२ कार्यालयबाट परामर्शदाताले बुझाएको प्रतिवेदन जिन्सी दाखिला गर्ने तथा अभिलेख राख्ने गरेको देखिएन । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । आगामी दिनमा अभिलेख राखी व्यवस्थित गरीने कार्यालयको भनाइ रहेको छ ।

९. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । आयोजनाबाट सामाजिक विकास अन्तर्गत भएका निर्माण कार्यको ठेक्का अन्तर्गत कतिपयको बीमा नभएको, घटी अवधिको बीमा पेश भएको तथा कतिपयमा त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा नगराएको देखियो । नियमावली अनुसार बीमा गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१०. **जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । आयोजना अन्तर्गत सञ्चालित एक निर्माण व्यवसायी को सम्झौता अवधि २०७४।२।१५ सम्म रहेको र त्रुटि सच्याउने अवधि १ वर्ष रहेको आधारमा २०७५।३।१४

सम्मको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेमा २०७५।२।१२ सम्म मात्रको पेश गरेको देखिएकोले त्रुटि सच्याउने अवधि तथा थप एक महिनासम्म कभर भएको रु ३ लाख ८७ हजार ५०० कार्य कार्यसम्पादन जमानतको प्रमाण पेश हुनुपर्ने देखिएको छ।

११. **सम्झौताको पालना** : सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गरीनु पर्दछ । आयोजनाबाट सञ्चालित रेउके सिंचाइ योजनामा रु ३३ लाख १७ हजारको कार्य गर्न सम्झौता भएकोमा रु २९ लाख ३९ हजारको कार्य र बर्दिया राष्ट्रिय निकुञ्ज अन्तर्गत हर्रेमा चेक पोष्ट निर्माण गर्न ३३ लाखको सम्झौता भएकोमा रु २२ लाख १८ हजार मात्रको कार्य भएको अवस्थामा सम्झौता फरफारक गरेको पाइयो । सम्झौतामा उल्लेख भए अनुसारको कार्य निर्धारित समयभित्रै सम्पन्न गर्ने गराउने तर्फ आवश्यक ध्यान दिनु पर्ने देखिन्छ।

१२. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु १५ लाख, इन्धन सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु ८५ लाख समेत रु १ करोड कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु वजेटवाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्चहरु पुंजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ।

१३. **पेश्की** : विभिन्न ७ निर्माण व्यवसायी एवं कम्पनीहरुलाई र २ संस्थालाई निर्माण कार्य सञ्चालनका लागि रु ५० करोड ३१ लाख ३२ हजार पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेको देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट हुनुपर्दछ।

## मध्य पश्चिमाञ्चल विश्वविद्यालय, केन्द्रीय कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली**: प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजना बनाई बजेट तथा कार्यक्रमसँग आवद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्यक्रम संचालन तथा खर्च नभएको, तोकिएको समयमा पेश्की फछ्र्यौट हुने नगरेको, सामानको स्पेशिफिकेशन र गुणस्तर नखुलेको, आय लाई व्यवस्थित गर्न नगदी रसिद नियन्त्रण खाता राख्ने नगरेको चल्ती मेसिन र सवारी साधन संचालन र मर्मतको म.ले.प.का.नं. २ मा अभिलेख नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै लिलाम बिक्री तथा मर्मत सम्भार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **मौज्दात हिसाब**: मध्य पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ४० मा लेखा अद्यावधिक रुपमा रीत पुर्याई राख्नु र राख्न लगाउनु सम्बन्धित निकाय प्रमुखको कर्तव्य र जिम्मेवारी हुने व्यवस्था गरेको छ । यस निकायले स्रेस्ता र बैक बाँकी विवरणमा फरक परेको रकमको बैक रिकन्सीलेसन बिबरण तयार गरी नराखेकोले स्रेस्तामा भन्दा बैंकमा बढी देखिएको रु.३ करोड ५५ लाख ५३ हजार ६८६ को हिसाब मिलान गर्नु पर्दछ।

३. **पूँजीगत सम्पत्ति** : मध्यपश्चिम विश्वविद्यालय, आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ९२ (४) अनुसार सम्पत्तिको संरक्षण गर्ने कर्तव्य, दायित्व सम्बन्धित निकाय प्रमुखको हुनेछ । यस कार्यालयको अघिल्लो आर्थिक वर्षसम्म रु.८ करोड ६५ लाख ९७ हजारको पूँजीगत सम्पत्ति रहेकोमा यस आ.व.को अन्त्यमा रु.१३ करोड ५८ लाख ५ हजार पुगेको देखियो । वासलातको अनुसूची १ तयार गरी सोमा उल्लिखित पूँजीगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता राखेको र आयकर ऐन, २०५८ अनुसार ह्रास कट्टी गरी सम्पत्ति अद्यावधिक गरेको देखिएन । यसले गर्दा

वासलातमा देखाएको पूँजीगत सम्पत्ति विवरणले निकायको सम्पत्तिको यथार्थ चित्रण गरेको छ भन्न सकिएन ।

४. **जानकारी** : एक आपूर्तिकर्तालाई इन्जिनियरिङ ल्याब सामग्री खरिद गरेको २ वटा बिलबाट रु.१ लाख ६६ हजार ७७६ र शैक्षिक भवनको दोस्रो भाग भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई रु.३ लाख ७१ हजार ४४९ मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि करको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन ।

५. **कोष दाखिला स्थिति** : मध्यपश्चिमाञ्चल विश्वविद्यालय, आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ८(७) बमोजिम नियमित शीर्षक देखि बाहेकका आम्दानी रकमको ९० प्रतिशतसम्म रकम खर्च गरी बाँकी १० प्रतिशत रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष विश्वविद्यालयले अन्य आम्दानी शीर्षकमा रु.९ करोड १२ लाख ६५ हजार ७९९ आम्दानी गरेकोमा सो को १० प्रतिशतले हुने रु.९१ लाख २६ हजार ५८० कोषमा पठाएको नपाइएकोले नियमानुसार कोषमा पठाउनु पर्दछ ।

## मध्य पश्चिमाञ्चल विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय

१. **पूँजीगत सम्पत्ति** : कार्यालयको अघिल्लो वर्षसम्म पूँजीगत सम्पत्तितर्फ रु.१ लाख ९६ हजार ५४४।- रहेकोमा यस आ.व.को अन्त्यमा रु.७ लाख ४ हजार ८३७ भई रु.९ लाख १ हजार ३८१ हुन पुगेको देखियो । वासलातको अनुसूची १ तयार गरी सोमा उल्लिखित पूँजीगत सम्पत्तिको अभिलेख र आयकर ऐन, २०५८ अनुसार ह्रास कट्टी गरी सम्पत्ति अद्यावधिक गरेको देखिएन । यस निकायले स्रेस्ता र बैंक बाँकी विवरणमा फरक परेको रकमको बैंक रिकन्सीलेसन विवरण तयार गरी नराखेकोले स्रेस्तामा भन्दा बैकमा रु.९३ हजार ९३८ बढी देखिएको छ । श्रेस्ता र बैंक हिसाब मिलान गर्नु पर्दछ ।

## मध्य पश्चिमाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । केन्द्रीय कार्यालयले कार्यालयको निरिक्षण गर्नुपर्नेमा नगरेको, बेरुजुको लगत राखी फछ्र्यौट गर्ने ब्यवस्था नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२ **पूँजीगत सम्पत्ति** : कार्यालयको अघिल्लो वर्षसम्म पूँजीगत सम्पत्ति तर्फ रु.९९ हजार ३४० रहेकोमा यस आर्थिक वर्ष रु.२ लाख ३८ हजार २०४ थप भई रु.३ लाख ३७ हजार ५४४ पुगेको देखियो । वासलातको अनुसूची १ तयार गरी सोमा उल्लिखित पूँजीगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता राखेको र सम्पत्तिहरुको आयकर ऐन, २०५८ अनुसार ह्रास कट्टी गरी सम्पत्ति अद्यावधिक गरेको देखिएन ।

३. **पेश्की** : मध्यपश्चिमाञ्चल विश्वविद्यालय, आर्थिक प्रशासन नियमावली, २०६९ नियम ३६ मा पेश्की तोकीएको समयमा फछ्र्यौट नगरेमा बार्षिक १२ प्रतिशतको दरले व्याज समेत असुल उपर गर्नु पर्ने र फछ्र्यौट नगर्नेलाई कारवाही समेत गर्न सकिने व्यवस्था छ । प्राप्त वासलात बमोजिम गत वर्ष रु.१ लाख ८८ हजार ७००, यस वर्षको रु.२ लाख ६७ हजार १८९ गरी जम्मा रु.४ लाख ५५ हजार ८८९ वर्षान्तमा फछ्र्यौट गर्न बाँकी देखिन आएको छ । पेश्की विवरण अद्यावधिक गरी नियमावली अनुसार समयमै पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

## मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । केन्द्रीय कार्यालयले कार्यालयको निरिक्षण गर्नुपर्नेमा नगरेको, चल्ती मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प. फा.नं. २ मा अभिलेख नराखेको,

वेरुजुको लगत राखी फछ्यौट गर्ने व्यवस्था नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **पूँजीगत सम्पत्ति :** कार्यालयको अघिल्लो वर्ष सम्ममा पूँजीगत सम्पतीतर्फ रु २ लाख ७३ हजार ७७९ रहेकोमा यस आ.व. को अन्त्यसम्म रु.२ लाख १५ हजार ६०० थप भई रु.४ लाख ८९ हजार ४३९ भएको देखियो । वासलातको अनुसूची १ तयार गरी सोमा उल्लिखित पूँजीगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता राखिएको र सम्पत्तिहरुको आयकर ऐन, २०५८ अनुसार ह्रास कट्टी गरी सम्पत्ति अद्यावधिक गरेको देखिएन ।

३. **नगद तथा बैंक मौज्दात :** यस निकायले स्रेस्ता र बैक बाकी बिबरणमा फरक परेको रकमको बैंक रिकन्सीलेसन बिबरण तयार गरी राखेको छैन । यसले गर्दा बैंक र स्रेस्तामा रु १ लाख ९ हजार २०६ अन्तर हुन गएको छ । उक्त रकमको बैंक समायोजन पत्र लिई हिसाब मिलान हुनुपर्दछ ।

## मध्य पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । बजेट तथा कार्यक्रम तोकिएको समयमा स्वीकृत हुने नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित ब्योहरालाई कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका कतिपय सामानहरुको मुल्य नखुलाई आम्दानी बाँधेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानीमा अग्रिम १० प्रतिशत कर कट्टी गर्नुपर्ने ब्यबस्था छ । कार्यालयवाट अस्पताल हाता भित्रका पसलबाट कवुल गरेको भाडा रकममा कर कट्टी नगरेको रु.२ लाख ४ हजार २८१ सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्दछ ।

## मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण प्रणाली:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित व्यहोरालाई कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका कतिपय सामानहरुको मुल्य नखुलाई आम्दानी बाँधेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च भएका विल भरपाई समेतको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयवाट अन्य सेवा शुल्क इन्धन तथा अन्य खर्च गर्दा दैनिक भ्रमण भत्ताको विल भरपाई रु.९८ हजार ४८५ मात्र संलग्न गरी रु.१ लाख ८ हजार ८५ भुक्तानी गरेकोले बिल भरपाई भन्दा बढी भुक्तानी भएको रु.९ हजार ६०० सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

३. **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० (७)(८) अनुसार चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने दायित्व सृजना गर्न हुँदैन । म.ले.प.फा.नं. १८ मा चढाई भुक्तानी दिन नमिल्ने किसिमका २०७१।७२ मा एक आपूर्तकबाट खरिद गरेको डसना, तकिया, तन्ना आदिको रु.७९,८५७।- खर्च लेखेको यस्तो रकम म.ले.प.फा.नं. १८ मा प्रमाणित गराई खर्च लेख्न मिल्ने देखिएन । यसरी नियमावली विपरित गरीएको खर्च अनियमित भएको छ ।

४. **प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार सार्वजनिक निकायले खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सि.अ.न.मि. हरुलाई तालिम दिई मिति २०७२।६।३० देखि २०७२।७।५ सम्मको भ्रमण बिल भुक्तानी गर्दा पेश भएका हवाइजहाज

खर्चमा केहीले ई-टिकट मात्र पेश गरेको र केहीले बोर्डिङ्ग पास पेश नगरेको अवस्थामा ३३ हजार १०० भुक्तानी दिएकोले ५ कर्मचारीबाट बोर्डिङ्ग पास एवं टिकट पेश हुनु पर्दछ ।

## मध्यपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुरुप स्पेसिफिकेशन तयार नगरेको, बजेट तथा कार्यक्रम बीच समन्वय हुने गरी निर्धारण गरेको चौमासिक समयभित्र कार्य सम्पादन नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित ब्यहोरालाई कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका कतिपय सामानहरुको मूल्य नखुलाई आम्दानी बाँधेको, कर्मचारीको दरबन्दी बमोजिम पूर्ति नभएको, वार्षिक लक्ष्य अनुरुपको प्रगति हासिल नगरेको, बेरुजुको लगत नराखेको जस्ता व्यहोरा देखिएको छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

## मध्य पश्चिम क्षेत्रीय प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार विभिन्न २१५ प्रकारका मालसामानहरुमध्ये चालु हालतमा नरहेका, मूल्य नखुलेका मालसामानमा नियमावलीमा व्यवस्था भए अनुसार मर्मत तथा लिलामको कारवाही नगरेको, वार्षिक लक्ष्य तथा कार्यक्रम प्राप्त गरी सोही बमोजिम प्रगति प्रतिवेदन तयार नगरेको, एउटै व्यक्ति फर्म वा कम्पनीबाट एक पटक भन्दा बढी सोझै खरिद (एक फर्मबाट पाँच पटक तथा अन्य १ फर्मबाट एक पटक गरी रु १५ लाख ५७ हजार ५९६ मूल्यको पाल, ट्राफिक रेनकोट लगायतका सामान सोझै खरिद) गरेको, रासन वापतको भुक्तानी खर्च लेख्दा काजमा रहेका कर्मचारीहरुको विवरण प्रमाणित गरेर मात्र रासन खर्च लेख्नुपर्नेमा सो अभिलेख नराखी खर्च लेखेको जस्ता व्यहोरा प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र वजेट खर्च गर्ने अख्तियारी र कार्यक्रम सम्बन्धित कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । कार्याललाई एक शीर्षकमा प्राप्त रु.४५ लाख ९ हजार ५०० को थप अख्तियारी २०७३ आषाढ महिनामा मात्र पठाएको देखियो । समयमै अख्तियारी प्रदान गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३. **आषाढको खर्च :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्य संचालन गर्नु पर्दछ । कार्यालयलाई पूँजीगत शीर्षक तर्फको कूल खर्च रु.४ लाख ३२ हजारमध्ये आषाढ महिनामा मात्र रु.२ लाख ४१ हजार (५५.७८ प्रतिशत) खर्च भएको देखियो । समयमै कार्य गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

४. **सामान ढुवानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा बिल, भपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ कार्यालयबाट बिभिन्न गोश्वार भौचरबाट ढुवानी गरे वापत रु ४ लाख ५० हजार खर्च लेखेकोमा ढुवानी गराएको सामानको विवरण बेगर खर्च लेखेको देखिन्छ । विवरण संलग्न गरी खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

## मध्य पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण, मुख्यालय

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा श्रावणको १५ गतेभित्र वजेट खर्च गर्ने अख्तियारी पठाई सक्नुपर्ने व्यवस्था छ । कार्यालयले ब.उ.शी.नं. ३१४०२७३ को थप अख्तियारी रु.१ करोड ६२ लाख ४२ हजार तथा ब.उ.शी.नं. ३१४०२७४ को थप अख्तियारी ३ लाख ५० हजार आषाढमा प्राप्त भएको देखियो । सयमा अख्तियारी प्रदान गर्ने व्यवस्थालाई कडाइका साथ पालना गर्नु पर्ने देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी प्रतिवेदन अनुसार अनुसार मर्मत तथा लिलामको कारवाही नगरेको, वार्षिक लक्ष्य तथा कार्यक्रम प्राप्त गरी सोही वमोजिम प्रगति प्रतिवेदन तयार नगरेको, रासन वापतको भुक्तानी खर्च लेख्दा काजमा रहेका कर्मचारीहरुको विवरण प्रमाणित गरेर मात्र राशन खर्च लेख्नुपर्नेमा सो अभिलेख  नराखी खर्च लेखेको ले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

## मध्य पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, महेश्वरी बाहिनी

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी प्रतिवेदन अनुसार अनुसार मर्मत तथा लिलामको कारवाही नगरेको, वार्षिक लक्ष्य तथा कार्यक्रम प्राप्त गरी सोही बमोजिम प्रगति प्रतिवेदन तयार नगरेको, रासन वापतको भूक्तानी खर्च लेख्दा काजमा रहेका कर्मचारीहरुको विवरण प्रमाणित गरेर मात्र राशन खर्च लेख्नुपर्नेमा सो अभिलेख  नराखी खर्च लेखेको ले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

## मालपोत कार्यालय, वीरेन्द्रनगर

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै सामानको मर्मत सम्भार नगरेको, कार्यालयमा रहेका पुराना लिखत तथा मोठहरु एवं अभिलेखको सुरक्षा र संरक्षणको लागि अभिलेखहरुलाई सूचना प्रविधिमा आवद्ध गर्न नसकेको, नापी कार्यालयसँग कम्प्यूटरकृत नगरेको, कर्मचारी दरवन्दी अनुसार पदपूर्ति हुन नसकेको, जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **पूँजीगत लाभकर** : आयकर ऐन, २०५८ को दफा २ को खण्ड(द) को उप खण्ड (४) अनुसार कुनै प्राकृतिक व्यक्तिले रु.३० लाख भन्दा बढी जग्गा वा निजी भवन निसर्ग वापत भएको पूँजीगत लाभमा मालपोत कार्यालयले रजिष्ट्रेशनका बखत निसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व ५ वर्ष वा सो भन्दा बढी भएको छ भने २.५% का दरले र निसर्ग भएका गैर व्यावसायिक कर योग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व ५ वर्ष भन्दा कम भएको छ भने ५% का दरले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट ६ जना निसर्गकर्ताबाट ३० लाख भन्दा बढी मूल्यमा घर जग्गा निसर्ग गर्दा घोषण फाराम  भर्न लगाई रु.१६ लाख ४५ हजार पूँजीगत लाभकर असुल गर्नु पर्नेमा असुल गरेको देखिएन ।

## मालपोत कार्यालय, मेहलकुना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै सामानको मर्मत सम्भार नगरेको, कार्यालयमा रहेका पुराना लिखत तथा मोठहरु एवं अभिलेखको सुरक्षा र संरक्षणको लागि अभिलेखहरुलाई सूचना प्रविधिमा आवद्ध गर्न नसकेको, नापी कार्यालयसँग कम्प्यूटर सञ्जालीकरण हुन नसकेको, जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## यातायात व्यवस्था सेवा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद गुरु योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **घटी जरिवाना** : यातायात व्यवस्था सम्बन्धी नियमावलीको दफा ७ मा कर बुझाउन तोकिएको म्याद नाघेको पहिलो तीस दिनसम्मलाई कर रकमको ५ प्रतिशत, त्यसपछिको ४५ दिनसम्मलाई दश प्रतिशत तथा त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई २० प्रतिशतका दरले जरिवाना गरी असुल उपर गरीने व्यवस्था छ। तर कार्यालयले ऐनको उल्लिखित व्यवस्था बमोजिम २०७३ आषाढ महिनामा संकलन गरेको चार पाङग्रे सवारी साधनको कर रकमका जरिवानाको असुलीको परीक्षण गर्दा विभिन्न सवारी साधनबाट नियमानुसार लाग्ने जरीवाना रकम भन्दा रु.१ लाख ६ हजार ७५० घटी जरिवाना गरी कर रकम अशुली गरेको देखियो। छुट भएको राजस्व असुल गरी दाखिला गर्नु पर्ने तथा अन्य महिनाको र दुई पाङग्रे सवारीको सम्बन्धमा समेत यकिन हुनु पर्ने देखिएको छ।

३. **पेश्की** : कार्यालय भवन निर्माण कार्यका लागि एक निर्माण व्यवसायीलाई गएको मोबिलाइजेशन पेश्की रु १६ लाख ९७ हजार फछ्र्यौट भएको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार असुल, फछ्र्यौट हुनु पर्दछ।

## यान्त्रिक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदनमा मर्मत र लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सो अनुरुप कारवाही नगरेको, मूल्य नखुलेको सामानको मूल्य खुलाई नराखेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, मेशिनरी भाडा वापत प्राप्त हुने राजस्वको आम्दानी जनाउदा आम्दानी रसिद काट्ने तथा सम्बद्ध खाताहरुमा पोष्टिङ् गर्ने नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **उपयोगको अवस्था** : कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालयको स्वामित्वमा विभिन्न ७ प्रकारका १० थान हेभी र मध्यम खालका यन्त्र, उपकरणहरु रहेकोमा ९ थान सक्रिय (चालु हालतमा रहेको) तथा १ थान निष्क्रिय रहेको पाइयो। सक्रिय रहेका उक्त ९ थान उपयोगमा लगाइएकोमा पूर्ण डिजाइन क्षमतामा सञ्चालनमा ल्याउन नसकी हेभी उपकरण ४९.४४ र मध्यम उपकरण ९३.१५ प्रतिशत मात्र उपयोगमा लगाउन सकेको देखियो। अत: कुशल योजना तर्जुमा गरी अधिकतम उपयोगमा लगाउने तर्फ प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ।

३. **न्यून आर्जन** : विगत ३ वर्षको राजस्व असुलीको स्थिति हेर्दा २०७०।७१ को तुलनामा २०७१।७२ मा राजस्व वृद्धि भए तापनि आर्थिक वर्ष २०७२।७३ मा वृद्धि हुन सकेको देखिएन। कार्यालयले प्रभावकारी योजना तर्जुमा गरी आफ्नो लागत कभर गर्ने गरी आर्जन गर्ने तर्फ प्रयास गर्नु पर्दछ। यो वर्ष मेशिन, उपकरणको मर्मत, सम्भारमा ३ वटा बजेट उप शीर्षकबाट रु ६४ लाख ७ हजार भएकोमा रु.८ लाख ४९ हजार अर्थात् १३.१३ प्रतिशत मात्र आर्जन गर्न सकेको देखियो।

## व्यावसायिक कृषि तथा व्यापार आयोजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार प्रतिवेदन तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **लक्ष्य, प्रगति** : यो वर्ष विभिन्न १६ कार्यक्रम संचालन गर्ने गरी बार्षिक कार्यक्रम स्वीकृत भएकोमा चौथो संयुक्त आव्हान अर्न्तगतका उप आयोजनालाई किस्ता भूक्तानी, पाँचौ आव्हान अर्न्तगतका लघु अनुदान उपआयोजना लाई किस्ता भूक्तानी लगायतका ४ कार्यक्रमहरुमा शुन्य प्रतिशत प्रगति भएको पाइयो । लक्ष्य अनुरुप प्रगति हुने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

३. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४ मा खर्च गर्दा खर्चको बिल, भरपाई संलग्न गर्नु पर्ने उल्लेख छ । जिल्ला कृषि विकास कार्यालय, रोल्पाको रु.१ लाख ५० हजार पेश्की फछ्र्यौट गरेकोमा बिल, भरपाई संलग्न गरेको पाइएन । बिल भरपाई बेगर खर्च लेखेको अनियमित देखिन्छ ।

## शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय

१. **अख्तियारी तथा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ मा आर्थिक बर्ष शुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा अख्तियारी तथा स्वीकृत कार्यकम पठाउनु पर्ने व्यवस्था छ । तालुक विभागवाट यस कार्यालयलाई विभिन्न ५ वजेट उपशीर्षकमा रु ७ करोड २२ लाख १७ हजारको थप अख्तियारी आषाण महिनामा पठाएको देखियो । समयमै बजेट खर्च गर्ने अख्तियारी पठाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२. **खर्च संरचना** : स्वीकृत वार्षिक कार्यकम वमोजिम तोकिएको चौमासिकमा कार्यकम संचालन गर्नुपर्नेमा कार्यालयबाट प्राप्त विवरण अनुसार ६ उपशीर्षकहरुमा कूल पुजीगत खर्च रु २० करोड ५८ लाख ४० हजार भएकोमा तेस्रो चौमासिकमा रु १४ करोड ३० लाख ३० हजार अर्थात ६९.४८ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाढमा मात्र रु ७ करोड ९६ लाख ३४ हजार अर्थात कूल खर्चको ३८.६६ प्रतिशत खर्च भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद गुरु योजना तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलामको कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी खातामा रहेको केही सामानको मूल्य नखुलेकोमा मूल्य खुलाई नराखेको, ठेक्काको रनिङ्ग बिल नराखेको, कार्यक्रम अभिलेख खाता नराखेकोर कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **लक्ष्य प्रगति** : कार्यालयले तोकिएका कार्यकमहरु तोकिएको समय र वजेटको परिधिभित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । प्राप्त प्रगति विवरण अनुसार १३ आयोजना कार्यकममा शुन्य, ५ कार्यकममा ५० प्रतिशत वा सो भन्दा कम प्रगति हासिल भएको देखिन्छ । अपेक्षित प्रगति हासिल गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

५. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु १३ लाख, इन्धन सूचना प्रकाशन, भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु.५५ लाख २२ हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटबाट पनि हुने

गरेको छ । एकै प्रकृतिका खर्चहरु पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

६. **अवरुद्ध निर्माण कार्य** : यस डिभिजनबाट २०६५।६६ देखि २०७१।७२ सम्म ठेक्का सम्झौता भएका १६ निर्माण व्यवसायीलाई निर्माण कार्य सम्पन्न गर्न २०७२।११।३० मा सूचना प्रकाशन गरी निर्माण कार्य गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र ठेक्का सम्झौतामा भएको प्रावधान अनुरुप ठेक्का तोडी कालो सूचीमा राख्ने तथा सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने व्यहोरा समावेश गरी सूचना प्रकाशन गरेको भए तापनि ६ निर्माण व्यवसायी हालसम्म सम्पर्कमा नआएको जानकारी हुन आयो । यसरी सम्पर्कमा नआएका निर्माण व्यवसायीलाई १५ दिने सूचना प्रकाशन गरेको १० महिना व्यतित भइसके तापनि उल्लिखित कारवाही भएको देखिएन । नियमानुसार आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

७. **जमानत अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयबाट गत विगत वर्षमा निर्माण व्यवसायीलाई पेश्की प्रदान गरेकोमा फछ्र्यौट हुन सकेको देखिएन । यस आ.व.को अन्तसम्म एकीकृत स्वास्थ्य कार्यक्रममा गत विगतको पेश्की बाँकी विभिन्न ९ निर्माण व्यवसायीको नाममा रु.१ करोड ७२ लाख ४८ हजार रहेको देखियो । निर्माण व्यवसायीहरुलाई बैंक जमानत लिई पेश्की उपलब्ध गराउने गरेको भए तापनि पेश्की उपलब्ध गराउँदा पेश हुन आएको बैंक जमानतको मान्य अवधिको अभिलेख खडा गरी राखेको पाइएन । यस्तो अवस्थामा बैंक जमानतको मान्य अवधि नवीकरण गराउनु पर्ने अवधि नखुल्ने हँदा पेश्की उपलब्ध गराएको बैंक जमानतको मान्य अवधि समाप्त भए नभएको यकिन नहुने अवस्था छ । पेश्की बाँकी रहेका मध्ये ५ निर्माणव्यवसायीको नाममा रु ५८ लाख ३६ हजार पेश्की वाकी रहेकोमा निर्माण व्यवसायीले हालसम्म निर्माण कार्य शुरु गरेको छैन । अतः यस सम्बन्धमा नियमानुसार आवश्यक कारवाही गरी ब्याज समेत असुल गरी पेश्की फछ्र्यौट गराउने तर्फ कारवाही अघि बढाउनु पर्ने देखिन्छ ।

८ **जमानत जफत** : एक निर्माण व्यवसायीसंग कटकुवा स्वास्थ्य चौकी भवन र खगेनकोट दल्ली स्वास्थ्य चौकी भवन, जाजरकोटको निर्माण कार्य नगरेकोले पेश्की जमानत वापतको रु.२५,६६,१६२।- जफत गरी मोबिलाइजेश पेश्की फछ्र्यौट गरेकोमा सार्वजनिक खरिद ऐन, नियमानुसार कालो सूचीमा राखी आवश्यक कारवाही गर्नेतर्फ कारवाही अगाडि बढाएको देखिएन । अतः यस सम्बन्धमा कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

९ **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १२१(क) मा सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ । बजेडीचौर स्वास्थ्य चौकी भवन निर्माण गर्ने एक निर्माण व्यवसायीले निर्धारित समयमा सम्पन्न गर्न नसकी म्याद थपको लागि पेश हुँदा विभागबाट २०६९।९।१ देखि २०७०।६।३० सम्म म्याद थप भएको र त्यस अवधिमा पनि कार्य सम्पन्न हुन नसके त्यसपछि पूर्व निर्धारित क्षतिपूर्ति लगाउने गरी म्याद थपको निर्णय भएको देखिन्छ। उक्त म्याद थप अवधिमा पनि निर्माण व्यवसायीले भवन निर्माण कार्य सम्पन्न नगरेको हुँदा कार्यालयबाट २०७०।७१ देखि २०७१।६।३१ सम्म विना हर्जाना र २०७१।७१ देखि ७।३० सम्म हर्जाना लिने गरी म्याद थप हुन पेश भएकोमा विभागबाट २०७१।३।२५ मा सोही अनुसार दोस्रो पटक म्याद थप भएको देखिन्छ । विभागबाट २०६९।९।१ देखि २०७०।६।३० सम्म म्याद थप हुदा उक्त अवधिमा कार्य सम्पन्न हुन नसकेमा त्यसपछि हर्जाना लगाउने गरी म्याद थप भएकोमा हर्जाना नलिने गरी पुनः म्याद थप गर्नु औचित्य पूर्ण देखिँदैन ।

अतः यसरी म्याद थप गर्दा सम्झौता रकम रु.१ करोड १८ लाख ५० हजारको १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति रु.११ लाख ८५ हजार असुल गर्नु नपर्ने अवस्था रहेको छ। अतः म्याद थप गर्दा यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ।

९.१ सेपुखोला स्वास्थ्य चौकी भवन निर्माण गर्ने एक निर्माण व्यवसायी संग २२ चैत्र २०६८ मा १५ महिनामा कार्य सम्पन्न गर्ने गरी रु.१ करोड ५१ लाख १९ हजारको सम्झौता भएको देखिन्छ। निज निर्माण व्यवसायीले समयमा निर्माण कार्य सम्पन्न नगरी ४ पटक गरी २३.५ महिना म्याद थप हुँदा अन्तिम पटक २०७१।१२।२९ को निर्णयबाट २०७१।३।३१ देखि २०७२।२।१५ सम्म विना हर्जाना र २०७२।२।१६ देखि २।३२ सम्म हर्जाना लिने गरी म्याद थप भए अनुसार रु.१ लाख २८ हजार ५१५ हर्जाना कट्टी गरी भुक्तानी गरेकोमा नापी किताबमा कार्य सम्पन्न मिति उल्लेख छैन। निर्माण व्यवसायीले दिएको निवेदनमा २०७२ भाद्रमा निर्माण कार्य सम्पन्न भएको उल्लेख गरेको र २०७२।५।२१ मा भवन हस्तान्तरण गरेको देखिएकोले सो आधारमा २०७२।२।१६ देखि २०७२।५।२० सम्मको हर्जाना वापत रु.५ लाख ६ हजार ४०० कट्टी गर्नु पर्नेमा रु.१ लाख २८ हजार ५१५ मात्र कट्टी गरेको पाइएकोले छुट रु ३ लाख ७७ हजार ८८५ असुल हुनु पर्दछ।

निर्माण व्यवसायी लाई अन्तिम बिलसम्म मूल्य अभिवृद्धि कर बाहेक रु.१ करोड ३८ लाख २४ हजार ७७९ भुक्तानी भएको देखिन्छ। कार्य स्वीकार प्रतिवेदन र अन्तिम बिल अनुसार रु.१ करोड ३७ लाख ६७ लाख ५१६ को मात्र कार्य भएको देखिएकोले बढी भुक्तानी भएको रु ५७ हजार २६३ असुल हुनु पर्दछ।

९.२ सेपुखोला स्वास्थ्य चौकी भवन निर्माण गर्न रु.१ करोड ५१ लाख १९ लाख ३९७ को सम्झौता भएकोमा केही आइटम थपघट भई रु.१ करोड ३७ लाख ६७ हजार ५१६ मा निर्माण कार्य सम्पन्न भएकोमा नियमावलीको व्यवस्था अनुसार भेरिएशन आदेश जारी नगरी ठेक्का फरफारक गरेको नियमसम्मत देखिएन।

१०. **बढी भुकानी** : रामघाट स्वास्थ्य चौकी भवन निर्माण गर्ने एक निर्माण व्यवसायी लाई आइटम नं. ४३ को कार्य वापतको भुक्तानी दिंदा नापी शीट अनुसार २५९.३० घ.मी. हुनेमा २६३.२५ घ.मी. को भुक्तानी भएको पाइयो। अतः नापी भएको भन्दा बढी परिमाण ३.९५ घ.मी.को प्रति घ.मी. रु.२१००।- का दरले बढी भुक्तानी भएको रु ८ हजार ३९५ असुल हुनु पर्दछ।

११. **निर्माण कार्य अधुरो** : यस डिभिजन अन्तर्गत सञ्चालित ४ भवन निर्माण कार्यमा पटक पटक गरी शुरु सम्झौता अवधिको शत प्रतिशतदेखि २५० प्रतिशतसम्म म्याद थप हुँदा काय सम्पन्न हुन नसकी अधुरै अवस्थामा रहेको पाइयो। यस तर्फ सम्बद्ध निकायको ध्यानाकृष्ट हुनु पर्ने देखिन्छ।

१२. **म्याद थप** : हरिहरपुर स्वास्थ्य चौकी भवनको अवधि २०७०।१०।२८ देखि २०७१।९।२७ सम्म म्याद थपको लागि विभागमा पेश भएकोमा २०७१ आश्विन मसान्तसम्म म्याद थप गरीदिने र उक्त अवधिभित्र पनि उल्लेख्य प्रगति हासिल नगरेमा कार्यालयले हर्जाना सिफारिश गर्ने गरी २०७१।२।१८ मा विभागीय प्रमुखबाट निर्णय भएको देखिन्छ। तत्पश्चात् डिभिजन कार्यालयबाट ३ पटक म्याद थपको लागि सिफारिश गरेकोमा हर्जाना सम्बन्धमा केही उल्लेख गरेको देखिएन। यस सम्बन्धमा छलफल हुँदा सिमेण्ट मौज्दात गरीराखेकोमा बाढी आई क्षति पुऱ्याएको, पहिरोको कारण पुल भत्किएकोले परिस्थितिवश सो अनुरुप म्याद थप गर्नु परेको कार्यालयको भनाइ रहेको छ।

१३. **असम्बन्धित आइटम** : सार्वजनिक लेखा समितिको २०६९/०१/०८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा ब्यवस्था गरी श्रोत साधन ब्यवस्थापन गर्ने, ठेक्काको बिल अफ क्वान्टिटीमा ईन्जिनियरिङ सुविधा राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख गरेतापनि यस डिभिजन कार्यालयले यस वर्ष ठेक्का बन्दोबस्त गरेका ठेक्कामा भवन निर्माण कार्यको ठेक्कामा मा निर्माण कार्यसंग असम्बन्धित आइटमहरु

जस्ता ल्यापटप, गाडी भाडाको लागि रु ६ लाख ९३ हजार ७१८ समावेश गरेको पाइयो । हालसम्म यसको भुक्तानी नभैसकेकोले यस तर्फ ध्यान दिइने व्यवस्थापन पक्षको भनाइ रहेको छ ।

१४. **निर्माण स्थिति** : जिल्ला वन कार्यालय, जाजरकोटको भवन निर्माण कार्यका लागि २०६९।७० मा रु.१ करोड ३५ लाख ८५ हजार ७६१ मा १८ महिना भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७०।७।२२ मा एक निर्माणव्यवसायीसंग सम्झौता भएकोमा २ पटक गरी १४ महिना म्याद थप भएको देखियो । निर्माण व्यवसायीलाई यस वर्ष छैटौं र सातौं रनिङ बिल वापत रु ६७ लाख ३६ हजार ४९१ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

१४.१ निर्माण व्यवसायीसँग भएको शुरु सम्झौता अनुसार २०७२।१।२१ भित्र कार्य सम्पन्न हुनुपर्ने मा सम्झौताको म्याद १४ महिना थप भई कार्य सम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०७३।३।२१ सम्म कायम भएको देखिन्छ । नापी मिति २०७३।३।११ उल्लेख गरी २०७३।३।३० मा सातौं रनिङ्ग बिलको भुक्तानी भएको छ । भुक्तानीको आधारमा सातौं रनिङ्ग बिलसम्म ८८.७२ प्रतिशत देखिन्छ । साथै विभागीय प्रमुखबाट २०७३।३।२७ मा भएको दोस्रो म्याद थपको निर्णय हुँदा निर्माण व्यवसायीले २०७३।३।२१ सम्म पनि कार्य सम्पन्न नगरेमा पूर्व निर्धारीत क्षतिपूर्ति लिएर कार्य सम्पन्न गर्न लगाउने उल्लेख भएकोले पूर्व निर्धारित क्षतिपूर्ति लिएर मात्र अन्तिम बिलको भुक्तानी गर्नु पर्ने देखिन्छ ।

१४.२ निर्माण व्यवसायीबाट पेश भएको सातौं रनिङ्ग बिलको आधारमा २०७३ आषाढ मसान्तसम्म उक्त भवनको कार्य प्रगति ८८.७२ प्रतिशत रहेको देखिन्छ । यसरी भवनको कार्य अधुरो रहेकै अवस्थामा २०७३।४।१ मा नै सम्बन्धित कार्यालयलाई उक्त भवन हस्तान्तरण गरेको पाइयो । सम्पूर्ण निर्माण कार्य पुरा नभएको अवस्थामा भवन हस्तान्तरण गर्नु मनासिब देखिँदैन ।

१५. **बढी भुक्तानी :** जिल्ला प्रशासन कार्यालय, दैलेखको सहायक प्र.जि.अ. निवास र कम्पाउण्ड वाल निर्माण गर्ने एक निर्माण व्यवसायीलाई दोस्रो रनिङ्ग बिलसम्म रु.५७ लाख २६ हजार ६६५ भुक्तानी भएकोमा तेस्रो रनिङ्ग बिलको भुक्तानी गर्दा अघिल्लो बिलसम्मको भुक्तानी रु.५७ लाख २४ हजार ४६१ मात्र उल्लेख गरेको कारणबाट रु.२ हजार २०४ बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ ।

१६. **एज बिल्ट ड्रइङ** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीले एज बिल्ट नक्सा पेश गर्नुपर्ने साथै सम्झौताको दफा ५६(१) र ५६(२) मा ३० दिनभित्र एज बिल्ट ड्रइग पेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा रु १ लाख रकम रोक्का राख्नुपर्ने व्यवस्था छ । यस वर्ष निर्माण कार्य सम्पन्न भएका ६ भवनका निर्माण व्यवसायीले एज बिल्ट ड्रइङ पेश नगरेकोमा अन्तिम बिल भुक्तानी गर्दा उक्त प्रावधान अनुसार रु.६ लाख रोक्का राख्नुपर्नेमा रोक्का राखेको देखिएन । रोक्का नराखी खर्च लेखेको रकम अनियमित देखिन्छ ।

१७. **राजस्व दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६६(२)मा धरौटी रकम फिर्ता पाउने व्यक्तिले म्याद भित्र फिर्ता लिन नआएमा राजस्व आम्दानी बाँध्नुपर्ने उल्लेख भएको देखिन्छ । यस कार्यालयमा विभिन्न ११ व्यक्ति तथा निर्माण व्यवसायीको नाममा २०६६।६७ देखिको रु ८४ हजार १९६ धरौटी बाँकी देखिएकोले धरौटी नियममा उल्लेख भएको प्रावधान अपनाई राजस्व बाँध्ने तर्फ कारवाही हुनुपर्ने देखिन्छ ।

१८. **पेश्की बाँकी :** विभिन्न १८ निर्माण व्यवसायीलाई निर्माण कार्य सञ्चालनका लागि प्रदान भएको मोबिलाइजेशन पेश्की रु.२ करोड ८८ लाख ५६ हजार ८०० हजार फछ्र्यौट हुन बाँकी देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

## शैक्षिक तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण प्रणाली:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार

समयमै लिलाम बिक्रि तथा मर्मत सम्भार नगरेको, कतिपय सामानको मुल्य खुलाई नराखेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## सशस्त्र प्रहरी बल, रक्तकाली गण

१. **आन्तरिक नियन्त्रण प्रणालीः** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी प्रतिवेदन अनुसार अनुसार २२४ प्रकारका मालसामानहरुमध्ये चालु हालतमा नरहेका, मूल्य नखुलेका, जिन्सी प्रतिवेदनको कैफियत महलमा उल्लेख भएका व्यहोराहरुको कार्यान्वयन नभएको, रासन वापतको भूक्तानी खर्च लेख्दा काजमा रहेका कर्मचारीहरुको विवरण प्रमाणित गरेर मात्र राशन खर्च लेख्नुपर्नेमा सो अभिलेख नराखी खर्च लेखेको ले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **धरौटी तर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ मा धरौटी फिर्ता गर्ने सम्बन्धी व्यवस्था छ । विगत लामो समय देखी बाँकी धरौटी जिम्मेवारी सार्दै आएको धरौटी रु ३३ हजार ९२५ सदरस्याहा हुनुपर्दछ ।

## सिंचाई विकास डिभिजन

१. **अख्तियारी तथा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा आर्थिक बर्ष शुरु भएको १५ दिनभित्र वजेट खर्च गर्ने अख्तियारी तथा स्वीकृत कार्यकम सम्बन्धित कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । तालुक विभागवाट यस कार्यालयलाई विभिन्न २ बजेट उपशीर्षकमा रु १ करोड ९५ लाख ५० हजारको थप अख्तियारी आषाढ महिनामा पठाएको देखियो । समयमै वजेट खर्च गर्ने अख्तियारी पठाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना तयार नगरेको, नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार को कारवाही अगाडि नबढाएको, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी खातामा रहेको केही सामानको मूल्य नखुलेकोमा मूल्य खुलाई नराखेको, स्वीकृत ढाँचामा ठेक्काको रनिङ्ग बिल नराखेको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, निर्माण कार्यको लागि हुनुपर्ने न्यूतम गुणस्तर तोकी निर्माण व्यवसायीहरुसँग सम्झौता हुने कार्यतालिका पेश गर्न नलगाएको, उपभोक्ता सँग भएको खरिद सम्झौता अनुरुप कार्य सम्पन्न नभै घटी कार्य भएको अवस्थामा पनि भेरिएशन स्वीकृति बेगर अन्तिम बिल भुक्तानी गरी सम्झौता फरफारक गरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **खर्च संरचना** : स्वीकृत वार्षिक कार्यकम बमोजिम तोकिएको चौमासिकमा कार्यकम संचालन गर्नुपर्नेमा कार्यालयवाट प्राप्त विवरण अनुसार ५ उप शीर्षकहरुमा कूल पूँजीगत तथा कार्यकम खर्च र अन्य रु २३ करोड ८५ लाख ६३ हजार भएकोमा तेस्रो चौमासिकमा रु.२२ करोड २ लाख ११ हजार अर्थात ९२.३० प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाढमा मात्र रु १८ करोड ५० लाख ७३ हजार अर्थात कुल खर्चको ७७.५७ प्रतिशत खर्च भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

४. **लक्ष्य, प्रगति स्थिति** : स्वीकृत कार्यक्रम अनुसार खर्च गरी सो को आधारमा तोकिएको लक्ष्य हासिल गर्नु पर्नेमा यस कार्यक्रम अन्तर्गत सञ्चालित सिचाई तथा जलस्रोत व्यवस्थापन आयोजना र सिंचाई प्रणालीहरुको मर्मत तथा दिगो व्यवस्था कार्यक्रममा यस वर्ष वार्षिक विनियोजनको तुलनामा कमश ९६.५१ र ९४.१८ प्रतिशत प्रगति भएकोमा भौतिक प्रगति कमश ७८ र ८८.९

प्रतिशतमात्र प्रगति देखाइएको छ । स्वीकृत वार्षिक कार्यक्रममा रहेका २ कार्यक्रममा ७५ प्रतिशतभन्दा न्यून प्रगति तथा एउटा आयोजनामा कुनै कार्य हुन नसकी प्रगति शुन्य रहेको पाइयो । यसरी प्रगति शुन्य वा न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

५. **अवरुद्ध ठेक्का** : डिभिजनबाट २०६६।६७ मा शुरुवात भएको घाटगाउँ सिंचाइ योजना अन्तर्गतका निर्माण कार्यलाई ३ वटा प्याकेजमा विभाजन गरी २०६६।९।८ मा २०६८।९।७ मा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न नभइ ४ पटक म्याद थप भई २०७२।३।१३ सम्म म्याद थप भएकोमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि १९ महिना पहिले नै समाप्त भए तापनि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार म्याद थप सम्बन्धी कारवाही वा ठेक्का तोड्ने वा कालोसूचीमा राख्ने सम्बन्धी भएको छैन । निर्माण व्यवसायीले एक्विडक्ट निर्माण गर्दा स्पेसिफिकेशन अनुसारको गुणस्तर कायम गर्न निर्देशन गर्दा नमानेपछि विवाद हुन गएको, २०७२।३।१५ मा ठेक्का तोड्ने सम्बन्धी पत्र लेखेको, सम्झौता अनुसार नियुक्त गरीएको एड्जुडिकेटर ले दिएको निर्णय प्रति चित्त नबुझाई २०७३।८।३ मा आर्बिट्रेशनमा जाने आशयको पत्र लेखेको पाइयो । अतः यस सम्बन्धमा सार्वजनिक खरिद ऐनको दफा ५९ अनुसार आवश्यक कारवाही हुनु पर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु २० लाख ३३ हजार  इन्धन सूचना प्रकाशन, भ्रमण भत्ता, मर्मत, कार्यालय सामान आदिमा रु.६७ लाख ३२ हजार समेत रु ८७ लाख ६५ हजार कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु वजेटबाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्चहरु पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीवाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार हुनुपर्दछ ।

७. **एज बिल्ट ड्रइङ** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम एज बिल्ट नक्सा पेश गर्नुपर्ने साथै निर्माण व्यवसायीहरुसंग भएको सम्झौतामा एज बिल्ट ड्रइङ पेश नगरेमा रु ५० हजार र रु.१ लाख रकम रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ । यस वर्ष निर्माण कार्य सम्पन्न भएका ३ प्याकेजका निर्माण व्यवसायीले एज बिल्ट ड्रइङ पेश गरेको नदेखिएकोमा सम्झौता अनुसार अन्तिम बिल भुक्तानी गर्दा रु २ लाख रोक्का राखेको पाइएन ।

८. **अधुरो कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ मा सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्मण व्यवसायी वा सेवा प्रदायकले म्याद थपका लागि निवेदन दिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणका लागि नमूना छनौट गरीएकामध्ये बड्डीचौर सिंचाइ योजना र लामाताडी सतह सिंचाइ योजनामा विभिन्न निर्माण कार्य गर्न उपभोक्ता समितिसंग सम्झौता भएकोमा सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न भएका देखिएनन् ।  उपभोक्ता समितिहरुबाट म्याद थपका लागि निवेदन पनि पेश नभएको तथा कार्यालयबाट पनि यस सम्बन्धमा यथोचित पहल भएको देखिएन । सम्झौतामा निर्धारित समयभित्रै कार्य सम्पन्न गर्ने गराउने तर्फ आवश्यक ध्यान दिनु पर्ने देखिन्छ ।

९. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

९.१ सानो पिप्ले सिंचाइ उप आयोजनाका निर्माण व्यवसायीको सम्झौता अवधि ३१ डिसेम्बर २०१५ देखि १५ महिना रहेकोमा निजले जुलाई २०१५ देखि १ वर्ष मात्र अवधि भएको बीमा पोलिसी पेश गरेको तर बीमा वापतको रकम पुरै अर्थात् रु.८५ हजार भुक्तानी गरेको पाइयो । यसरी पुरा अवधि कभर हुने गरी बीमा गराएको नपाइएकोले बीमाको अवधि थप गराएको प्रमाण पेश हुनु पर्ने अन्यथा बीमा अवधि कभर नभएको ३ महिनाको दामासाहीले हुने रु.१७ हजार असुल हुनु पर्दछ ।

९.२ गोचे सिंचाइ योजनाका निर्माण व्यवसायीलाई अन्तिम बिलसम्म रु.१ करोड १२ लाख १० हजार भुक्तानी भएकोमा सम्झौता तथा नियमावली अनुसार बीमा गराएको पाइएन ।

१०. **अग्रिम आयकर** : आयकर ऐन, २०५८ को दफा ८८ मा ठेक्का करारको भूक्तानी गर्दा अग्रीम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताले एउटै फर्मबाट रु १७ लाख ९ हजार सम्मको निर्माण सामगी खरिद गरेको बिल पेश भएकोमा अग्रिम आयकर कट्टी गरेको प्रमाण पेश गरेको छैन । यस्तो अवस्थामा व्यावसायिक फर्महरुको अग्रीम आयकर रकम छुट हुने अवस्था देखिएको छ । यस बर्ष रु.छ लाख भन्दा बढीको निर्माण समाग्री खरिदको बिल पेश भएका विभिन्न ३४ जल उपभक्ताको बिल परीक्षण गर्दा रु.४ लाख ३८ हजार ७८१ अग्रिम आयकर छुट भएको देखिएको छ । छुट भएको रकम असुल हुनु पर्दछ ।

११. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मूल्य अभिवृद्धिकर बिजक जारी भएको अवस्थामा मात्र मूल्य अभिवृद्धि कर भुक्तानी दिनु पर्ने व्यववस्था छ । उपभोक्ता समितिलाई मूल्य अभिवृद्धिकर भुक्तानी भएकोमा अधिकांशले सामग्री खरिदको मूल्य अभिवृद्धि कर बिजक संलग्न गरको देखिए तापनि विभिन्न ९ जलउपभोक्ता समितिलाइ मूल्य अभिवृद्धि कर बिजक बेगरै रु.१ लाख ६ हजार २३५।- मूल्य अभिवृद्धि कर समेत समावेश गरी भुक्तानी गरेको देखियो । कर बिजक बेगर भुक्तानी गरेको रकम असुल हुनु पर्दछ ।

१४. **पेश्की** : सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ अनुरुप कार्यालयले विभिन्न ४ निर्माणव्यवसायीलाई दिएको मोबिलाइजेशन पेश्की फछ्र्यौट नभई रु.७९ लाख ८१ हजार बाँकी रहेको देखिएकोले उल्लिखित नियम बमोजिम फछ्र्यौट हुनुपर्दछ ।

## उपत्यका नगर विकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार नगरेको, आन्तरीक लेखापरीक्षण नगराएको, रसिद नियन्त्रण खाता नराखेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **जग्गा खरिद** : नगर विकास समितिको प्रमुख कार्य जग्गा खरिद गरी व्यवस्थित आवासको व्यवस्था गर्नु हो । यो वर्ष अनुमानित व्यय विवरणमा जग्गा खरिद गर्न रु.१ करोड ७५ लाख बजेट व्यवस्था भएकोमा जग्गा खरिद गर्ने कार्य हुन सकेको देखिएन । लक्ष्य अनुसार कार्य गर्ने तर्फ समितिको ध्यान जानु पर्ने देखिन्छ ।

३. **समितिको बैठक** : नगर विकास ऐन, २०४५ को दफा ६.१ मा समितिको बैठक कम्तीमा २ महिनामा एक पटक बस्ने उल्लेख छ । यस समितिमा यो आर्थिक बर्ष ७ पटक बैठक बसेको देखिएको भए तापनि आर्थिक बर्षको शुरुमा कार्तिकमा र त्यसपछि फाल्गुणमा मात्र बसी ऐनमा व्यवस्था भए मुताविक नियमित बैठक बसेको देखिएन । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

४. **भाडा असुल** : गोदाम क्षेत्र भित्रको गोदाम घर भाडामा लिने एक व्यक्तिसंग २०७३ आषाढ मसान्त सम्मको भाडा रु २ लाख ७० हजार र सम्झौतानुसार लाग्ने जरिवाना रु ६७ हजार ५०० समेत रु.३ लाख ३७ हजार ५०० असुल हुन बाँकी रहेकोले असुल गरी दाखिला गर्नु पर्दछ ।

५. **वक्यौता असुली** : गत बर्ष लेखापरीक्षण हुँदा १० वटा पसल, कवल भाडा बापत प्राप्त हुनु पर्ने रु ९६,९९०।- असुल नभएको भनी औंल्याएकोमा हालसम्म पनि ६ वटा पसलले बुझाउनु पर्ने रु ३७ हजार ४९० असुल हुन बाँकी रहेको देखियो । वक्यौता भाडा असुल गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

६. **राजस्व दाखिला** : आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने र नगरेमा २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । ऐनमा यस्तो व्यवस्था भए तापनि महिना दिनभित्र असुल भएको रकम उक्त महिनामा पुरै रकम दाखिला नगरी महिनाको न्यूनतम रु ८६ हजार ७९३ र अधिकतम रु १८ लाख ८० हजार ३२९ सम्म नगद मौज्दात रहेको देखियो । आषाढ महिनामा रु १५ लाख १५ हजार ७४३ असुल भएकोमा रु.३० लाख ६७ हजार ३१८ दाखिला भएको देखियो । यसरी समयमै रकम दाखिला नभएको भनी गत विगत बर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा यो बर्ष पनि सुधार भएको देखिएन । अतः ऐन अनुसार लाग्ने जरीवाना रकम असुल गरी दाखिला हुनु पर्दछ ।

७. **प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन,२०६३ मा कुनै वोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्रहरु रद्द हुने उल्लेख छ । समितिबाट रुख दाउरा बिक्री गर्न रु २९ लाख ९३ हजार ३१० को लागत अनुमान तयार गरी प्रकाशित सूचना अनुसार २२ वटा बोलपत्र विक्री भएकोमा ३ वटा मात्र दाखिला भई लागत अनुमानको हाराहारीको रु.२९ लाख ९३ हजार ४६५ को बोलपत्र परेकोमा बोलपत्र स्वीकृत गरेकोमा काठ बिक्री भएको देखिन्छ । पर्याप्त रुपमा बोलपत्र फारम बिक्री भए तापनि प्रतिस्पर्धा हुन सकेको देखिएन ।

८. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल, भरपाई सहितको लेखा राख्नु पर्दछ । एक परामर्शदातालाई बिल, भरपाई बेगर रु.९ हजार भुक्तानी गरेको अनियमित देखिन्छ ।

९. **अग्रिम कर** : आयकर ऐन, २०५८ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी गर्नु पर्नेमा एक परामर्श सेवालाई रु १ हजार ३५० कर कट्टी नगरी भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

## स्थानीय विकास कोष समितिको सचिवालय

१. **हिसाब मिलान** : गरीबी निवारण कोष तर्फ गत वर्षको मौज्दात रु.७७,९६३।- र यस वर्षको रु.४९ लाख २८० गरी जम्मा रु.१ लाख २७ हजार २३४ बाँकी रहेकोमा उक्त रकम सम्बन्धित कोषमा नै फिर्ता गरी हिसाब मिलान गर्नु पर्ने देखियो ।

## क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

१. **अख्तियारी तथा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तालुक विभागवाट यस कार्यालयलाई विभिन्न ४ वजेट उपशीर्षकमा रु १० करोड २७ लाख थप अख्तियारी आषाढ महिनामा पठाएको देखियो । समयमै वजेट खर्च गर्ने अख्तियारी पठाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२. **अन्तिम चौमासिक खर्च** : स्वीकृत वार्षिक कार्यकम वमोजिम तोकिएको चौमासिकमा कार्यकम संचालन गर्नुपर्नेमा कार्यालयबाट प्राप्त विवरण अनुसार ४ उप शीर्षकहरुमा कूल पूँजीगत तथा

कार्यक्रम खर्च र अन्य रु १८ करोड १ लाख ४५ हजार भएकोमा तेस्रो चौमासिकमा रु १५ करोड ९३ लाख ४९ हजार अर्थात् ८८.४५ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिकमा खर्च लेखेको मध्ये आषाणमा मात्र रु १२ करोड ४३ लाख २ हजार अर्थात कुल खर्चको ६९ प्रतिशत खर्च भएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना तयार नगरेको, जिन्सी निरीक्षण गर्दा एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरीएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार प्रतिवेदन तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **लक्ष्य, प्रगति स्थिति** : वार्षिक लक्ष्य अनुसार प्रगति हासिल हुनुपर्दछ । कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार विभिन्न २ खानेपानी आयोजनामा ५० प्रतिशतभन्दा न्यून र एक आयोजनामा ७५ प्रतिशत भन्दा न्यून प्रगति हासिल भएको देखियो । यसरी न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

५ **समग्र प्रगति स्थिति** : कार्यालयबाट पेश भएको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख भए अनुसार २०६४।६५ मा सुरु भएका ५ योजना सहित विभिन्न आर्थिक वर्षमा शुरु भएका ५६ वटा क्रमागत योजना र ३ वटा सालबसाली कार्यक्रम सहित ५९ वटा योजना सञ्चालन भएकोमा लागत अनुमानको आधारमा हालसम्मको खर्च प्रतिशत समग्ररुपमा न्यून प्रगति रहेको देखियो ।

५.१ २०६४।६५ मा शुरु भएका आयोजनाको अवधि ९ वर्ष व्यतित भइसके तापनि हालसम्म भएको खर्चको आधारमा आयोजना सम्पन्न हुन अझै ११ वर्ष लाग्ने देखिन्छ । समग्र रुपमा ११ वर्ष लाग्ने देखिएको भए तापनि जुगेखोला खानेपानी योजनामा अझै न्यून खर्च भएको देखिएको हुँदा यही आधारमा खर्च हुने हो भने अझै थप ३४ वर्षसम्म लाग्ने देखिएको छ । यस तर्फ सम्बद्ध निकायहरुको ध्यान जानु पर्ने देखिन्छ ।

५.२ निर्माण कार्य शुरु भएका आयोजनामा कार्य सम्पन्न गर्न पर्याप्त बजेट व्यवस्था नगरी नयाँ आयोजनाहरु थप्दै लैजाँदा शुरु भैसकेका आयोजनाबाट परिलक्षित उद्देश्य हासिल गर्न कठिनाइ हुने हुँदा यस तर्फ सम्बद्ध निकायहरुको ध्यान जानु पर्ने देखिन्छ ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २.५ प्रतिशत र साना तिना अन्य खर्चको लागि २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख भए तापनि के, कस्ता खर्चहरु समावेश हुने हो, सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा तालुक निकायबाट समेत कुनै नीतिगत निर्णय भए, गरेको छैन । कार्यालयले यो वर्ष मष्टरोल ज्याला वापत रु.८ लाख २१ हजार १८७ इन्धन सूचना प्रकाशन, भ्रमण भत्ता, मर्मत कार्यालय सामान आदिमा रु ५९ लाख ४९ हजार ८१५ साधन खरिद गर्न खानेपानी तथा ढल निकास विभागमा पठाएको रु १४ लाख ५६ हजार समेत रु ८२ लाख २७००२।- कन्टिजेन्सी खर्च लेखेको छ । यस्तै प्रकृतिको खर्च चालु बजेटबाट पनि हुने गरेको छ । एकै प्रकृतिका खर्चहरु पूँजीगत तर्फको कन्टिजेन्सी र चालु खर्च शीर्षक दुवैबाट गरेको छ । कन्टिजेन्सीबाट खर्च गर्ने स्पष्ट कार्यविधि तयार गर्नुपर्दछ ।

७. **न्यून प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पुष्टि भएमा रद्द गर्न सकिने प्रावधान रहेको छ । कार्यालयबाट

यस वर्ष प्रतिस्पर्धा गराइ खरिद गरीएका मध्ये केही खरिद प्याकेजको परीक्षण गर्दा फिटिङ्स खरिद गर्न ३ प्याकेज गरी प्रतिस्पर्धा गराउँदा को लागत अनुमान रु.९५ लाख २४ हजार रहेकोमा रु ९४लाख ६३ हजारमा सम्झौता भएको र पाइप खरिद गर्न २ वटा प्याकेजको लागत अनुमान रु.५३ लाख १ हजार रहेकोमा रु ५२ लाख ८५ हजारमा सम्झौता भएको देखियो । यसरी खरिद कार्यमा प्रतिस्पर्धा नभई लागत अनुमानकै हाराहारीमा सम्झौता भएको देखिन्छ ।

८. **पाइप, फिटिङ्स मौज्दात :** नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नु पर्ने व्यहोरा उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :-

८.१ कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षसम्म रु.१ करोड ५२ लाख ९४ हजार मूल्यका पाइप मौज्दातमा रहेकोमा यस वर्ष रु.३ करोड ९१ लाख २९ हजार मूल्यका पाइप खरिद गरेको पाइयो । सोमध्ये यस वर्ष रु.४ करोड ४ लाख ५४ लाख ८४० मूल्यका पाइप विभिन्न खानेपानी आयोजनाहरुमा पठाई रु.१ करोड ३९ लाख ६८ हजार मूल्यका पाइप मौज्दात रहेको देखियो । यसरी गत, विगतकै पर्याप्त मौज्दात रहेको अवस्था र आयोजनामा पठाएको पाइपमध्ये पनि ५६ हजार ३२१ मीटर पाइप जडान हुन नसकेको अवस्थामा पुनः मौज्दात रहने गरी खरिद गर्नु उपयुक्त होइन । अतः गत वर्षको मौज्दात, यस वर्ष आयोजनामा प्रयोग हुन सक्ने अवस्था तथा मौज्दातमा राख्नु पर्ने पाइपको परिमाण जस्ता पक्षको विचार गरेर मात्र खरिद कार्य हुनु पर्दछ ।

८.२ नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख छ । लेखापरीक्षणका लागि पेश भएका खानेपानी आयोजनाहरुका जिन्सी खाता तथा नापी किताब अनुसार २६ खानेपानी आयोजनामा जिन्सी खाताबाट खर्च लेखेको (मौज्दात घटाएको) पाइपको परिमाण ५४८०१ मीटर रहेकोमा सम्बन्धित आयोजनाहरुका नापी किताब अनुसार १८६६५ मीटर मात्र जडान भई रु.५९ लाख ६४ हजार २८१ मूल्यका ३६ हजार १३६ मीटर पाइप घटी जडान भएको देखिएको छ ।

८.३ कार्यालयबाट प्राप्त विवण अनुसार गत वर्षसम्म रु.१ करोड ४ लाख २७ हजार मूल्यका फिटिङ्गस औजार मौज्दातमा रहेकोमा यस वर्ष रु.१ करोड ३३ हजार ४८ हजार मूल्यका फिटिङ्गस औजार खरिद गरेको पाइयो । सोमध्ये यस वर्ष रु ६३ हजार ८९ हजार मूल्यका फिटिङ्गस औजार विभिन्न खानेपानी आयोजनाहरुमा पठाई रु.१ करोड ७३ हजार ८७ हजार मूल्यका फिटिङ्गस औजार मौज्दात रहेको पाइयो । यसै वर्ष निर्माण गरीने आयोजनाहरुमा प्रयोगका लागि आपूर्ति गरीएका फिटिङ्गस सामग्री यसरी मौज्दातमा राख्ने तथा मौज्दात रहने गरी खरिद गर्नु उपयुक्त होइन । अतः गत वर्षको मौज्दात, यस वर्ष आयोजनामा प्रयोग हुन सक्ने अवस्था तथा मौज्दातमा राख्नु पर्ने फिटिङ्गस सामग्रीको परिमाण जस्ता पक्षको विचार गरेर मात्र खरिद कार्य हुनु पर्दछ ।

९. **पाइप खरिद :** यस वर्ष बोलपत्र तथा दरभाउपत्रको माध्यमबाट १३ पटक गरी रु.४ करोड ५६ लाख ९६ हजारको पाइप आपूर्ति कार्य भएकोमा देहाय अनुसारको व्यहोरा देखियो:

९.१ कार्यालयले यो वर्ष आपूर्ति गरेका उक्त पाइपमध्ये पहिलो लटमा एक फर्मसँग खरिद भएको रु.१४३,८१,२१९। बाहेक अन्य बाँकी लटको पाइपको गुणस्तर परीक्षण गराएको पाइएन । यस सम्बन्धमा छलफल हुँदा आ.व.को अन्ततिर बजेट थप भई पाइप खरिद गरीएकोले गुणस्तर परीक्षण गर्न नभ्याइएको तर सम्बन्धित कारखानाको प्रयोगशालामा परीक्षण भएको प्रमाण पेश हुन आएको जवाफ प्राप्त भयो ।

९.२ एच्.डी.पी.पाइप खरिद सम्बन्धी आपूर्तिकर्तासँग भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्रयाक्टको बुँदा नं. ८ मा हरेक लटमा आपूर्ति हुने पाइपको हरेक साइज तथा सिरिजको ल्याब

टेष्ट गराउनुपर्ने तथा टेक्निकल स्पेसिफिकेशनको बुँदा नं. २.१.५ तथा खानेपानी तथा ढल निकास विभागको २०६९।९।१२ को परिपत्र अनुसार कार्यालयले आपूर्तिकर्ताहरुबाट आपूर्ति गरीने पाइपको स्वतन्त्र परीक्षण समेत गराउनु पर्ने व्यवस्था रहेकोमा सो अनुसा भए, गरेको पाइएन ।

९.३ पाइप तथा फिटिङ्स खरिद सम्बन्धी आपूर्तिकर्तासँग भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्रयाक्टको बुँदा नं. १५ मा आपूर्तिकर्ताले आपूर्ति गरेका पाइपहरु नयाँ, प्रयोग नगरीएका, नवीन मोडेलका तथा पाइपको डिजाइन तथा सामग्रीमा पछिल्ला सबै सुधारहरु इन्कर्पोरेट गरीएको वारेण्टी दिनुपर्ने व्यवस्था रहेकोमा त्यस्तो वारेण्टी प्राप्त गरेको देखिएन ।

**१०. एक्साभेशन नर्म्स** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्दछ । कार्यालयले खानेपानी आयोजनाहरु अर्न्तगत पाइप लाइन ट्रेञ्च खन्ने तथा पुर्ने कार्यको लागत अनुमान तयार गर्दा ग्राभेल तथा बोल्डर मिश्रित माटो मा खन्ने र पुर्ने कार्यको नर्म्स (प्रति घन मी. १.५९ र ०.६० म्यान डेज) प्रयोग गरी लागत अनुमान तयार गरेको पाइयो । जिल्लाका सबै क्षेत्र तथा एकै आयोजना अर्न्तगत पनि जमिनको प्रकृति एकै किसिमको हुने नभई फरक फरक प्रकृतिको हुने हुँदा सम्बन्धित आयोजना क्षेत्रको जमिनको प्रकृति अनुरुप खन्ने पुर्ने कार्यको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नु पर्ने देखिन्छ ।

**११. फरक साइजको पाइप** : रामघाट खानेपानी आयोजनाको पाइपलाइन डिजाइन स्वीकृत डिजाइनको एनेक्स ९ अनुसार १२५ एम.एम.को जि.आइ.पाइप ६०३ मी. आवश्यक पर्ने देखिएकोमा १३९८ मीटर खरिद गरेको पाइयो । जसबाट उक्त पाइप ७९५ मीटर थप खरिद भई रु १३ लाख ५२ हजार ७४० थप लागत पर्न गएको छ । यस सम्बन्धमा छलफल हुदा आयोजनाको साइट कण्डिशन अनुसार एच.डि.पी. पाइप प्रयोग हुने भनिएको स्थानमा पनि जि.आई. पाइप नै प्रयोग गर्नुपर्ने भई थप खरिद गरीएको जवाफ प्राप्त भयो ।

**१२. गुणस्तर परीक्षण** : निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल स्पेसिफिकेशन फर कन्स्ट्रक्शन वर्कको दफा नं. मा आर.सी.सी. टंकी, फेरोसिमेण्ट ट्यांक, सम्पवेल, पानी प्रशोधन केन्द्र जस्ता कंक्रिट सम्बद्ध कार्य गर्दा कंक्रिटको कम्प्रेसिभ स्ट्रेन्थ परीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट त्यस्ता कार्य गराउँदा गुणस्तर परीक्षण गराउने गरेको पाइएन ।यस सम्बन्धमा कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

**१३. उपभोक्ता समिति परिचालन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि सम्बन्धमा उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

१३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा समितिबाट व्यहोरिने अंश खुलाई सो अनुसारको योगदान जुटाउनु पर्ने व्यवस्था रहेको मा विभिन्न ७ आयोजनाहरुका उपभोक्ता समितिबाट स्वीकृत कार्यक्रममा उल्लेख भए अनुसार रु २४ लाख ७६ हजारको जनसहभागिता जुटाएको पाइएन । स्वीकृत कार्यक्रम तथा नियमालीको व्यवस्था अनुसार जनसहभागिता जुटाउनु पर्दछ ।

१३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा रु ६० लाखसम्म लागत भएको निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । कार्यालयबाट संचालित क्रमागत तथा सम्पन्न अधिकांश आयोजनाहरुको कूल लागत अनुमान रु.६० लाखभन्दा बढी रहेकोमा त्यस्ता आयोजना को निर्माण कार्यको जिम्मेवारी विभिन्न उपभोक्ता समितिहरुलाई दिएको पाइयो ।

१३.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति

वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने व्यवस्था रहे तापनि सोको पालना भएको पाइएन । कामको प्राविधिक मूल्याकन, बिल, भरपाइं र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्ने र गराउने व्यवस्था हुनु पर्दछ ।

१४. **कार्य अधुरो** : बड्डीचौर खानेपानी गुणस्तर आयोजनाको लागि पानी प्रशोधन केन्द्र निर्माण कार्य अन्तर्गत यस वर्ष प्लेन सेडिमेण्टेशन ट्यांक निर्माणको लागि यो वर्ष रु.३६ लाख ६३ लाखको लागत अनुमान तयार गरी उक्त कार्य २०७३।३।२५ भित्र सम्पन्न गर्ने गरी २०७३।१।०२ मा सम्झौता भएकोमा २०७३।३।२९ मा तेस्रो रनिङ्ग बिल पेश भएको पाइयो । उक्त बिलसम्म रु.३१ लाख ७६ हजार (८४.३९ प्रतिशत) मात्र भुक्तानी भई तोकिएको अवधिमा निर्माण सम्पन्न हुन सकेको देखिएन ।

१५. **लागत अनुमान** : नेपाल सरकारबाट स्वीकृत नर्म्स, २०४१ (सं. २०५० सहित) को नर्म्स नं. ३.२क अनुसार ५ देखि ७० मि.मी. साइजको १ घ.मी. बालुवा छान्ने कार्यको लागि २.५ म्यान डेज रहेको र अर्को एक गुणस्तर सुधार सम्बन्धी आयोजनामा उक्त कार्यको दर विश्लेषण गर्दा पनि त्यति नै म्यान डेज राखी लागत अनुमान तयार भएको छ । यस वर्ष गुमी खानेपानी गुणस्तर सुधार आयोजनाको लागि पानी प्रशोधन केन्द्रको फिल्टर मिडियामा २०० घ.मी. बालुवा भर्ने कार्यको लागत अनुमान तयार गर्दा १ घ.मी. बालुवा संकलन गर्ने कार्यका लागि १० म्यान डेज राखेको पाइयो । जसको कारणबाट प्रति घ.मी. कार्यमा ७.५ म्यान डेज बढी हुन गई प्रति म्यान डेज ज्याला दर रु.४००।- को आधारमा रु.६०००।- का दरले २०० घ.मी. बालुवा संकलन कार्यमा रु.६ लाख थप लागत पर्न गएको छ ।

१६. **पेश्की** : एक संस्थालाई वातावरणीय सरसफाई कार्यक्रमबाट पोष्ट ओ.डी.एफ. ओरिएण्टेसन कार्यक्रम संचालन गर्न प्रदान गरेको पेश्की रु.५ लाख फछ्र्यौट हुन बाँकी देखिकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट हुनु पर्दछ ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ८१ कार्यालयहरुको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट २ कार्यालयहरुको जिल्ला विकास समितिबाट र १३ कार्यालयहरुको सम्बन्धित विश्वविद्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार ५९ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ४२ मध्ये निम्न १५ कार्यालयको रु.९,६५,५३७- बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यलय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | ईन्जिनियरीङ शास्त्र के. क्याम्पस | विभिन्न | १. फर्निचर खरिद सोझै गरेका रु.<br>२. अतिथि सत्कार खर्चको प्रयोजन नखुलेको रु.<br>३. फोटोकपी बिलको आधारमा भुक्तानी गरेको रु.<br>४. भ्रमण आदेश भन्दा १ दिन बढीको भ्रमण खर्च भुक्तानी रु.<br>५. उपस्थित नभएका २ सदस्यलाई बैठक भत्ता भुक्तानी भएको रु.<br>६. जिन्सी सामान निरिक्षण गरेको नदेखिएको । | १,७६,५८१।-<br>२९,०२०।-<br>४५,८०१।-<br>१७९५।-<br>२०००।-<br>सैद्धान्तिक |
| २ | ईन्जिनियरीङ शास्त्र डिन कार्यालय | विभिन्न | १. असम्बन्धितलाई अतिथि खर्च गरेको रु.<br>२. सम्पति तर्फ राख्नु पर्ने खर्च लेखेकोले अनियमित भएको रु.<br>३. मालसामान निरीक्षण गरेको नदेखिएको | ३०,५१०।-<br>२३५०।-<br>सैद्धान्तिक |
| ३ | कृषि अनुसन्धान केन्द्र, दशरथपुर | विभिन्न | १. अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र नपठाएको, तालिम हल निर्माण कार्यको लागत अनुमान दर विश्लेषण पेश नभएको, बीमा नगराएको, कार्य सम्पन्न मिति नखुलाएको तलबी प्रतिवेदन पारीत नगरेको, सिंचाइ प्रणाली निर्माण कार्यको लागत अनुमान दर विश्लेषण सम्बन्धी कागजात पेश नभएको, कार्य सम्पन्न मिति नखुलाई भुक्तानी गरेको र बीमा नगराएको, रु.२१,७२,०३४।१७ रकम मौज्दात रहेको सो सम्बन्धमा यकिन हुनु पर्ने देखिएको ।<br>२ आयकर कट्टी गरेको नपाइएको, खर्च रु १३५८।०० लेखेकोमा पूँजीकृत नगरेका, एक फर्मबाट कोटेशन अनुसार १ थान पावर टिलरको मूल्य रु.१०५,०००। उल्लेख गरेकोमा रु.११०,०००। भुक्तानी भएकाले रु.५०००। असुल हुनु पर्ने, विधुत महुलमा रु.३०३२।१० जरिवाना तिरेको,<br>३. आम्दानी रकम लामो समयपछि मात्र दाखिला गरेको, बिक्री गरिएका उत्पादनहरुको नगदी रसिद अनुसार आम्दानी रजिष्टर तयार गरेको नपाइएको<br>४. धरौटी खातामा रु.६०३,६११।१५ मौज्दात रहेको मध्ये रु.१७८,९७४।- को. ले. नि. का. मा रहेको एकल खाता कोषमा जम्मा भएको र बाँकी रकम रु.४२४,६३७। यस केन्द्रको धरौटी खातामा नै बाँकी रहेको | सैद्धान्तिक<br>१२,२७८।-<br>सैद्धान्तिक |
| ४ | डिभिजन सहकारी कार्यालय | विभिन्न | १.दैनिक भ्रमण भत्ता भूक्तानी प्रचलित भाडा दर भन्दा बढी नहुने गरी भुक्तानी हुनु पर्ने,आम्दानीको समयमा बैंकमा दाखिला गर्ने र पुरानो धरौटी रकम कानून बमोजिम सदरस्यहा गर्नु पर्दछ । | सैद्धान्तिक |
| ५ | विज्ञान संकाय केन्दीय, क्याम्पस | विभिन्न | १. सोझै भुक्तानी गरेको रु..<br>२. जिन्सी सामान निरीक्षण गरेको देखिएन | १५५,३५०।-<br>सैद्धान्तिक |
| ६ | व्यवस्थापन डिन कार्यालय | विभिन्न | १.भर्पाई बेगर भुक्तानी भएको रु<br>२.बजेट शिर्षक फरक पारेर आ.ले.प. खर्च भुक्तानी गरेको रु<br>३. जिन्सी सामान निरिक्षण गरेको देखिएन | ५४१५।००<br>३३,९००।००<br>सैद्धान्तिक |

| सि न | कार्यलय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| ७ | व्यवस्थापन संकाय के. क्याम्पस | विभिन्न | १. असम्बन्धित कार्यमा खर्च भएको रु.<br>२. जिन्सी सामान निरीक्षण नगरेको | २१,७४८।-<br>सैद्धान्तिक |
| ८ | म.प. क्षेत्रीय शिक्षा निर्देशनालय | विभिन्न | १. शीर्षक फरक पारी खर्च लेखेको | १८००००।- |
| ९ | महिला तथा बालबालिका कार्यालय | विभिन्न | १. रु.२५ हजार भन्दा माथिको खरिद गर्दा ३ वटा फर्मबाट दरभाउपत्र नलिएको, | सैद्धान्तिक |
| १० | मानविकी शास्त्र के. क्याम्पस | विभिन्न | १. कार्यक्रम पछाडी को बिल पेश गरी भक्तानी गरेको<br>२. जिन्सी सामान निरीक्षण गरेको देखिएन | ४९,१९५।-<br>सैद्धान्तिक |
| ११ | रेडियो नेपाल क्षेत्रीय, प्रसारण केन्द्र | विभिन्न | १. गत वर्षको इन्धनको म.ले.प.फा.नं – १८ बेगर खर्च लेखेको<br>२. बाँकी ३०० लि. २०७३ साउनमा मौज्दात सार्नुपर्ने तलबी प्रतिवेदन पारित नगरेको, जिन्सी निकासी जनाउँदा सिलसिलेवार नम्बर चढाउनु पर्ने, जिन्सी निरिक्षण प्रतिवेदनको कारवाही गर्नु पर्ने, रकमान्तर स्विकृत दिईएको पत्राचार गर्नुपर्ने | ५१,८९४।-<br>सैद्धान्तिक |
| १२ | शिक्षा शास्त्र, केन्द्रीय क्याम्पस | विभिन्न | १ .जिन्सी निरीक्षण नगरेको | सैद्धान्तिक |
| १३ | शिक्षाशास्त्र संकाय डिन कार्यालय | विभिन्न | १. जिन्सी निरीक्षण नगरेको | सैद्धान्तिक |
| १४ | स्कुल अफ म्यानेजमेन्ट | विभिन्न | १.बैठक खर्च माईन्यूट पेस नभएको रु.<br>२.फर्निचरको शिर्षक फरक पारी खर्च गरेको अनियमित भएको<br>३.रु २४४००।०० पश्कि फछ्र्यौट गर्न छुट भएको ।<br>४. जिन्सी निरीक्षण नगरेको | १०,२००।-<br>७,५००।-<br>सैद्धान्तिक<br>सैद्धान्तिक |
| १५ | क्षेत्रीय संग्रहालय | विभिन्न | १. पेश्की फछ्र्यौट नभएको (श्रीनगर गा.वि.स.को कार्यालय) | १५०,०००।- |
| | | | **जम्मा** | **९,६५,५३७।-** |

**(विश्वनाथ रेग्मी)**

**नायब महालेखा परीक्षक**

अनुसूची –१

# लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अंक

लेखापरीक्षण विधिः विस्तृत (रु.लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | लोकसेवा आयोग क्षे. कार्यालय | २५४ | ११९ | १९ | ० | ३९२ |
| २ | पुनरावेदन सरकारी वकिल कार्यालय | २३२ | ० | ९ | ० | २४१ |
| ३ | जिल्ला सरकारी वकिल कार्यालय | ३४ | ० | ० | ० | ३४ |
| ४ | इलाका प्रहरी कार्यालय, छिन्चु सुखेंत | २०२ | ० | ० | ० | २०२ |
| ५ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना, | ३०६२ | ४ | १ | ० | ३०६७ |
| ६ | कर्णाली राजमार्ग | १७८५ | ७ | ७६३ | १ | २५५६ |
| ७ | कारागार कार्यालय, | ९९ | ० | १ | ० | १०० |
| ८ | कालीदल गण | २०७८ | १ | १२ | ० | २०९१ |
| ९ | कुमारीदल गण | ६३३ | ० | ५ | ० | ६३८ |
| १० | कोष तथा लेखा नियन्त्रक कार्यालय | ९१ | १ | ० | ० | ९२ |
| ११ | घरेलु तथा साना उद्योग विकास समिति | २२३ | ८५ | २७ | २५ | ३६० |
| १२ | जल उत्पन्नप्रकोप नियन्त्रण डिभिजन नं. १७ | २८६७ | १० | १९२ | ० | ३०६९ |
| १३ | जिल्ला कृषि विकास कार्यालय | ७२२ | २ | २ | २३ | ७४९ |
| १४ | जिल्ला पशुसेवा कार्यालय | ५०० | २ | २ | १४ | ५१८ |
| १५ | जिल्ला प्रशासन कार्यालय | १६२ | १३६ | ८९ | १२९४ | १६८१ |
| १६ | जिल्ला प्रहरी कायांलय | १४३९ | ५२ | ३२ | ४८ | १५७१ |
| १७ | जिल्ला प्राविधिक कार्यालय | ६९९ | १ | ११ | ० | ७११ |
| १८ | जिल्ला वन कार्यालय | ७३१ | २१८ | ८७ | ११५ | ११५१ |
| १९ | जिल्ला भू–संरक्षण कार्यालय | २९८ | ० | १ | १ | ३०० |
| २० | जिल्ला विकास समिति | ० | ० | ० | ९९६१ | ९९६१ |
| २१ | जिल्ला स्वास्थ्य कार्यालय | १७६७ | ४ | १० | १२२ | १९०३ |
| २२ | जिल्ला शिक्षा कार्यालय | ६६३० | १३२ | ० | २९ | ६७९१ |
| २३ | डिभिजन सडक कार्यालय | ६१७२ | ६९ | ६८३ | १७५३ | ८६७७ |
| २४ | नरसिंहदल गण | २३५६ | १ | १९ | ० | २३७६ |
| २५ | फिल्ड अस्पताल | ५३३ | १ | ४ | ० | ५३८ |
| २६ | भेरी बबई डाईभर्सन आयोजना | ८०१९ | २ | १२१ | ० | ८१४२ |
| २७ | म.प.पृतना कारखाना | १६० | १ | १ | ० | १६२ |
| २८ | म.प. पृतना हेडक्वाटर | ७४७ | १० | १६ | ० | ७७३ |
| २९ | म.प.विश्वविधालय केन्द्रिय कार्यालय | ० | ० | ० | २८१३ | २८१३ |
| ३० | म.प.विश्वविधालय परीक्षा नियन्त्रण कार्यालय | ० | ० | ० | ५७ | ५७ |
| ३१ | म.प.विश्वविधालय विज्ञान तथा प्रविधि संकाय | ० | ० | ० | ४१ | ४१ |
| ३२ | म.प.विश्वविधालय मानविकि तथा सामाजिक शास्त्र | ० | ० | ० | ४७ | ४७ |
| ३३ | अस्पताल विकास समिति | ० | ० | ० | १३३५ | १३३५ |
| ३४ | म.प. क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र | १९७ | ३ | २ | ८ | २१० |
| ३५ | म.प. क्षेत्रिय स्वास्थ्य निर्देशनालय | ३३९ | ४ | १७ | २५ | ३८५ |
| ३६ | श्री म. प. क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेत | ४८४ | १ | ४ | ३ | ४९२ |
| ३७ | म. प. क्षे. सशस्त्र प्रहरी गण, मुख्यालय | २१८३ | १ | ७ | ० | २१९१ |
| ३८ | म. प. क्षेत्रीय सडक निर्देशनालय | ६८ | १ | ४९ | २० | १३८ |
| ३९ | म. प. क्षे सशस्त्र प्रहरी बल मुख्यालय, महेश्वरी वाहिनी | ५९१ | ३ | ९ | ० | ६०३ |

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ४० | मालपोत कार्यालय, वीरेन्द्रनगर | १३५ | ११०९ | १५ | १२७९ | २५३८ |
| ४१ | मालपोत कार्यालय, मेहलकुना | ५४ | ३३ | ० | ७३ | १६० |
| ४२ | यातायात व्यवस्था सेवा कार्यालय | ५६ | ४०९ | ० | ० | ४६५ |
| ४३ | यान्त्रिक कार्यालय | ६५ | ८ | १० | ० | ८३ |
| ४४ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ६२ | ० | ० | ० | ६२ |
| ४५ | राष्ट्रिय अनुसन्धान क्षेत्रीय कार्यालय | ९१ | ४ | ० | ० | ९५ |
| ४६ | व्यावसायिक कृषि तथा व्यापार आयोजना कार्यान्वियन सहयोग समूहको कार्यालय | ३५५ | १२ | ० | ० | ३६७ |
| ४७ | शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय | २४८३ | ९० | ३५८ | ० | २९३१ |
| ४८ | उपत्यका नगर विकास समिति | ० | ० | ४८ | ४०६ | ४५४ |
| ४९ | सशस्त्र प्रहरी बल रक्तकाली गण | २३५९ | ७ | ६ | ० | २३७२ |
| ५० | सिंचाई विकास डिभिजन | २४७२ | ३७ | २३८ | ० | २७४७ |
| ५१ | सैनिक आवासीय महाविद्यालय | ११३ | ० | १ | १०९७ | १२११ |
| ५२ | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | १३४ | १३४ |
| ५३ | शैक्षिक तालिम केन्द्र | १३३ | १ | १ | ० | १३५ |
| ५४ | श्री क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, | १९६४ | २ | १३५ | १५ | २११६ |
| | जम्मा | ५६६९९ | २५८३ | ३००७ | २०७३९ | ८३०२८ |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु.लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | पुनरावेदन अदालत | २०३ | २ | १४ | ० | २१९ |
| २ | जिल्ला अदालत | १७५ | ६६ | २०६ | ७ | ४५४ |
| ३ | अख्तियार दुरुपयोग अ.आयोग | ४९५ | ० | २३ | ० | ५१८ |
| ४ | जिल्ला निर्वाचन कार्यालय | ४० | १ | ५ | ० | ४६ |
| ५ | अनुसन्धान केन्द्र दशरथपुर | ३०७ | ० | २ | ० | ३०९ |
| ६ | इलाका प्रशासन कार्यालय, बाबियाचौर | ७ | ० | ० | ० | ७ |
| ७ | इलाका प्रहरी कार्यालय, वादे पीपल | १३० | ० | ० | ० | १३० |
| ८ | इलाका प्रहरी कार्यालय, बाबियाचौर | २५९ | ० | ० | ० | २५९ |
| ९ | करदाता सेवा कार्यालय | ३७ | २८०६ | १ | ० | २८४४ |
| १० | डिभिजन सहकारी कार्यालय | ६३ | ४ | १ | ० | ६८ |
| ११ | तथ्यांक कार्यालय | ४६ | ० | १ | ० | ४७ |
| १२ | न.२ राजदल गण | १६५२ | १ | १३ | ० | १६६६ |
| १३ | नापी कार्यालय वीरेन्द्रनगर | १२० | १७ | ६ | २ | १४५ |
| १४ | नापी कार्यालय मेहलकुना | ३४ | ६ | ० | १ | ४१ |
| १५ | विनायक दल गण | ११५९ | १ | ६ | ० | ११६६ |
| १६ | भुकम्प मापन केन्द | ७२ | १ | १ | ० | ७४ |
| १७ | भेरी अंचल आयुर्वेद औषाधालय | ६९ | १ | १ | ० | ७१ |
| १८ | म.प.पृतना स्थपति सेवा | २३१ | १ | २ | ० | २३४ |

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १९ | म.प. विश्वविधालय ईन्जिनियरिङ के. क्या | ० | ० | ० | १४० | १४० |
| २० | म.प. विश्वविधालय ईन्जिनियरीङ संकाय डिन कार्यालय | ० | ० | ० | ६३ | ६३ |
| २१ | म.प. क्षेत्रीय वन तालिम केन्द | ११० | १ | ० | ० | १११ |
| २२ | म.प. क्षेत्रीय वन निर्देशनालय | १२७ | ० | ० | २ | १२९ |
| २३ | म.प. विश्वविधालय विज्ञान प्रविधि के.क्याम्पस | ० | ० | ० | १५९ | १५९ |
| २४ | म.प. विश्वविद्यालय व्यवस्थापन संकाय डिन कार्यालय | ० | ० | ० | ७२ | ७२ |
| २५ | म.प. विश्वविधालय व्यवस्थापन संकाय | ० | ० | ० | १६४ | १६४ |
| २६ | म.प. विश्वविद्यालय मानविकि संकाय | ० | ० | ० | २९८ | २९८ |
| २७ | म.प. विश्वविद्यालय शिक्षा संकाय डिन कार्यालय | ० | ० | ० | ४५ | ४५ |
| २८ | म.प. विश्वविद्यालय शिक्षा शास्त्र संकाय | ० | ० | ० | १३६ | १३६ |
| २९ | म.प. विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट | ० | ० | ० | ५२ | ५२ |
| ३० | म.प. हवाई सुरक्षा ब्याट्री | ७४९ | १ | ४ | ० | ७५४ |
| ३१ | म.प.क्षेत्रीय शिक्षा निर्देशनालय | २७९ | १२२ | २ | ० | ४०३ |
| ३२ | म.प.क्षेत्रीय हुलाक निर्देशनालय | ४४६ | २० | ३ | ४ | ४७३ |
| ३३ | महिला तथा बालबालीका कार्यालय | २२१ | १ | १ | ६ | २२९ |
| ३४ | महिला विकास प्रशिक्षण केन्द्र | ० | ० | ० | ४४ | ४४ |
| ३५ | मेहलकुना अस्पताल | १२९ | ० | २ | ० | १३१ |
| ३६ | रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र | २३५ | ० | ० | ० | २३५ |
| ३७ | क्षेत्रीय कृषि निर्देशनालय | १४९ | १ | २ | ४ | १५६ |
| ३८ | क्षेत्रीय पशुरोग अन्वेषण | ६७ | १ | ० | ३० | ९८ |
| ३९ | क्षेत्रीय पशुसेवा निर्देशनालय | १५२ | १ | १ | ४ | १५८ |
| ४० | क्षेत्रिय प्रशासन कार्यालय | १७८ | १ | ७ | ८ | १९४ |
| ४१ | क्षेत्रीय सिंचाई निर्देशनालय, | २९० | १ | २ | ० | २९३ |
| ४२ | क्षेत्रीय संग्राहलय | १३२ | १ | ३ | ० | १३६ |
| ४३ | क्षेत्रीय हावापानी कार्यालय, | १७९ | १ | ० | ११ | १९१ |
| | **जम्मा** | ८५४२ | ३०५९ | ३०९ | १२५२ | १३१६२ |
| | **कूल जम्मा** | **६५२४१** | **५६४२** | **३३१६** | **२१९९१** | **९६१९०** |

अनुसूची – २

# बेरुजुको स्थिति

(रु.हजारमा)

| सि. नं. | कार्यालयको नाम | शुरु बेरुजु | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजु | | | | | असूली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असूल गर्नु पर्ने | अनियमित | पेश्की | जम्मा | ले.प. क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | लोकसेवा आयोग क्षेत्रीय कार्यालय | ५ | सैद्धान्तिक | २ | ० | ३ | ० | ० | ० | सैद्धान्तिक | - | - | - |
| २. | पुनरावेदन सरकारी वकिल कार्यालय | ६ | सैद्धान्तिक | ३ | ० | ३ | ० | ० | ० | सैद्धान्तिक | - | - | - |
| ३. | उच्च मूल्य कृषि वस्तु विकास आ. | १४ | ३३२७ | ३ | ० | ११ | ० | १००० | २३२७ | ३३२७ | - | - | - |
| ४. | कर्णाली राजमार्ग योजना | १३ | ५२८८६ | १ | ० | १२ | २०५ | ४०१५९ | १२५२२ | ५२८८६ | - | - | - |
| ५. | कारागार कार्यालय, | ४ | सैद्धान्तिक | २ | ० | २ | ० | ० | ० | सैद्धान्तिक | - | - | - |
| ६. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८ | सैद्धान्तिक | ६ | ० | २ | ० | ० | ० | सैद्धान्तिक | - | - | - |
| ७. | कृषि अनुसन्धान केन्द्र, दशरथपुर | २० | १२ | १६ | ० | ४ | ९ | ३ | ० | १२ | | | |
| ८. | घरेलु तथा साना उद्योग विकास समिति | ६ | ४८०७ | ३ | ० | ३ | ७ | ० | ४८०० | ४८०७ | - | - | - |
| ९. | जल उत्पन्न प्रकोप नियन्त्रण | १४ | ४३६९१ | २ | ० | १२ | ० | ० | ४३६९१ | ४३६९१ | १६ | - | - |
| १०. | जिल्ला कृषि विकास कार्यालय | १४ | ४९ | ४ | ० | १० | २८ | २१ | ० | ४९ | - | - | - |
| ११. | जिल्ला पशुसेवा कार्यालय | १४ | ७४ | ५ | ० | ९ | ० | ७४ | ० | ७४ | ३५ | | |
| १२. | जिल्ला प्रशासन कार्यालय | ७ | २६ | ० | ० | ७ | ७ | १९ | ० | २६ | - | - | - |
| १३. | जिल्ला प्रहरी कार्यालय | ६ | ७१७ | ० | ० | ६ | ० | ७१७ | ० | ७१७ | - | - | - |
| १४. | जिल्ला प्राविधिक कार्यालय | ५ | १७५६९ | १ | ० | ४ | ० | ० | १७५६९ | १७५६९ | - | - | - |
| १५. | जिल्ला वन कार्यालय | २३ | ४४५८ | १२ | ४०३७ | ११ | ३६५ | ५६ | ० | ४२१ | - | - | - |
| १६. | जिल्ला विकास समिति | ५५ | १०९५२७ | ३० | ० | २५ | ४२४१ | ९५९९ | ९५६८७ | १०९५२७ | - | - | - |
| १७. | जिल्ला भू–संरक्षण कार्यालय | ५ | २०८ | २ | ० | ३ | ० | २०८ | ० | २०८ | - | - | - |
| १८. | जिल्ला शिक्षा कार्यालय | २९ | १२०२५२ | १५ | ० | १४ | ९७४ | ११९२१९ | ५९ | १२०२५२ | - | - | - |
| १९. | जिल्ला स्वास्थ्य कार्यालय | २५ | ३४०२ | १३ | ० | १२ | ८८९ | २५१३ | ० | ३४०२ | - | - | - |
| २०. | डिभिजन सडक कार्यालय | ५२ | १०७१४८ | ५ | ० | ४७ | ८३१ | ३४७३९ | ७१५७८ | १०७१४८ | - | - | - |
| २१. | डिभिजन सहकारी कार्यालय | १ | सैद्धान्तिक | ० | ० | १ | ० | ० | ० | सैद्धान्तिक | | | |
| २२. | भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आ | १८ | ५१३८३० | ५ | ७५६३ | १३ | ० | ३१३५ | ५०३१३२ | ५०६२६७ | - | - | - |
| २३. | म.प. विश्वविद्यालय ईन्जिनियरिङ संकाय | ११ | १८५ | ८ | १५२ | ३ | ० | ३३ | ० | ३३ | - | - | - |
| २४. | म.प. विश्वविद्यालय ईन्जिनियरीङ के. क्याम्पस | ११ | ३०७ | ५ | ५५ | ६ | ० | २५२ | ० | २५२ | - | - | - |
| २५. | म.प.विश्वविद्यालय केन्द्रिय कार्यालय | २५ | ४५४४७ | २० | २२९ | ५ | ० | ४५२१८ | ० | ४५२१८ | - | ३७५ | - |
| २६. | म.प.विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय | ४ | ९४ | ३ | ० | १ | ० | ९४ | ० | ९४ | - | - | - |
| २७. | म.प.विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय | ७ | १ | ४ | ० | ३ | ० | १ | ० | १ | - | - | - |
| २८. | म.प.विश्वविद्यालय मानविकि/सामाजिक शास्त्र | ५ | १०९ | २ | ० | ३ | ० | १०९ | ० | १०९ | - | - | - |
| २९. | म.प. विश्वविद्यालय व्यवस्थापन संकाय | ८ | २७ | ६ | ५ | २ | ० | २२ | ० | २२ | - | १ | - |
| ३०. | म.प. विश्वविद्यालय व्यवस्थापन संकाय | १३ | १२१ | १० | ८२ | ३ | ५ | ३४ | ० | ३९ | - | १ | - |
| ३१. | म.प. विश्वविद्यालय विज्ञान प्रविधि | ३ | १५६ | १ | १ | २ | ० | १५५ | ० | १५५ | - | १ | - |

| सि. नं. | कार्यालयको नाम | शुरु बेरुजु | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजु | | | | | असूली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असूल गर्नु पर्ने | अनियमित | पेश्की | जम्मा | ले.प. क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| ३२. | म.प. विश्वविद्यालय मानविकि संकाय, | ११ | ६५ | ९ | १६ | २ | ० | ४९ | ० | ४९ | - | १३ | - |
| ३३. | म.प. विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट | ६ | १७ | २ | ० | ४ | ० | १७ | ० | १७ | - | - | - |
| ३४. | म.प. विश्वविद्यालय शिक्षा शास्त्र संकाय, | ८ | ३ | ७ | ३ | १ | ० | ० | ० | ० | | ३ | - |
| ३५. | म.प. विश्वविद्यालय शिक्षा संकाय | ५ | ३४० | ४ | ३४० | १ | ० | ० | ० | ० | | - | - |
| ३६. | म.प. क्षेत्रीय शिक्षा निर्देशनालय | १ | १८० | ० | ० | १ | ० | १८० | ० | १८० | | - | - |
| ३७. | अस्पताल विकास समिति | ५ | २०४ | ३ | ० | २ | २०४ | ० | ० | २०४ | | - | - |
| ३८. | म.प. क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र | ११ | १३६ | ७ | १३ | ४ | १० | ११३ | ० | १२३ | | १३ | - |
| ३९. | म.प. क्षेत्रीय स्वास्थ्य निर्देशनालय | ८ | सैद्धान्तिक | ७ | ० | १ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ४०. | श्री म. प. क्षेत्रीय प्रहरी कायांलय | ८ | सैद्धान्तिक | ४ | ० | ४ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ४१. | म प क्षे( सशस्त्र प्रहरी गण, मुख्यालय | ४ | सैद्धान्तिक | २ | ० | २ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ४२. | म. प. क्षे. सशस्त्र प्रहरी बल मुख्यालय | ४ | सैद्धान्तिक | ३ | ० | १ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ४३. | महिला तथा बालबालिका कार्यालय | १ | सैद्धान्तिक | ० | ० | १ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ४४. | मालपोत कार्यालय, वीरेन्द्रनगर | ४ | १६४६ | २ | ० | २ | १६४६ | ० | ० | १६४६ | | - | - |
| ४५. | मालपोत कार्यालय, मेहलकुना | ४ | ४३३ | ३ | ४३३ | १ | ० | ० | ० | ० | | ४३३ | - |
| ४६. | यातायात व्यवस्था कार्यालय | ५ | १७८६ | २ | ० | ३ | १०७ | ० | १६७९ | १७८६ | | - | - |
| ४७. | यान्त्रिक कार्यालय | ७ | सैद्धान्तिक | ४ | ० | ३ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ४८. | रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र | ९ | ५२ | ७ | ० | २ | ० | ५२ | ० | ५२ | | - | - |
| ४९. | व्यावसायिक कृषि तथा व्यापार आयोजना | ३ | १५० | ० | ० | ३ | ० | १५० | ० | १५० | | - | - |
| ५०. | शहरी विकास तथा भवन निर्माण विभाग | १८ | २९९८६ | ० | ० | १८ | ४४५ | ६८४ | २८८५७ | २९९८६ | | - | - |
| ५१. | शैक्षिक तालिम केन्द्र | २ | सैद्धान्तिक | ० | ० | २ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ५२. | सशस्त्र प्रहरी बल, रक्तकाली गण | ३ | सैद्धान्तिक | १ | ० | २ | ० | ० | ० | सैद्धान्तिक | | - | - |
| ५३. | उपत्यका नगर विकास समिति | १२ | ३४८ | ३ | ० | ९ | ३३९ | ९ | ० | ३४८ | ४८५ | | |
| ५४. | सिंचाई विकास डिभिजन | १४ | ८३०४ | ० | ० | १४ | १७ | ३०६ | ७९८१ | ८३०४ | | - | - |
| ५५. | स्थानीय विकास कोष | २ | १२७ | १ | ० | १ | ० | १२७ | ० | १२७ | | - | - |
| ५६. | श्री क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय | १६ | ६४६४ | ० | ० | १६ | ० | ५९६४ | ५०० | ६४६४ | १५५ | | - |
| ५७. | क्षेत्रीय संग्रहालय | १ | १५० | ० | ० | १ | ० | ० | १५० | १५० | | - | - |
| | **जम्मा** | ६०३ | १०७८८२१ | २६० | १२९२९ | ३४३ | १०३२९ | २६५०३१ | ७९०५३२ | १०६५८९२ | ६९१ | ८४० | १५३१ |

**द्रष्टव्य** :

- बेरुजुको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।
- प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवम् समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | लोकसेवा आयोग क्षेत्रीइ कार्यालय | श्री प्रेम प्रसाद पौडेल | श्री लोक ब. रेग्मी |
| २ | पुनरावेदन सरकारी वकिल कार्यालय | श्री धर्मानन्द नाथ | श्री श्याम कुमार शर्मा |
| ३ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | श्री राजेन्द्र प्रसाद भारी | श्री प्रकाश पौडेल |
| ४ | कर्णाली राजमार्ग (सर्खेत–जुम्ला सडक योजना) | श्री शिर बहादुर घिमिरे<br>श्री भानु जोशी<br>श्री जीत कुमार चौधरी<br>श्री बेल बहादुर भुजेल | श्री वीर बहादुर ऐर |
| ५ | कारागार कार्यालय | श्री लाल बहादुर खत्री | श्री रमेश उपाध्याय |
| ६ | कृषि अनुसन्धान केन्द्र, दशरथपुर | श्री विष्णु प्रसाद पौडेल<br>श्री रामबाबु पनेरु | श्री विक्रेश्वर महतो |
| ७ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री खिम बहादुर विष्ट | श्री कुमार विक्रम रेग्मी |
| ८ | घरेलु तथा साना उद्योग विकास समिति | श्री  विनोद देव पन्त | श्री माधव प्रसाद न्यौपाने |
| ९ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | श्री प्रेमराज घिमिरे | श्री भवानी प्रसाद अधिकारी |
| १० | जिल्ला कृषि विकास कार्यालय | श्री विजय कुमार गिरी | श्री धनसरा राना मगर |
| ११ | जिल्ला पशु सेवा कार्यालय | श्री जनकराम भण्डारी<br>श्री कृष्ण प्रसाद अर्याल<br>श्री कृष्णराज पाण्डे<br>श्री सुशील के.सी. | श्री कृष्ण प्रसाद ढुंगाना |
| १२ | जिल्ला प्रसाशन कार्यालय | श्री राजकुमार श्रेष्ठ<br>श्री बलदेव गौतम | श्री राजेन्द्र रायमाझी |
| १३ | जिल्ला प्रहरी कार्यालय | श्री राजेश कुमार लाल कर्ण<br>श्री वीरेन्द्र श्रेष्ठ | श्री हस्त बहादुर थापा |
| १४ | जिल्ला प्राविधिक कार्यालय | श्री शम्भु मिश्र | श्री वेद प्रसाद सुवेदी |
| १५ | जिल्ला वन कार्यालय | श्री हेमराज विष्ट | श्री उत्तम कुमार उपाध्याय |
| १६ | जिल्ला विकास समिति | श्री हिरालाल रेग्मी | श्री मदन कुमार पौडेल<br>श्री सरद कुमार पोखरेल |
| १७ | जिल्ला भू संरक्षण कार्यालय | श्री बलदेव प्रसाद भट्ट<br>श्री शिवराम अधिकारी | श्री भानुभक्त रिजाल |
| १८ | जिल्ला शिक्षा कार्यालय | श्री दिपा हमाल | श्री नारायण प्रसाद शर्मा |
| १९ | जिल्ला स्वास्थ्य कार्यालय | श्री भोगेन्द्रराज डोटेल<br>श्री वसन्त अधिकारी | श्री नन्दलाल ढकाल |
| २० | डिभिजन सडक कार्यालय | श्री भानु जोशी<br>श्री बेल बहादुर भुजेल | श्री जनक दुलाल |
| २१ | डिभिजन सहकारी कार्यालय | | |
| २२ | भेरी बबइ डाइभर्सन बहुउद्देश्यीय आयोजना | श्री शिव कुमार बस्नेत | श्री सनत के. सी.<br>श्री लोक प्रसाद पौडेल |
| २३ | म.प. इन्जिनियरीङ शास्त्र, डिन कार्यालय | श्री अनन्तराज घिमिरे | श्री निर्मला रेग्मी |
| २४ | इन्जिनियरीङ शास्त्र, के. क्याम्पस | श्री ओपेन्द्र हमाल | श्री भिमराज गिरी |
| २५ | म.प.विश्वविद्यालय, केन्द्रिय कार्यालय | डा.श्री महेन्द्र कुमार मल्ल | श्री मोतीलाल गिरी |
| २६ | म.प.विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय | श्री चन्दा भारती | श्री निर्मला रेग्मी,<br>श्री कमल कुमार रावत |
| २७ | म.प.विश्वविधालय विज्ञान तथा प्रविधि संकाय, डिन कार्यालय | श्री देव ब. खड्का | श्री  निर्मला रेग्मी<br>श्री कमल कुमार रावत |
| २८ | म.प.विश्वविधालय मानविकी तथा सामाजिक शास्त्र संकाय | श्री खोपीराम लम्साल<br>श्री गणेश बहादुर कार्की | श्री निर्मला रेग्मी,<br>श्री कमल कुमार रावत |
| २९ | म.प. व्यवस्थापन संकाय, के. क्याम्पस | श्री वीर बहादुर पौडेल | श्री भिमराज गिरी |
| ३० | म.प. व्यवस्थापन संकाय, डिन कार्यालय | श्री मस्त बहादुर गरंजा | श्री निर्मला रेग्मी |
| ३१ | म.प.विश्वविधालय विज्ञान तथा प्रविधि संकाय, केन्द्रीय क्याम्पस | श्री तारिणी प्रसाद यादव | श्री भिमराज गिरी |
| ३२ | म.प.विश्वविधालय मानविकी संकाय | डा. आनन्द प्रसाद सुवेदि | श्री भिमराज गिरी |
| ३३ | म.प.विश्वविद्यालय, स्कूल अफ म्यानेजमेण्ट | डा. नारायण प्रसाद पौडेल | श्री गोमा सापकोटा |

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| ३४ | म.प.विश्वविद्यालय, शिक्षा शास्त्र संकाय | श्री लक्ष्मी प्रसाद आचार्य | श्री भिमराज गिरी |
| ३५ | म.प.विश्वविद्यालय, शिक्षा शास्त्र, डिन कार्यालय | श्री यम बहादुर कार्की | श्री निर्मला रेग्मी |
| ३६ | म.प. क्षेत्रीय शिक्षा निर्देशनालय | श्री राम प्रसाद उपध्याय | श्री रोमराज डाँगी |
| ३७ | म.प. अस्पताल विकास समिति | डा. श्री हरि प्रसाद सापकोटा,<br>डा. श्री डम्बर खड्का | श्री रत्न प्र.सुवेदी |
| ३८ | म.प. क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र | श्री हेमन्त शर्मा पौडेल | श्री तिलक पौडेल |
| ३९ | म.प. क्षेत्रीय स्वास्थ्य निर्देशनालय | श्री डा. राजेन्द्र पन्त<br>श्री भोगेन्द्रराज डोटेल | श्री जागतबहादुर शाह |
| ४० | म. प. क्षेत्रीय प्रहरी कार्यालय | श्री केशवप्रसाद अधिकारी<br>श्री माधव प्रसाद नेपाल | श्री हेम बहादुर के.सी |
| ४१ | म. प. क्षेत्रीय सशस्त्र प्रहरी मुख्यालय | श्री चिरन्जीवी देवकोटा<br>श्री प्रकाश वहादुर चन्द | श्री यक्षराज जोशी |
| ४२ | म. प. क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, महेश्वरी बाहिनी | श्री सुबोध कुमार अधिकारी<br>श्री वसन्त कुमार बानियाँ | श्री दिवाकर राउत<br>श्री महेन्द्र हमाल<br>श्री गोविन्द बहादुर ठगुन्ना |
| ४३ | महिला तथा बालबालिका कार्यालय | श्री जमुना पौडेल | श्री इन्द्र प्रसाद अधिकारी |
| ४४ | मालपोत कार्यालय वीरेन्द्रनगर | श्री काशीराम खत्री | श्री क्षेत्र बहादुर जि.सी. |
| ४५ | मालपोत कार्यालय, मेहलकुना | श्री यज्ञ प्रसाद देवकोटा | श्री क्षेत्र बहादुर जि.सी |
| ४६ | यातायात व्यवस्था सेवा कार्यालय | श्री श्रीश सम्शेर राना मगर | श्री बलराम ढुंगाना<br>श्री ओम प्रकाश चालिसे |
| ४७ | यान्त्रिक कार्यालय | ई. श्री बाबुराम खरेल | श्री चन्द्र कुमारी बस्नेत<br>श्री टीका धमला |
| ४८ | रेडियो नेपाल क्षेत्रीय, प्रसारण केन्द्र, | | |
| ४९ | व्यावसायिक कृषि तथा व्यापार आयोजना | डा. श्री नरहरि घिमिरे<br>श्री विष्णु प्रसाद शर्मा | श्री पूर्ण बहादुर बुढा |
| ५० | शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय | श्री अम्बादत्त जोशी<br>श्री थम्बराज श्रेष्ठ | श्री परशुराम पराजुली |
| ५१ | शैक्षिक तालिम केन्द्र | श्री नवराज खतिवडा | श्री लक्ष्मी थापा |
| ५२ | सशस्त्र प्रहरी बल, रक्तकाली गण | श्री धर्मानन्द सापकोटा | श्री अर्जुन गुरुङ |
| ५३ | उपत्यका नगर विकास समिति | श्री अम्बादत्त जोशी<br>श्री थम्बराज श्रेष्ठ | श्री परशुराम पराजुली |
| ५४ | सिंचाइ विकास डिभिजन | श्री राजु आचार्य | श्री वसन्तराज श्रेष्ठ |
| ५५ | स्थानीय विकास कोषको सचिवालय | श्री टंक प्रसाद लामिछाने | श्री हेमा सुवेदी |
| ५६ | क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय | श्री चन्द्र बहादुर के.सी.<br>श्री आविद हुसैन | श्री डिलानन्द पोखेल |
| ५७ | क्षेत्रीय संग्रहालय | श्री नवराज अधिकारी | श्री चिरञ्जीवी उपाध्याय<br>श्री राम प्रकाश सापकोटा |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np